# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

कार्यालयको नाम:– श्री जिल्ला विकास समितिको कार्यालय,काठमाडौं । कार्यालय प्रमुख:– स्था.वि.अ.श्री गोपाल प्रसाद पराजुली

आर्थिक वर्ष – २०६८।६९ स्था.वि.अ.श्री उद्धव प्रसाद तिमल्सेना

बजेट उपशीर्षक नं.:– जिल्ला विकास समिति स्था.वि.अ.श्री प्रेमराज जोशी

लेखाप्रमुख:– लेखा अधिकृत श्री तारा प्रसाद सापकोटा

लेखा अधिकृत श्री केदार प्रसाद अर्याल

## आर्थिक कारोबारको संक्षिप्त स्थिति

| सि.नं. | वजेट उपशिर्षक नम्वर | गतवर्षको जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा आम्दानी | खर्च | बाकी | खर्चमध्ये पेश्की वांकी |
|---|---|---|---|---|---|---|---|
| १. | **जि.वि.स.** | **४,९८,८०,८१३/१२** | **७९,२५,१५,५९६/५७** | **८४,२३,९६,४०९/६९** | **७४,२७,६९,२०२/६०** | **९,९६,२७,२०७.०९** | - |

उपर्यूक्त अनूसार आर्थिक कारोबारको पेश भएसम्मको श्रेस्ताका आधारमा लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरुका सम्वन्धमा कार्यालयका सम्वन्धित पदाधिकारीहरुसंग मिति २०६९।१०।२९ मा छलफल गरी कायम हून आएका व्यहोराहरु निम्नानूसार रहेका छन् ।

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

**परिचय** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (२) बमोजिम जिल्ला विकास समिति,काठमाडौंको आर्थिक वर्ष २०६८।६९ को लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन तयार गरिएको छ ।

१ **आय–व्ययको स्थिति** – आ.व.२०६८।६९ को आय–व्ययको स्थिति निम्नानुसार रहेको छ ।

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | सि.नं. | विवरण | रकम |
| १ | गत वर्षको जिम्मेवारी | ४,९८,८०,८१३/१२ | १ | बजेट खर्च | २६,४४,८१,९५२/६७ |
| २ | **नेपाल सरकारको अनुदान** | | २ | भारतीय सहयोग कार्यक्रम | १,२८,७१,३०८/- |
| | (क) जि.वि.स.अनुदान चालू/पूंजीगत | ६,९३,७६,३१२/- | ३ | अन्य निकाय खर्च | १,५९,५३,१४८/- |
| | (ख) गा.वि.स.अनुदान चालू/पूंजीगत | १३,०५,४०,५००/- | ४ | धरौटी खर्च | ३६,१२,८२३/- |
| ३ | **आन्तरिक स्रोत** | | ५ | केन्द्रिय बजेट शिर्षक खर्च | ४४,५८,४९,९७०/९३ |
| | (क) कर दस्तुर, सेवा शुल्क र भाडाबाट | ४,७९,५८,१३८/- | ६ | बैंक मौज्दात | ९,९६,२७,२०७/०९ |
| | (ख) राजस्व बांडफांडबाट | ५,६७,०५,८०४/- | | | |
| ४ | भारतीय सहयोग कार्यक्रम | २,६०,८१,२९७/- | | | |
| ५ | अन्य निकायबाट प्राप्त कार्यक्रम/अनुदान | १,०७,९६,१७८/६४ | | | |
| ६ | धरौटी | ५२,०७,३९६/- | | | |
| ७ | केन्द्रिय बजेट शिर्षक | ४४,५८,४९,९७०/९३ | | | |
| | **जम्मा:** | **८४,२३,९६,४०९/६९** | | **जम्मा:** | **८४,२३,९६,४०९/६९** |

## राजस्वतर्फ

| सि.न. | शिर्षक | लगत हसवली | असूली | दाखिला | बांकी | |
|---|---|---|---|---|---|---|
| | | | | | लगत | नगद |
| १ | १५११२ | १४८४७७०/- | १४८४७७०/- | १४८४७७०/- | - | - |

## धरौटीतर्फ

| क्र.सं. | आम्दानी | | | खर्च | | | बांकी |
|---|---|---|---|---|---|---|---|
| | गत वर्षको जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा | सदरस्याहा | फिर्ता | जम्मा | |
| १ | ४४४७२२/९६ | | ४४४७२२/९६ | | १८०३८६/४३ | १८०३८६/४३ | २६४३३६/५३ |

१.१ जि.वि.स.कोष तथा केन्द्रीय शीर्षकको आय व्यय स्थिति अनुसुची १ र २ मा संलग्न छ ।

१.२ उल्लेखित आय–व्यय विवरणमा वर्तमान विकेन्द्रित व्यवस्था अनुसार जिल्लास्थित विभिन्न कार्यालयहरु लाई निकासा दिएको रकम समावेश गरिएको छैन ।

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्यौंटको विवरण | रकम |
|---|---|---|---|---|---|
| १.३ | | आन्तरिक श्रोत कर दस्तूर, सेवा शूल्क, राजश्व बांडफांड रकम लेखाशाखामा आम्दानी गरेको आयलाई मात्र समावेश गरिएको छ । | | | |
| २ | | **बैंक हिसाव बिबरण :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४३(५) अनुसार जिल्ला विकास समितिको आफ्नो आम्दानीको रकम आगामी आ.व. लागि जिम्मेवारी सारी लेखा राख्नु पर्ने व्यवस्था छ ।<br>कार्यालयले निम्न बमोजिम आ.व.को अन्त्यमा स्रेस्ता अनुसार रु.९,९६,२७,२०७।०९ मौज्दात देखाएकोमा बैंक अनुसार रु.१०,१६,०८,४०२।०६ रहेको प्रस्तुत बैक प्रमाणहरुबाट देखिन्छ ।<br>जिल्ला विकास समितिले यसरी बढी बैंक मौज्दात देखाएकोमा बैंक समायोजन हिसाब तयार नगरी लेखा अद्यावधिक नगर्नु नै मुख्य कारण रहेको पाइन्छ ।<br>यसरी बैंक समायोजन हिसाब तयार नगरी फरक मौज्दात देखाउनाले आर्थिक अभिलेख सारपूर्ण नहुने अवस्था रहन्छ ।<br>कार्यालयको स्रेस्ता अनुसार आर्थिक वर्षको अन्त्यमा रु.९,९६,२७,२०७।०९ मौज्दात बांकी देखाएकोमा पेश भएको बैंक मौज्दात विवरण अनुसार रु. १०,१६,०८,४०२।०६ मौज्दात देखिएकोले रु.१९,८१,१९४.९७ बढी बैंक मौज्दात रहेको रकम सम्बन्धमा बैंक समायोजन हिसाब तयार गरी बढी देखिएको रकम आम्दानी बांधी स्रेस्ता अद्यावधिक गर्नुपर्ने देखिएको रु | १९,८१,१९४।९७ | | |
| ३ | | **मौज्दात जिम्मेवारी:** गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार यस आ.व.को लागि रु४,९९,१६,३०७।१२ मौज्दात जिम्मेवारी सार्नु पदर्छ । कार्यालयले यस वर्ष रु.४,९८,८०,८१३।१२ सारेकोले रु.३५,४९४।०० घटी जिम्मेवारी सारेको पाइयो । खातागत रुपमा भिडान गरी घटि बढी समेत पत्ता लगाई जिम्मेवारी नसारेको कारण यस्तो भएको देखिन्छ । यसबाट मौज्दात रकम यथार्थपरक नहुने स्थिति रहन्छ । घटि मौज्दात जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाव मिलान गर्नुपर्ने देखिएको रु. | ३५,४९४।०० | | |
| ४ | | **सापटी सम्बन्धमा:-** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ मा सापटी ल्याइ खर्च गर्ने प्रावधान रहेको पाइदैन । चांपाबोट उ.मा.वि.खाताबाट रु.५०,००,०००।०० नेपाल खाद्य संस्थान ,खाद्य प्रयोगशाला भवन निर्माण खातालाई दिएको सापटी फिर्ता प्राप्त गर्न र महेन्द्र राष्ट्रिय मा.वि.खातालाई रु.९,२१,४४८।०० नेपाल खाद्य संस्थान , खाद्य प्रयोगशाला भवन निर्माण खाताबाट दिएको सापटि रकम फिर्ता गर्न बांकी रहेको पाईयो । | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | निकासा ढिला आएकोले सापटी ल्याई खर्च गरिएको भनि कार्यालयको भनाई रहेको छ । एउटा शिर्षकबाट सापटी ल्याउने अनि त्यही रकम फेरी पुनः अर्को शिर्षकमा लगि खर्च गर्ने र समयमा सापटी सोधभर्ना गर्ने परिपाटीको विकास नहुनुले यस्तो भएको पाईन्छ । यसवाट समग्र जिविसको आय-व्ययमा त्यसले प्रभाव पार्ने समेत देखिन्छ । सापटी रकम समयमै फिर्ता गरी हिसाव किताव अद्यावधिक गरी आर्थिक प्रशासन चुस्त दुरुस्त राख्नुपर्नेमा सो अनुरुप हुने गरेको छैन । सापटी रकम फिर्ता गरी हिसाव अद्यावधिक गर्नुपर्दछ । | | | |
| ५ | | **धरौटी सम्बन्धमा** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम १७८ नियम अनुसार श्रेस्तामा भन्दा बैकमा बढी मौज्दात रहेको रकम आम्दानी बांधनु पर्ने व्यवस्था छ ।<br>गत वर्षको धरौटी मौज्दात रु.१२३१२५५१।२ रहेको र यस वर्ष रु.५२०७३९६।०० थप भई रु.१७५१९९४७२५ रहेकोमा रु.३५१७९३४।०० फिर्ता र रु.८५०००।०० सदरस्याहा भई रु.१३९०७१२४।२५ बांकी देखिएको छ ।<br>कार्यालयबाट पेश भएको आर्थिक विवरण अनुसार २०६९ आषाढ मसान्तसम्म रु.१३९०७१२४।२५ श्रेस्ता अनुसार मौज्दात बांकी रहेकोमा प्राप्त बैंक मौज्दात विवरण अनुसार रु.१४५८४००८।१८ बांकी देखिएकोले फरक रकम रु.६७६८८३।९३ बैंक मौज्दात बढि देखिएको छ । धरौटी खातामा रकम दाखिला गरेको र बैंक भौचर कार्यालयमा प्राप्त नभएकोले बैंक खातामा मौज्दात बढि देखिएको भनी कार्यालयले जनाएकोले कार्यालयवाट समयमै खोजी नगुर्न नै मुख्य कारण रहेको देखिन्छ ।<br>यसरी श्रेस्ता भन्दा बढी धरौटी रकम बैंकमा रहदा हिनामिना हुन सक्ने र धरौटी हिसाव स्पष्ट नहुने अवस्था रहन सक्दछ । यसरी श्रेस्तामा भन्दा वढी रहेको धरौटी रकम एकिन गरी श्रेष्ता अद्यावधिक गर्नुपर्ने रु. | ६,७६,८८३।९३ | | |
| ६ | | **पेश्की सम्वन्धमा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (१) मा पेश्की लिनु पर्दा कुन कामको लागि के कती रकम चाहिने हो सो को विवरण पेश गर्नु पर्ने, नियम १८२ (२) मा अधिकार प्राप्त अधिकारीले सम्वन्धित कामको लागि आवश्यक पर्ने भन्दा वढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन तथा गैर कर्मचारीको हकमा त्यस्तो व्यक्तिको तीन पुस्ते, स्थायी र अस्थायी ठेगाना समेत स्पष्ट लेखी पेश्की दिनुपर्ने, नियम १८२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । त्यस्तै नियम १८५(२) मा पेश्की दिनुपर्ने ठेक्का कबुलियतनामा गर्दा काम तामेल हुनुपर्ने भनी तोकिएको म्याद भित्र काम तामेल नभई पेश्की बांकी रहन गएमा त्यस्तो पेश्की रकमको म्याद नाघेको मितिदेखि बार्षिक दश प्रतिशतका दरले साँवा र ब्याज समेत बुझाउनु पर्ने कुरा कबुलियतनामाको शर्तमा उल्लेख हुनुपर्ने व्यवस्था छ । नियमावलीको प्रावधान पुरा नगरी निम्न संघ संस्था, व्यक्तिहरुलाई निम्न बजेट शिर्षकका कार्यक्रमहरुबाट निम्नानुसार पेश्की दिएको पाईयो । आर्थिक वर्षको अन्त्य | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

सम्ममा फछ्र्यौट नभई बांकी रहेको कोष तर्फको बिभिन्न शिर्षक अन्तर्गतको पेश्की यस प्रकार छ ।

| सि.नं. | पेश्की लिनेको नाम | पेश्की रकम | बजेट उपशिर्षकको नाम |
|---|---|---|---|
| १ | कर्मचारी अष्टकुमार महर्जन | २०,०००/- | जि.वि.स. आन्तरिक कोष |
| २ | गा.वि.स.राष्ट्रिय महासंघ | १,००,०००/- | जि.वि.स. आन्तरिक कोष |
| ३ | ग्रामिण चौथौ चक्रपथ सडक | ६,६०,०००/- | जि.वि.स. आन्तरिक कोष |
| ४ | टोखा खानेपानी निर्माण उ.स. | २,४७,०००/- | जि.वि.स. आन्तरिक कोष |
| ५ | प्राकृतिक स्रोत तथा कृषि | ५०,०००/- | जि.वि.स. आन्तरिक कोष |
| ६ | गोङबु धनेश्वर साङ्ला | १,८९,०००/- | जि.वि.स. आन्तरिक कोष |
| | **जम्मा** | **१२,६६,०००/-** | |

| सि.नं. | पेश्की लिनेको नाम | पेश्की रकम | बजेट उपशिर्षकको नाम |
|---|---|---|---|
| १ | डि.एस.पृथ्वि ज्वाइन्ट भेन्चर | ३१,००,०००/- | चापाबोट उच्च मा.वि.भारतिय दुतावास सहयोग |
| | **जम्मा** | **३१,००,०००/-** | |

| सि.नं. | पेश्की लिनेको नाम | पेश्की रकम | बजेट उपशिर्षकको नाम |
|---|---|---|---|
| १ | गणेशमान सिंह तथा जनआन्दोलन शहिद स्मृति शान्ति पतिष्ठान | ४,८५,०००/०० | जि.वि.स.अनुदान |
| २ | तिनथाना विष्णुदेवी मच्छेगाउं सडक नि.उ.स. | ७,७६,०००/०० | जि.वि.स.अनुदान |
| | **जम्मा** | **१२,६१,०००/-** | |
| | **कुल जम्मा** | **५६,२७,०००/-** | |

ढिलो गरी बजेट खर्च गर्ने अख्तियारी प्राप्त हुने, आर्थिक बर्षको अन्त्यतिर आएर योजना सम्झौता हुने र पेश्की फछ्र्योट नगर्ने व्यक्ति, संघ, संस्थालाई नियमावलीको प्रावधान अनुसार कारवाही नहुनाले तोकिएको समयमा पेश्की फछ्र्योट नगरी आलटाल गर्ने प्रवृत्तिले पेश्की रकममा बृद्धि भएको देखिन्छ । समयमा पेश्की फछ्र्यौट नगर्ने प्रवृत्तिले तोकिएको समयमा योजनाहरु सम्पन्न नहुने, लक्षित समयमा काम नगरी सरकारी रकम व्यक्तिले आफ्नो साथमा राखी प्रयोग गर्ने तथा बेरुजुको प्रतिवेदनमा समेत कार्यालयको फछ्र्योट गर्न बांकी पेश्की रकमले ठूलो हिस्सा ओगटेको देखिन्छ । आगामी दिनमा कानूनले तोके अनुसार प्रयोजन र कारण सहित पेश्की दिने, समयमै फछ्र्योट गर्न ताकेता गर्ने जस्ता उपायहरु अवलम्बन गरी पेश्कीको मात्रा घटाउने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्नाको साथै उल्लेखित पेश्की नियमानुसार फछ्र्योट हुनुपर्ने रु. — रकम: ५६,२७,०००/-

७ **पेश्की जिम्मेवारी सम्बन्धमा –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम १९१ अनुसार पेश्की बांकी रकम जिम्मेवारी सार्नु पर्ने व्यवस्था छ । कार्यालयबाट पेश भएको विवरण अनुसार गत वर्ष सम्मको कोष तर्फको पेश्की रु.५,९९,६७,७३५।१५ र केन्द्रतर्फ २०६७६८ को मात्र रु.३,६३,५०,२००।०० समेत रु.९,६३,१७,९३५।१५पेश्की

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | जिम्मेवारी सारेकोमा यस वर्ष कोष तर्फको रु.१,७८,६०,४६६।०० फछ्र्यौट गरी रु.४,२१,०७,२६९।१५ र केन्द्रतर्फ रु.३,४७,२९,८००।०० फछ्र्यौट गरि रु.१६,२०,४००।०० पेश्की बांकी रहेकोमा यस वर्ष केन्द्रतर्फको रु.१,०४,८०,५५०।०० र कोषतर्फको रु.५६,२७,०००।०० समेत रु.१,६१,०७,५५०।०० थप भई जम्मा पेश्की रु.९,२९,४४,६१९।१५ बांकी रहेको छ । गत विगत देखि केन्द्रतर्फको पेश्की बांकी लगत नराखेको कारण कार्यालयको कूल पेश्की बांकी रकम यकिन गर्न सकिएन । यसवाट पेश्कीको अभिलेख यथार्थपरक र वास्तविक छ भन्न सक्ने स्थिति रहको छैन । गत वर्षको यथार्थ पेश्की रकम यकिन गरी जिम्मवारी अभिलेख व्यवस्थित गर्नुपर्दछ । <br><br> कार्यालयले पेश्की दिएको मिति राखि अभिलेख राख्नु पर्दछ । कार्यालयले सफ्टवेयर प्रयोग गरी लेखा राखेकोमा गत विगत वर्ष पेश्की बांकी हुनेको नाममा यो वर्ष पनि पुन: पेश्की उपलव्ध गराइएमा पेश्की बांकीको विवरणमा सम्पूर्ण पेश्कीको मिति आर्थिक वर्षको पहिलो दिन अर्थात श्रावण १ गते उल्लेख भई प्रतिवेदन तयार हुने गरेको पाइयो । यसरी गलत मिति उल्लेख गरी प्रतिवेदन हुनेगरेको कारण म्याद नाघे ननाघेको हिसाब गर्न तथा व्याज असुल गर्न द्विविधा पर्न जाने देखियो । अत: सफ्टवेयरमा भएको कमजोरीको सुधार हुनुपर्ने देखियो । | | | |
| ८ | | **प्रशासनिक खर्च –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत वजेटको परिधिभित्र रही जिल्ला विकास समितिले कर, शूल्क, सेवा शुल्क, दस्तुर र भाडावाट उठाएको कुल रकमको वार्षिक क्रमश: रु.२५ लाखसम्म, रु.२५ देखि ५० लाखसम्म, रु.५० लाखदेखि रु.१ करोडसम्म र रु.१ कराडभन्दा बढी वार्षिक आय हुने जिल्ला विकास समितिले क्रमश: ६०, ४०, ३० प्रतिशत र अधिकतम २५ प्रतिशतसम्म प्रशासनिक कामको लागि खर्च गर्न पाउने व्यवस्था छ । <br><br> जिल्ला विकास समितिले यस वर्ष कर दस्तूर, सेवा शूल्क, भाडा आदिबाट भएको असुली रु.४१४३६६३५।– को २५ प्रतिशतले हुने रु.१०३५९१५९।- खर्च गर्न सक्नेमा रु.२६६२६४२३ ।- खर्च भएको जनाएको छ । <br><br> प्रशासनिक खर्च बढी हुनुमा आन्तरिक श्रोतबाट व्यहोर्नु पर्ने कर्मचारी बढी रहनु र कर्मचारीलाई दिईने थप सुविधा भत्ताका कारण खर्च बढेकोले प्रशासनिक खर्च बढी भएको देखिन्छ । <br><br> तोकिएको सीमा भन्दा बढी प्रशासनिक खर्च हुदा निर्माण सुधारका कार्य गर्ने श्रोततर्फ कम रकम बांडफांड गर्नुपर्ने हुन्छ । नियमले तोकेभन्दा बढी रु.१६२६७२६४।– प्रशासनिक खर्च लेखेको नियमानुसार भएको नदेखिएको रु. | १,६२,६७,२६४।– | | |
| ९ | | **आन्तरिक लेखापरिक्षण –** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (१) अनुसार जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गर्नुपर्ने व्यवस्था छ । <br><br> यस जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गरेको छ । अन्तिम लेखापरीक्षण हुंदा आन्तरिक लेखापरीक्षण प्रतिवेदनले पेश्की बेरुजु मात्र औंल्याएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म सो पेश्की फछ्र्यौट गरेको पाईएन । आन्तरिक लेखापरीक्षण शाखाबाट आय-व्यय र धरौटीको श्रेस्ता मासिक रुपमा | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | लेखापरीक्षण गर्नुपर्नेमा चौमासिक रुपमा लेखापरीक्षण गरी बार्षिक रुपमा प्रतिवेदन दिने गरेको पाइयो । | | | |
| | | जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षकले गा.वि.स.को र विकेन्द्रित कार्यालयको पनि आन्तरिक लेखापरीक्षण समेत जि.वि.स. कै लेखापरीक्षकवाट हुने हुंदा कार्यवोझको कारणले समयममै आ.ले.प. गर्न नसक्नु, आ.ले.प.का कर्मचारीहरुलाई प्रभावकारी तालिमको व्यवस्था नहुनु जस्ता कारण रहेको देखिन्छ । | | | |
| | | आन्तरिक लेखापरीक्षकले प्रभावकारी लेखापरीक्षण गरी सो को प्रतिवेदन दिन नसक्दा आर्थिक प्रशासनमा अपेक्षाकृत सुधार हुन सकेको देखिएन । | | | |
| | | नियमको प्रावधान अनुरुप मासिक रुपमा लेखापरीक्षण गर्ने, सो को प्रतिवेदन दिने र प्राप्त प्रतिवेदनको आधारमा भएका कमी कमजोरीलाई सुधार गर्ने तर्फ आन्तरिक लेखापरीक्षकको साथै सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ । अन्तिम लेखापरीक्षण हुंदासम्म आन्तरिक लेखापरीक्षण प्रतिवेदन मा समावेश निम्न व्यहोरा उपर कारबाही भएको पाइएन । | | | |
| | | क) इन्धन खर्चवापत रिपुमर्दिनी पेट्रोल पम्पलाई रु.१८८९४६।०० भुक्तानी गरेकोमा लगवुक संलग्न नभएको रु. | १८८९४६।०० | | |
| | | ख) आलापोट जनमार्ग उ.स.लाई रु. ४१२०००।०० पे.फ. गरी रु. ३१२४।०० अग्रिम आयकर कट्टी गरी रु. ४७,०७८७६।०० भुक्तानी गरिएकोमा मूल्यांकन र नापी किताव संलग्न नभएको । | | | |
| | | ग) वातावरण व्यवस्थापन तथा दिगो विकास मन्चलाई रु. ४४९४६६।०० पे.फ. गरी रु. १३४८४।०० कर कट्टी गरी रु. ५५२८४३।०० भुक्तानी गरिएकोमा उक्त संस्थाबाट मिति २०६८।१।२५ को सम्झौता पत्रको दफा १ र दफा २ अनुसार चरणवद्धको कार्यक्रम प्रगति विवरण पेश गर्नु पर्ने | | | |
| | | घ) वालाजु-मनमैंजु-मनमैंजु-धर्मस्थली-जितपुरफेदी-ओखरपौवा मोटर वाटो उ.स.लाई रु. ९६५४९५।०० भुक्तानी गरिएकोमा उक्त योजनाको म्याद मिति २०६८।७।२८ मा कार्यसम्पन्न गर्नुपर्नेमा मूल्यांकन २०६८।१०।१५ मा कार्यसम्पन्न नभएकोले म्याद नाघेपछि भुक्तानी दिएको र साथै इष्टमेट र मूल्यांकनमा कामको परिमाणमा काम गरेको धेरै अन्तर हुँदा पुनः इष्टमेट गर्नुपर्नेमा रिभाईज इष्टमेट संलग्न नगरेको । | | | |
| | | ङ) जिल्ला विकास समितिबाट आ.व. २०६८/०६९ मा विभिन्न योजनाहरु विभिन्न मिति र भौचरबाट योजनाको रकम भुक्तानी गर्दा नापी किताव संलग्न नभई भुक्तानी गरेको । | | | |

| क्र.सं. | मिति | गो.भा.नं. | रकम रु. | योजनाको नाम |
|---|---|---|---|---|
| १ | २०६९/३/१९ | १८६ | २१७२७५ | गोदाम चन्द्रागिरी सडक |
| २ | ०६९/३/२८ | २०४ | २८५८५ | तीनधारा राजकुलो मार्ग |
| ३ | ०६९/३/२८ | २०६ | ११६३८१ | गेहेन्द्र मातातीर्थकुण्डजाने वाटो |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | च) थानकोट त्रिवेणी मार्ग उ.स.बाट र जिल्ला विकास समितिको आन्तरिक स्रोततर्फको मिति २०६९।१।२७ मा | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

सम्झौता गरी जि.वि.स.कोषबाट ल.ई.रु.३०३५५७४।८६ भई जि.वि.स.ले रु.२४२५००।०० दिने सम्झौता भएको पाइन्छ । सम्झौता वमोजिमको भुक्तानी जि.वि.स.बाट मिति २०६९।३।१७ मा रु.१०५३००।०० मिति ०६९।३।२ मा रु.१३७२०००।०० गरी रु.२४२५००।०० भएको पाईन्छ । सोही योजनाको हकमा मिति २०६८।१।५ मा रु.२२६६९५०।१३ को इष्टमेट भएको र एल.जि.सि.डि.पि.शिर्षकबाट रु.१७००००।०० व्यहोर्ने सम्झौता भई मिति २०६८।१।५ मा रु.५६१०००।०० पेश्की दिई मिति ०६८।३।६ मा रु.५६१०००।०० पे.फ.गरी रु.२८९०००।०० पुन पेश्की दिई मिति ०६८।६।९ मा रु.२८९०००।०० पे.फ.गरी रु.८५००००।०० भुक्तानी भएको पाइयो । एकै ठाउँमा एउटै योजनालाई एउटै उपभोक्ता समिति संग सम्झौता गरी योजना संचालन गरेकोमा उक्त योजना कुन ठाउँदेखि कुन ठाउँसम्म कुन शिर्षकबाट काम भएको हो नखुलेकोले शीर्षक अनुसार चेनेज खुलाई काम हुनुपर्ने ।

छ) धारापानी पटाप मेलम्ची सडक उ.स.लाई रु.७३०६।०० कर कटाई रु.४,७६,६९४।०० भुक्तानी गरेको पाइयो । कार्यसम्पन्न फाराममा प्रमुख जिल्ला इन्जिनियरले इन्जिनियर खगेन्द्र दाहाललाई इष्टमेटमा भेरियसन सहितको पेश गर्ने भनी तोक आदेश भएकोमा भेरियसन नगरी गरिएको मूल्यांकन वमोजिम गर्नु पर्नेमा तपशिलको बढी भेरियसन स्वीकृत नभई ईष्टमेट भन्दा फरक आइटमको भुक्तानी भएको ।

| इष्टमेट नं. | हुनुपर्ने काम | भएको काम | कामको रकम रु. |
|---|---|---|---|
| 1 | ९५२.५ | ९५२.५ | ५५२६७.६० |
| 2 | २३४.५ | १९३.५ | ४०७४५३.०० |
| 3 A | ८.०५ | ४.५३ | ८१६.५० |
| B | २.४२ | १.८१ | ४००७.७० |
| c | ४.७८ | १.२२ | ७८१६.३० |
| d | ४७.८ | १११.१४ | २५८२२२.७ |

ज) चामुण्डा उ.मा.वि.लाई रु.४७६८८०।०० भुक्तानी गरेकोमा निम्न विषयमा स्पष्ट नभई भुक्तानी भएको पाइयो ।

**<u>प्र.जि.ई.बाट भएका निर्देशन :</u>**

१) भुक्तानी जानकारी जि.सि.का.लाई जानकारी पठाउनुपर्ने ।
२) जिल्ला शिक्षा कार्यालयबाट भुक्तानी भए नभएको जानकारी माग गर्ने ।
३) जिल्ला शिक्ष कार्यालयमा भएको सम्झौता समेत पेश गर्ने ।

झ) राम वद्री खानेपानी उपभोक्ता समितिलाई रु.१७८२।०० कर कट्टी गरी रु.२०००।०० मिटर पाईपसमेतको रु.२२०३१८।०० भुक्तानी गरेकोमा १४०० मिटर पाईप मात्र जडान गरिएको भनी कैफियत उल्लेख गरे तापनि बाँकी ६०० मिटरको पाईपको रु.३२,४३०।०० असूल गरेको नपाइएको रु.

रकम: ३२,४३०।००

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | ञ) चण्डेश्वरी मन्दिर फैडोल मालुङ्ग झोरमहांकाल सडक उ.स.लाई रु.१४,७८७।०० अग्रिम कर र रु.५५००।०० वहाल कर कट्टी गरी रु.८३५,५१३।०० भुक्तानी गरेकोमा कर कट्टि गरी रु.८,३१,२०८।०० मात्र भुक्तानी गर्नुपर्ने हुँदा रु.४३०५।०० घटी कर कट्टी गरेको रकम असुल गर्नुपर्ने । | ४३०५।०० | | |
| | | ट) नैकाप वल्खु पुल सडक निर्माण उपभोक्ता समितिलाई रु. १७२०००।०० पे.फ. गरी रु.९४६४।०० कर कट्टी गरी रु.३४२३३३६।०० भुक्तानी गरिएकोमा नापी किताव नभएकोले नापी किताव संलग्न गर्नुपर्ने । | | | |
| | | ठ) जिल्ला विकास समितिको आन्तरिक राजश्व शाखाबाट आ.व. २०६८।०६९ मा रसिद नं.५६२०१ देखि ६४२५० सम्मको आन्तरिक स्रोतको दैनिक किताव अनुसार रु. १०,१८,३८,५५३।५० देखिन्छ । शिर्षकगत खाताबाट रु.१०,१८,३४,५४४।६९ भएकोमा फरक अंक रु.४,००८।८१ के कारणले फरक परेको हो स्पष्ट पार्नुपर्ने । साथै दैनिकी आय किताव र शिर्षकगत खाता हिसाब स्पष्ट देखिने गरी राख्नुपर्ने । र रसिद काट्ने कार्वन पेपर राखेकोमा रसिद भिडाउँदा कार्वनको अंक स्पष्ट नदेखिएकोले कार्वन पेपर प्रयोग गर्दा अंक र अक्षरमा स्पष्ट देखिने गरी कार्वन पेपर प्रयोग गर्नुपर्ने रु. | ४,००८।८१ | | |
| | | ड) जिल्ला विकास समितिको आ.व.२०६८/०६९ मा वैंक खाता नं. ३४०३०३ मा रु. ४७९५८१३८।१० र खाता नं.३४०३०२ मा रु.५६७०५८०४।०० गरी जम्मा १०४६६३९४२।१० आम्दानी भई वैंक दाखिला भएको देखिन्छ तर राजश्व शाखाबाट दैनिकी रजिष्टरबाट रु.१०१८३८५५३।५० मात्र आम्दानी भएकोले वैंक खाता र कार्यालयको खाताको आम्दानी फरक अंक रु.२८२५३८८।६० भएकोले के कारणले फरक परेको हो स्पष्ट पार्नुपर्ने । | | | |
| | | ढ) जिल्ला विकास समितिले धरौटी फिर्ता गर्दा धरौटी कुन प्रयोजनको लागि धरौटी राखिएको हो ? धरौटी राखिएको प्रयोजनको कार्यान्वयनको प्रगति कस्तो भयो सो सम्वन्धी शाखाबाट प्रयोजन र कार्यान्वयन भए नभएको स्पष्ट खुल्ने गरी धरौटी राख्ने व्यक्तिको परिचय गराउने कागजपत्र राखी धरौटी फिर्तागर्नु गराउनु पर्नेमा सिधै निवेदनको आधारमा धरौटी फिर्ता दिने गरिएको पाइयो । धरौटी फिर्ता गर्दा आवश्यक शाखाको सिफारिस र आवश्यक कागजपत्र राख्ने व्यवस्था हुनुपर्ने । | | | |
| | | ण) मिति २०६९।९।२८ गो.भा.नं. ३५ बाट रेश्मा विल्डर्सको धरौटी खातामा जम्मा रहेको ८५०००।०० मिति २०६८।९।२२ को सदर टिप्पणी अनुसार सदर स्याहा गरी खाता नं. ३४०३०३ मा ट्रान्सफर गरिएकोमा सोही मितिको सदर टिप्पणी अनुसार ८३५५८।०० को १० प्रतिशत ले हुने रु. ८३५६।०० थप समेत असुल गर्ने निर्णय भए वमोजिम ९१९१४।०० असुल गर्नुपर्नेमा रु. ८५०००।०० मात्र सदर स्याहा भएको देखिँदा नपुग रकम रु. ६,९१४।०० रेश्मा विल्डर्ससंग असुल गर्नुपर्ने । साथै कर चुक्ता पत्र नलिई धरौटी रकम सदर स्याहा गर्दा ठेकेदारले कर कार्यालयबाट कर विवरण नवुझाउन सक्ने भएकोले राज्य कोषको कर | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | समेत ठगिनेतर्फ ध्यान दिनुपर्ने रु. | ६,९१४।०० | | |
| | | त) कृषि विकास वैंक खाता नं.९९३४४०।०० बाट २०६८ श्रावणदेखि ०६९ आषाढ मसान्तसम्मको रु.२,६२,३६९।३३ व्याज प्राप्त भएको वैंक स्टेटमेण्टबाट देखिएकोले उक्त रकम आम्दानी बाँध्नुपर्ने रु. | २,६२,३६९।३३ | | |
| | | आन्तरिक लेखापरीक्षण प्रतिवेदन माथि सबै बुदाको कारबाही गर्न समय कम रहेको मुख्य कारण रहेको पाइएको छ । प्रतिवेदनको कारवाही यथाशिघ्र नगरीदा हुनसक्ने सुधारहरु नहुने अवस्था रहने गर्दछ । आन्तरिक लेखापरीक्षण प्रतिवेदन माथी आवश्यक कारवाहि गरी फ्छ्यौट गर्नु पर्दछ । | | | |
| १० | | **जिन्सी –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१४ मा कार्यालयले लगत खडा गरी राखिएको मालसामान के कस्तो अवस्थामा छ अधिकार प्राप्त अधिकारीले एक बर्षमा कम्तीमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य छुट्टै कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनु पर्ने व्यवस्था छ । यसै गरी निरिक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम गर्नु पर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नु पर्ने भए सोको लागि बजेट व्यवस्था गरी तीन महिना भित्र गरी सक्नु पर्ने व्यवस्था छ ।<br>कार्यालयले आर्थिक बर्ष ०६८।६९ को जिन्सी निरीक्षण प्रतिवेदन २०६९।५।५ मा गरी पेश भएकोमा सो | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | प्रतिवेदन मा उल्लेख भएको निम्नानुसारको काम कारवाही भए गरेको पाइएन ।<br>१. निरीक्षण फाराममा उल्लेख भएका चालु हालतमा नरहेका बिभिन्न सामानहरु मर्मत, मिन्हा वा लिलाम गर्नु पर्ने भए स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को परिच्छेद १० को कार्यविधि पुरा गरी भण्डार व्यवस्थापनलाई चुस्त पार्नु पर्ने देखिन्छ ।<br>२. क्यामरा, ल्यापटप जस्ता सामानहरु कर्मचारीलाई दिदाँ उक्त सामानहरुको स्पेसिफिकेशन, सिरियल नम्वर, मोडल नं.आदी उल्लेख गरी सहायक रजिष्टरमा राख्नु पर्ने र सोही अनुसार जिन्सी खातामा समेत खुलाई राख्नु पर्ने देखिन्छ ।<br>३. भौतिक परिक्षण गर्दा पहिला प्राप्त भएका जिन्सी सामानहरुको मूल्य खुलाई राखेको देखिएन । नियमानुसार मुल्य खुलाई आम्दानी जनाउनु पर्दछ ।<br>४. कार्यालयका कोठाहरुमा प्रयोगमा रहेका जिन्सी लगायतका सामाग्रीहरुलाई सांकेतिक नम्वर एव्म कोठामा भएका सामाग्रीको विवरण कोठा कोठामा तयार गरि राख्नुपर्ने देखिन्छ ।<br>जिन्सी व्यावस्थापन गर्न व्यवस्था भएका प्रकृया र पद्धतिको परिपालना गर्न कार्यालय सचेत नरहनुको मुख्य कारण पाइन्छ ।<br>यसले गर्दा जिन्सी सामानको वास्तविक अवस्था देखिने स्थिति भएन । यसबाट सरकारी सम्पत्तिको सुरक्षा हुन नसकी हानी नोक्सानी हुन सक्ने देखिन्छ ।<br>अतः उक्त सामान व्यवस्थित गरी राख्ने र काम नलाग्ने तथा मूल्य नखुलेका सामानहरुको लिलाम गरी भण्डार व्यवस्थापनलाई छरितो पार्ने तथा सरकारी सामाग्रीको हानी नोक्सानी हुन नदिने सम्बन्धमा ध्यान पुग्नुपर्दछ । | | | |
| ११ | | **जिन्सी सामान -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २१५ मा नगद,मालसामान,धरौटी र अन्य रकमको लगत श्रेस्ता आदीको जिम्मा लिने स्थानीय निकायका पदाधिकारी कुनै कारणले पदमुक्त हुदां वा त्यस्तो निकायको कर्मचारी सरुवा,बढुवा,अवकास प्राप्त गरी वा अन्य कुनै कारणले अड्डा छोडि जादां वा सो कामबाट अलग हुंदा निजको बरबुझारथ गर्ने कर्तव्य हुनेछ , बरबुझारथ हुदां नगद वा मालसामान ,धरौटी र अन्य रकमको हानी नोक्सानी वा हिनामिना भएको देखिएमा त्यस्तो हानी नोक्सानी वा हिनामिना भएको नगद र मालसामान जिम्मा लिने पदाधिकारी वा कर्मचारीबाट नगदी वा मालसामानको मुल्य र हानी नोक्सानी भएको मिति देखी हालसम्मको दश प्रतिशतका दरले लाग्ने व्याज समेत तलव वा निजले पाउने अन्य जुनसुकै रकम रोक्का गरि असुल उपर गर्नुपर्ने र सो बाट पनि नपुग भएमा सरकारी बांकी सरह असुल उपर गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट पेश भएको विवरण अनुसार पदावधि समाप्त भई सकेका पुर्व पदाधिकारीहरु तथा अन्यत्र सरुवा भई सकेका कर्मचारीहरुका नाममा रहेका निम्न | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

सामानहरु कार्यालयम फिर्ता नभई निजहरुको नाममा जिम्मामा नै रहेको पाईयो ।

| क्र.सं. | दर्जा र नाम थर | लिएको मिति | सामानको विवरण | सामानको संख्या | सामानको मुल्य |
|---|---|---|---|---|---|
| १ | उपसभापति श्री विष्णु प्रसाद सिग्देल | ०६१/३/२२ | मोवाईल सेट | १ | १२५०० |
| २ | सदस्य श्री रविन बस्नेत | ०६१/३/२२ | मोवाईल सेट | १ | १२५०० |
| ३ | सदस्य श्री विद्या सागर गजुरेल | ०६१/३/२२ | मोवाईल सेट | १ | १२५०० |
| ४ | सदस्य श्री रामेश्वर पौडेल | ०६१/३/२२ | मोवाईल सेट | १ | १२५०० |
| ५ | सदस्य श्रीसृजनारानी वर्मा | ०६१/३/२२ | मोवाईल सेट | १ | १२५०० |
| ६ | सदस्य श्री लालकुमार लामा | ०६१/३/२२ | मोवाईल सेट | १ | १२५०० |
| ७ | सदस्य श्री केशव श्रेष्ठ | ०६१/३/२२ | मोवाईल सेट | १ | १२५०० |
| ८ | सदस्य श्री प्रदिप राणा | ०६१/३/२२ | मोवाईल सेट | १ | १२५०० |
| ९ | सदस्य श्री कृष्ण गिरी | ०६१/३/२२ | मोवाईल सेट | १ | १२५०० |
| १० | सदस्य श्री दिपक लामा | ०६१/३/२२ | मोवाईल सेट | १ | १२५०० |
| ११ | सदस्य श्री राजेन्द्र रिजाल | ०६१/३/२२ | मोवाईल सेट | १ | १२५०० |
| १२ | सदस्य श्री आत्माराम भट्टराई | ०६१/३/२२ | मोवाईल सेट | २ | १२५०० |
| १३ | लेखा अधिकृत श्री रुद्रमान बस्नेत | ०६१/३/३१ | मोवाईल सेट | १ | १०४५० |
| १४ | यो.अ.तथा प्र.अ. श्री शालिग्राम रिजाल | ०६१/३/३२ | मोवाईल सेट | १ | १०४५० |
| १५ | सदस्य श्री आत्माराम राजवंशी | ०६१/३/२२ | मोवाईल सेट | १ | १२५०० |
| | | | **जम्मा** | **१६** | **१,८३,४००/-** |

उक्त सामानहरु जिम्मा लिने पदाधिकारी र कर्मचारीले कार्यालयमा फिर्ता दाखिला गर्न चासो नदेखाउनु र कार्यालयले पनि फिर्ता दाखिला गराउन पहल नगर्नु नै फिर्ता दाखिला नभई रहेको हुन सक्दछ । उक्त सामानहरु फिर्ता दाखिला नहुंदा सरकारी सम्पक्तिको हानी नोक्सानी हुने सम्भावना रहेको छ । तसर्थ कार्यालयले उपरोक्त व्यवस्था अनुसार कारवाही गरी फिर्ता दाखिला लिने व्यवस्था गर्न ध्यानपुर्याउनु पर्दछ ।

१२ **जग्गाको स्वामित्व** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २१२ (६) मा स्थानीय निकायको स्वामित्व वा हक भोगमा रहेको चल अचल सम्पत्तिको लगत तयार गरि जिन्सी कितावमा आम्दानी बांधी राख्नुपर्ने व्यवस्था छ । कार्यालयबाट पेश भएको विवरण अनुसार बलम्वु गा.वि.स.मा रहेको जग्गामध्ये १५ रोपनी १२ आना ३ पैसा जग्गाको स्वामित्व कार्यालयको नाममा भएको देखिएन । उक्त जग्गाको स्वामित्व कार्यालयले लिन पहल नगरेको कारणले उक्त जग्गाको स्वामित्व लिन बांकी रहेको हुन सक्दछ । उक्त जग्गाको स्वामित्व नलिने हो भने सरकारी सम्पति हानी नोक्सानी हुने अवस्था रहन्छ । तसर्थ कार्यालयले स्वामीत्व लिन बांकी रहेको जग्गाको खोजी गरी स्वामीत्व लिन आवश्यक पहल गर्नुपर्दछ ।

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td>१३</td><td></td><td> अनुसूचीहरुको प्रयोग – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६० (१) वमोजिम विभिन्न किसिमका अनुसूची फारामहरु राख्नु पर्ने व्यवस्था छ कार्यालयले अनुसूचिमा तोकिएका निम्न अनुसूचीहरु तथा फारामहरु अद्यावधिक गरी राखेको पाइएन ।
<table>
<tr><td>अनुसूची ११</td><td>लगती आय खाता (व्यक्तिगत खाता)</td></tr>
<tr><td>अनुसूची १४</td><td>आन्तरिक श्रोतको लगती असूली विवरण</td></tr>
<tr><td>अनुसूची ३५</td><td>बैंक ग्यारेन्टीका अभिलेख खाता</td></tr>
<tr><td>अनुसूची ६२</td><td>डोर हाजिरी नियन्त्रण खाता</td></tr>
<tr><td>अनुसूची ६७</td><td>आइटमवाइज कार्य अभिलेख खाता</td></tr>
<tr><td>अनुसूची ६८</td><td>ठेकेदार/उपभोक्ता समिति/गैर सरकारी संस्थाको व्यक्तिगत खाता</td></tr>
<tr><td>अनुसूची ७६</td><td>असुल गर्ने रकमको विवरण</td></tr>
<tr><td>अनुसूची ६४</td><td>नापी किताब (नियन्त्रण) अभिलेख खाता</td></tr>
</table>
कामको प्रतिको संवेदनशीलता तथा यसको उपयोगिता सम्वन्धमा मनन हुन नसकेको कारण यी फाराम को प्रयोग हुन नसेकेको देखिन्छ ।
उल्लेखित फारामहरुको प्रयोग नहुंदा कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थामा असर पर्ने स्थिति रहेको छ । नियमले तोकिदिएका फारामहरुको प्रयोग गरी व्यवस्थापकिय कार्य भरपर्दो बनाउनुपर्दछ । </td><td></td><td></td><td></td></tr>
<tr><td>१४</td><td></td><td> <u>आर्थिक कारोबारको निरीक्षण</u> - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम २२२ (२) मा जिल्ला विकास समितिको सचिवले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहयोग लिई गाउं विकास समिति र नगरपालिका तथा आफुले अख्तियारी दिएको कार्यालयको आर्थिक कारोबारको कम्तिमा वर्षको १ (एक) पटक निरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित गाउं विकास समिति, नगरपालिका, जिल्ला विकास समिति, सम्बन्धित मन्त्रालय तथा स्थानीय विकास मन्त्रालयमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ ।
कार्यालयले यस वर्ष गाउं विकास समिति तथा अख्तियारी दिएको कार्यालयबाट गा.वि.स.५७ र नगरपालिका २ र निक्षेपित कार्यालय ४ को आर्थिक कारोबारको निरीक्षण गरी प्रतिवेदन दिने गरेको पाइएन ।
नियमको प्रावधान प्रभावकारी रुपमा कार्यान्वयन नगरिनु नै यसको प्रमुख कारण रहेको देखिन्छ ।
नियमको प्रभावकारी कार्यान्वयन नगरिदा आफूले अख्तियारी दिएको रकमको सही र समुचित रुपमा प्रयोग गरिएको छ छैन सो को जानकारी प्राप्त नुहनुका साथै लक्षित उद्देश्य र कार्यक्रमको लागि दिईएको अनुदान रकम जथाभावी खर्च हुने र लाभग्राही समुह सेवा प्राप्त गर्नवाट बञ्चित हुने अवस्था समेत सिर्जना हुन सक्ने देखिन्छ ।
तसर्थ जिल्ला विकास समितिको सचिवले आफुले अख्तियारी दिएको कार्यालयको आर्थिक कारोबारको कम्तिमा वर्षको १ (एक) पटक निरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित गाउं विकास समिति, नगरपालिका, जिल्ला विकास समिति, सम्बन्धित </td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | मन्त्रालय तथा स्थानीय विकास मन्त्रालयमा पेश गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। | | | |
| १५ | | **फ्रिज :** गाँउ विकास समिति अनुदान संचालन कार्यविधि, २०६७ को नियम ३८ (क) मा प्रत्येक आर्थिक वर्षको अन्त्यमा गाँउ विकास समितिमा निकासा भएको सवै निःशर्त तथा सशर्त, पूँजिगत तथा चालु अनुदान वाट भुक्तानी दिनुपर्ने रकम भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्नू पर्दछ र बचत हुने रकम आर्थिक वर्ष समाप्त हुनु भन्दा कम्तीमा ७ दिन अगाडि कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गरी सो को जानकारी जिल्ला विकास समितिमा दिनुपर्ने व्यवस्था छ।<br><br>कार्यालयबाट गा.वि.स. अनुदान तर्फबाट गाउं विकास समितिहरुलाई निकासा रु.१३,०५,४०,५००।०० दिएकोमा गा.वि.स.अनुदानको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बांकी रहेको विवरण माग गरिएकोमा वचत रकमको विवरण कार्यालयबाट पेश हुन आएन।<br><br>यसो हुनुमा जिल्ला विकास समितिबाट गा.वि.स.लाई दिइएको निकासा बमोजिमका कार्यक्रमहरु कार्यान्वयन भए भएन भनि ऐन र कार्यविधिमा भएको व्यवस्था बमोजिम खोजविन तथा अनुगमन नहुनु नै हो। जसले गर्दा सो वर्ष खर्च नभएको फ्रिज हुनु पर्ने रकम गा.वि.स. को खातामा नै रही रहन सक्ने अवस्था विद्यमान देखिन्छ। अतः गा.वि.स.को खातामा अनुदान निकासा दिएको रकम खोजि गरि संचित कोष दाखिला गर्न गराउन कार्यालयबाट आवश्यक पहल हुनुपर्दछ। | | | |
| १६ | | **योजना हस्तान्तरणः** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १५५ (५) (ज) को प्रावधान अनुरुप उपभोक्ता समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सो को रेखदेख मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ।<br><br>कार्यालयवाट प्राप्त बिबरण अनुसार यस बर्ष संचालित योजनाहरुका अवस्था देहाय अनुसार रहेको छ।<br>(रकम रु.हजारमा) | | | |

| क्र.सं. | कार्यक्रमको विवरण | संचालित योजना संख्या | सम्पन्न योजना संख्या | विनियोजित रकम | सम्झौता रकम (कन्टिन्जेन्सी बाहेक) | खर्च रकम (कन्टिन्जेन्सी बाहेक) | सम्पन्न नभएका योजना संख्या | सम्पन्नमध्ये हस्तान्तरण भएका योजना संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जिल्लास्तरीय सडक | १२ | ० | १९,१०० | १८,४३८ | २,४५३ | १२ | ० | ठे.बाट संचालित १ योजना समेत |
| २ | इलाकास्तरीय योजना | ७ | ० | ७,८०० | ७,४१६ | १,३९९ | ७ | ० | " |
| ३ | मर्मत सम्भार कोष | १ | ० | १५० | १४४ | १२८ | १ | ० | कोटेशनबाट संचालित |
| ४ | पुरक कोष (सडक मर्मत) | १ | | २५० | २४२ | ० | १ | ० | |
| ५ | पर्यटकीय विकास | १ | १ | ३०० | २९१ | २९१ | ० | ० | |
| ६ | आकस्मिक तथा विविध योजना | ३० | ४ | ९,४२५ | ९,१४२ | १,३२० | २६ | ० | कोटेशनबाट संचालित १ योजना समेत |
| ७ | खानेपानी तथा सरसफाइ सम्बन्धी तालिम) | १ | १ | १५० | १५० | १५० | ० | ० | |
| ८ | अन्य योजना | २ | १ | १,००० | ९७० | ३५७ | १ | ० | |
| | **आन्तरिक स्रोततर्फको जम्मा** | **५५** | **७** | **३८,१७५** | **३६,७९५** | **६,०९९** | **४८** | **०** | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | जि.वि.स.अनुदानबाट संचालित योजनाहरू | | | | | | | ० | |
| | क) इलाकास्तरीय योजनाहरू | १४ | १३ | १४,००० | १३,७२४ | १३,२७७ | १ | ० | |
| | ख) LGCDP तर्फका योजनाहरू | २१ | १५ | १८,२०० | १७,६४६ | १६,९१५ | ६ | ० | कोटेशनबाट संचालित २ योजना समेत |
| | ग) लक्षितवर्ग केन्द्रित आयोजनाहरू | २६ | १९ | १७,४०० | १६,८७४ | १६,२३१ | ७ | ० | |
| १० | विद्युत रोयल्टीबाट संचालित आयोजनाहरू | ६ | ५ | ७,२०० | ६,५८६ | ६,५५२ | १ | ० | |
| ११ | जनसहभागितामा आधारित विकास कार्यक्रम | ३९ | ३१ | २१,९०० | २१,२४१ | १९,५५ | ८ | ० | |
| १२ | केन्द्रियस्तरका सडक योजना | ३३ | २४ | १२,०३० | ११,७१० | १०,७९७ | ९ | ० | कोटेशनबाट संचालित १८ योजना समेत |
| १३ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | २० | १८ | १९,४३६ | १८,८३३ | १८,४५४ | २ | ० | ठे.बाट ३ र कोटेशनबाट ३ संचालित योजना समेत |
| १४ | ग्रामीण खानेपानी तथा सरसफाइ आयोजना | ८ | ६ | ४,००० | ३,८८० | ३,७४६ | २ | ० | |
| १५ | साना सिंचाइ कार्यक्रम | ८ | ६ | २,५०० | २,४२२ | २,१३२ | २ | ० | |
| १६ | शान्तिका लागि विकास कार्यक्रम | ७ | १ | ५,००० | ४,८०६ | ३,४८० | ६ | ० | |
| १७ | पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रम | १ | १ | ३०० | २८५ | २८२ | ० | ० | |
| १८ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा व्यवस्था तथा विकास समितिबाट प्राप्त योजना | ४ | ३ | ३५० | ३३९ | ३१४ | १ | ० | |
| १९ | क्षेत्रगत झोलुङ्गेपुल कार्यक्रम | १ | १ | ८०८ | ७७० | ७७० | ० | ० | |
| २० | निर्वाचन क्षेत्र विकास कार्यक्रम | १७८ | १६२ | ३२,९०१ | ३२,९०१ | ३०,२९८ | १६ | ० | |
| | **बाह्य स्रोततर्फको जम्मा** | **३६६** | **३०५** | **१५६,०२६** | **१५२,०२०** | **१४२,८११** | **६१** | **०** | |
| | **कूल जम्मा** | **४२१** | **३१२** | **१९४,२०१** | **१८८,८१५** | **१४८,९११** | **१०९** | **०** | |

उल्लेखित कार्यक्रमहरुको ४२१ योजनाको लागि रु.१९,४२,०१,०००।- विनियोजन गरी रु.१८,८८,१५,०००।- खर्च गरेकोमा ३१२ योजनाहरु सम्पन्न भएको र १०९ योजनाहरु सम्पन्न गर्न बांकी रहेको देखिन्छ । आर्थिक वर्षको अन्त्य सम्म पनि लक्षित योजना मध्ये १०९ योजनाहरु सम्पन्न गर्न वांकी रहेको प्राप्त विवरणवाट देखिन्छ भने सम्पन्न योजनाहरु सम्बन्धित लाभग्राही समुहलाई हस्तान्तरण गरेको पाईएन ।

आर्थिक बर्षको अन्त्य सम्ममा पनि लक्षित योजनाहरु सम्पन्न हुन नसक्नु तथा सम्बन्धित लाभग्राही समुहलाई योजना हस्तान्तरण हुन नसक्नुमा समयमै बजेट निकासा नहुनु, आर्थिक वर्षको अन्त्यमा योजना सम्झौता गरिनुनै प्रमुख कारण देखिन्छ ।

यसरी समयमै योजना सम्पन्न नगरिंदा योजनाको लागत बढ्न जाने, योजनाको प्रभावकारीतामा ह्रास आउने, योजनाको गुणस्तरमा प्रभाव पार्ने, सम्पन्न योजनाहरुको मर्मत सम्भार, रेखदेख तथा स्वामीत्व जिम्मेवारी कसले लिने भन्ने सम्बन्धमा विवाद हुने अवस्था देखिन्छ ।

अतः कार्यालयले समयमै बजेट विनियोजन गरी समयमै कार्य सम्पन्न गर्ने, सम्पन्न योजनाहरु कानून अनुसार सम्बन्धित लाभग्राही समूहलाई हस्तान्तरण गरी सम्बन्धित लाभग्राही समूहलाई विकासमा साझेदार, जिम्मेवार तथा योजनाको मर्मत सम्भार रेखदेखमा जिम्मेवार बनाई योजनाको दिगोपन स्थापित गर्नु पर्दछ ।

**अधुरा योजना –** कार्यालयबाट संचालित सबै योजनाहरु तोकिएकै समयमा सम्पन्न गर्नु पर्दछ । कार्यालयबाट संचालित योजनाहरु मध्ये मुख्य मुख्य निम्न योजनाहरु अधुरा रहेको पाइयो ।

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

## जिल्लास्तरिय सडक आयोजनाहरु

| क्र. सं. | आयोजनाको नाम | कूल ल.ई | विनियोजित रकम | सम्झौता भएको रकम | सम्झौता मिति |
|---|---|---|---|---|---|
| १ | सीतापाइला-रामकोट-भीमढुङ्गा सडक निर्माण | २,०८८,९३२।२२ | १,७००,०००।०० | १,६४९,०००।०० | २०६९।१।२२ |
| २ | सुन्दरीजल चिसापानी गोसाईंकुण्ड सडक निर्माण | १,४५५,०३१।३६ | १,२००,०००।०० | १,१६४,०००।०० | २०६९।२।९ |
| ३ | गणेशमान शान्तिमार्ग (थानकोट–चित्लाङ्ग सडक) निर्माण | १,४५६,१८७।०१ | १,२००,०००।०० | १,१६४,०००।०० | २०६९।२।११ |
| ४ | बालाजू-मनमैंजू-गुर्जेभञ्ज्याङ्ग सडक निर्माण | ४,००५,१६३।३१ | ३,३००,०००।०० | ३,२०१,०००।०० | २०६९।२।१४ |
| ५ | सुन्दरीजल ८ महांकाल मूलखर्क चिसापानी सिन्धुपाल्चोक सडक | १,२११,६५२।८४ | १,०००,०००।०० | ९६९,०००।०० | २०६९।२।१७ |
| ६ | फर्पिङ्ग–हुमानेभञ्ज्याङ्ग सडक निर्माण | ४,०४४,३४३।४२ | ३,३००,०००।०० | ३,२०१,०००।०० | २०६९।२।१७ |
| ७ | बाडभञ्ज्याङ्ग सानोमसिने ठूलोमसिने हुँदै सातघुम्ती धादिङ्ग सडक | १,४५७,३७०।९१ | १,२००,०००।०० | १,१६४,०००।०० | २०६९।२।१९ |
| ८ | जरंकु भेडीगोठ काभ्रेस्थली सडक निर्माण | १,४७८,०२६।५१ | १,२००,०००।०० | १,१६४,०००।०० | २०६९।२।३० |
| ९ | गोङ्गबूं साङ्गला सडक निर्माण | १,४७२,१६७।८७ | १,२००,०००।०० | १,१६४,०००।०० | २०६९।२।३२ |
| १० | वाडभञ्ज्याङ्ग दहचोक भीमढुङ्गा मुड्खु सडक निर्माण | १,४५८,३६४।९८ | १,२००,०००।०० | १,१६४,०००।०० | २०६९।३।१७ |
| ११ | थानकोट-महादेवस्थान-मातातीर्थ-मच्छेगाउं सडक निर्माण | १,६९८,०५४।८४ | १,४००,०००।०० | १,३५८,०००।०० | २०६९।३।१८ |
| १२ | चाल्नाखेल कटुवालदह कुलेखानी सडक निर्माण | १,१६३,८६३।६८ | १,२००,०००।०० | १,०७६,४७४।५७ | २०६९।३।२८ |
| | **जम्मा** | **२२,९८९,१५८।९५** | **१९,१००,०००।००** | **१८,४३८,४७४।५७** | |

## इलाकास्तरीय आयोजनाहरु

| क्र. सं. | आयोजनाको नाम | कूल ल.ई | विनियोजित रकम | सम्झौता भएको रकम | सम्झौता मिति |
|---|---|---|---|---|---|
| १ | चुनिखेल टुपेकदेखि धोवीखोला हुँदै सुन्दरबस्तीबाट स्पेशल जोड्ने सडक निर्माण | २,४६२,५४२।८४ | २,०००,०००।०० | १,९४०,०००।०० | २०६८।१२।३० |
| २ | जीतपुरफेदी काभ्रेस्थली ठांटी कालीदेवी स्कूल हुँदै साङ्गला पुरानो स्टेशन हुँदै न्युरो पुलसम्मको सडक निर्माण | १,८७५,७९८।१८ | १,५००,०००।०० | १,४५५,०००।०० | २०६९।२।१६ |
| ३ | आलापोट सुन्दरीजल जनमार्ग सडक निर्माण | १,५२१,८२२।७९ | १,२५०,०००।०० | १,२१२,५००।०० | २०६९।२।१७ |
| | **जम्मा** | **५,८६०,१६३।८१** | **४,७५०,०००।००** | **४,६०७,५००।००** | |

**आकस्मिक तथा विविध योजनाहरू**

| क्र. सं. | आयोजनाको नाम | कूल ल.ई | विनियोजित रकम | सम्झौता भएको रकम | सम्झौता मिति |
|---|---|---|---|---|---|
| १ | थानकोट खानेपानी योजना | २,७९०,१६०।६९ | २,३००,०००।०० | २,२३१,०००।०० | २०६९।३।११ |

**जनसहभागितामा/निर्वाचनक्षेत्र/शान्तिका लागि विकास कार्यक्रम अन्तर्गतको आयोजना**

| क्र. सं. | आयोजनाको नाम | कूल ल.ई | विनियोजित रकम | सम्झौता भएको रकम | सम्झौता मिति |
|---|---|---|---|---|---|
| १ | पुरानो गुह्येश्वरी मा.वि. भवन निर्माण | २,३८५,३९१।५० | १,९३५,०००।०० | १,८९५,०००।०० | २०६९।२।१९ |

उपरोक्त योजना समयमा सम्पन्न गर्न नसक्नुमा वर्षादको कारण रहेको उल्लेख गरिएको छ । समयमा

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | काम नसक्दा र योजना अधुरा रहँदा लाभग्राही समुहले उक्त योजनाबाट लाभ पाउन नसक्ने अवस्था रहन्छ । तसर्थ कार्यालयले समयमा नै योजना सम्पन्न गर्न ध्यान दिनुपर्ने देखिन्छ । | | | |
| १८ | ६/०६८/९/११ | **राजश्व बांडफांड –** स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २११ को अनुसुची २६ को द्रष्टव्यमा जिल्ला विकास समितिलाई प्राप्त हुने राजश्व बांडफांड वापतको रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाउने व्यवस्था छ ।<br>कार्यालयले यस वर्ष राजश्व बांडफांड ( रजिष्ट्रेशन शुल्क ) खाताबाट रु.१५०००००।०० चालु खर्च खाता नं.३२०१०२ मा ट्रान्सफर गरेको पाइयो ।<br>राजश्व बांडफांडको रकम चालु खर्चमा लग्नाको कारण कार्यालयलाई सो सम्बन्धी जानकारी नरहेको भनाई रहेको छ । राजश्व बांडफांडको रकमबाट चालु खर्चमा रकम ट्रान्सफर गर्दा योजना संचालन गर्न खर्च गर्नुपर्ने रकम चालु प्रकृतिको खर्चमा खर्च गर्नाले विकास निर्माणको कार्यलाई प्रभाव पार्दछ ।<br>तसर्थ कार्यालयले नियममा भएको व्यवस्थाको पालना गरी राजश्व बांडफांडको रकमबाट चालु खर्चमा ट्रान्सफर गरेको नियमानुसार नभएको रु. | १५०००००/- | | |
| १९ | | **मालपोत रकम असुली:** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० (१) को अनुसुची ५ को सि.नं.१.८ मा गाउं विकास समिति र नगरपालिकाहरुले मालपोत संकलन गरी तोकिए अनुसार जिल्ला विकास समितिलाई २५ प्रतिशतले बुझाउनुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयबाट पेश भएको विवरण अनुसार किर्तिपुर नगरपालिका र काठमाडौं महानगरपालिकाबाट मालपोत रकम असुल भएको पाइएन भने गाविसहरुबाट प्राप्त हुनुपर्ने निम्नानुसारको रु.७०७२८८४.११ असुल गर्न बांकी रहेको पाइयो । | | | |

| सि .नं. | गा.वि.स.को नाम | आ.व.०६७।०६८ को बांकी | आ.व.०६८।०६९ को बांकी | जम्मा |
|---|---|---|---|---|
| १ | नाङ्गलेभारे | २२०५४.७५ | ७५४७ | २९६०१.७५ |
| २ | लप्सेफदी | १३५४४२.२५ | ६०४२२.६१ | १९५८६४.८६ |
| ३ | सुन्टोल | ४०४८७.०७ | ३३३४६.९२ | ७३८३३.९९ |
| ४ | पुखुलाछी | ३७६८७.८५ | १८१५०.७५ | ५५८३८.६० |
| ५ | बज्रयोगिनी | २१९६९.७५ | १५५६६.५० | ३७५३६.२५ |
| ६ | ईन्द्रायणी | ३९१७५.५८ | २१०१०.१३ | ६०१८५.७१ |
| ७ | डांछी | ६५८११.७७ | ५८०५५.०१ | १२३८६६.७८ |
| ८ | भद्रवास | २७७२५.४८ | १७८६१.३८ | ४५५८६.८६ |
| ९ | आलापोट | २६०१९ | १२८५४ | ३८८७३.०० |
| १० | गागलफेदी | ७११०७.६४ | ३११४६.७२ | १०२२५४.३६ |
| ११ | सुन्द्ररीजल | २३९८५.१२ | २३३१४.६२ | ४७२९९.७४ |
| १२ | नयांपाटी | ६५८९२.६६ | ५१८६२.६३ | ११७७५५.२९ |
| १३ | बालुवा | ५३३६७.१९ | ४०२००.८९ | ९३५६८.०८ |

| सि.नं. | भौ.नं.र मिति | विवरण | | | | | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १४ | गोकर्णेश्वर | ५०५६३.०३ | ५२२६२.३० | १०२८२५.३३ | | | |
| | | १५ | मुलपानी | ५३१७७.४१ | ६३११४.२६ | ११६२९१.६७ | | | |
| | | १६ | जोरपाटी | १२६२४०.६५ | १३६८७३.७७ | २६३११४.४२ | | | |
| | | १७ | गोठाटार | ७२२१०.०६ | ८२४९५.२७ | १५४७०५.३३ | | | |
| | | १८ | बुढानिलकण्ठ | १७१४६३.३४ | १५७५९७.०४ | ३२९०६०.३८ | | | |
| | | १९ | चुनिखेल | ६६२९९.४६ | ३८६२७.५७ | १०४९२७.०३ | | | |
| | | २० | कपन | ३४७७१.०५ | ३०८३९.१५ | ६५६१०.२० | | | |
| | | २१ | महांकाल | १०१११९ | ८६५४८.५० | १८७६६७.५० | | | |
| | | २२ | धपासी | ६५७११.७९ | २२०९४३.२८ | २८६६५५.०७ | | | |
| | | २३ | खड्का भद्रकाली | ७७६२१ | ९१८६४.४५ | १६९४८५.४५ | | | |
| | | २४ | चपली भद्रकाली | ८५४५६.०३ | ९१२३८.६३ | १७६६९४.६६ | | | |
| | | २५ | टोखा चण्डेश्वरी | ११४६५४.१२ | १४०७०५.७६ | २५५३५९.८८ | | | |
| | | २६ | टोखा सरस्वती | ११६१०३.५३ | १३०३१२.७५ | २४६४१६.२८ | | | |
| | | २७ | गोगंवु | ८३४९९.८३ | ९१००८.९३ | १७४५०८.७६ | | | |
| | | २८ | मनमैजु | ७९६०२.०१ | १००५८९.५८ | १८०१९१.५९ | | | |
| | | २९ | फटुङ्ग | ७५३०१.६१ | ६८१२७.५५ | १४३४२९.१६ | | | |
| | | ३० | भ्रोर महांकाल | ६१८०१ | ८३२५८.२५ | १४५०५९.२५ | | | |
| | | ३१ | साङ्गला | २०४३८.५१ | ११०६०२.७८ | १३१०४१.२९ | | | |
| | | ३२ | काभ्रेस्थली | २००६०५.४० | १३४५३९.९९ | ३३५१४५.३९ | | | |
| | | ३३ | जितपुरफेदी | ६४९२६.३१ | ७४८०९.४५ | १३९७३५.७६ | | | |
| | | ३४ | धर्मस्थली | ८८८७६.७४ | ६६१२१.८३ | १५४९९८.५७ | | | |
| | | ३५ | गोलढुगां | १४६६२३.७९ | १४३५११.५० | २९०१३५.२९ | | | |
| | | ३६ | ईचंगुनारायण | १९९६५८.६४ | १९४६१०.३८ | ३९४२६९.०२ | | | |
| | | ३७ | भिमढुगां | ३३४४२.१५ | ३१२६१.२० | ६४७०३.३५ | | | |
| | | ३८ | रामकोट | १०८५८८.७२ | ७९३५७.२५ | १८७९४५.९७ | | | |
| | | ३९ | सितापाईला | ७८८८९.१६ | ७२३३३.८६ | १५१२२३.०२ | | | |
| | | ४० | स्युचाटार | ३८०६१.५१ | ६४१५३.४१ | १०२२१४.९२ | | | |
| | | ४१ | नैकाप पुरानो | २१३७४.२५ | २१९९९.२५ | ४३३७३.५० | | | |
| | | ४२ | दहचोक | २४२४७.६० | २३७३०.७९ | ४७९७८.३९ | | | |
| | | ४३ | बाडभन्ज्याङ्ग | १५५८२.८४ | १७६४९.६८ | ३३२३२.५२ | | | |
| | | ४४ | थानकोट | ४५२४४.०८ | ३७२९० | ८२५३४.०८ | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| २० | | | ७०,७२,८८४.११ | | |

| | | | | |
|---|---|---|---|---|
| ४५ | महादेवस्थान | ६५३१९.७५ | ८४४६९.७५ | १४९७८९.५० |
| ४६ | बलम्बु | ३४२४९.६६ | ४१६६३.१३ | ७५९१२.७९ |
| ४७ | नैकाप नयां | ३०३३०.६२ | २२५७८.२३ | ५२९०८.८५ |
| ४८ | तिनथाना | ३०३३१.६३ | ३४३२६ | ६४६५७.६३ |
| ४९ | सतुंगल | ४६१०९.२५ | ४५४५४.७८ | ९१५६४.०३ |
| ५० | मातातीर्थ | ३२३७६.२६ | २०४५८.१५ | ५२८३४.४१ |
| ५१ | मच्छेगाउं | २७३५९.४४ | ३२४०५.५१ | ५९७६४.९५ |
| ५२ | टल्कु डुडेचौर | १२६४९.७५ | १३२९९.२५ | २५९४९.०० |
| ५३ | चाल्नाखेल | ३३४७१.१३ | १९४१३.३३ | ५२८८४.४६ |
| ५४ | सेतीदेवी | ३१४४९.२७ | २०७९३.९१ | ५२२४३.१८ |
| ५५ | शेष नारायण | ११७७२.१२ | १०५७५.६२ | २२३४७.७४ |
| ५६ | दक्षिणकाली | १७७४०.६५ | १५९०२.२५ | ३३६४२.९० |
| ५७ | छैमले | २०४३८.५० | ३५३४७.८७ | ५५७८६.३७ |
| | **जम्मा** | **३५४६४७८.७६** | **३५२६४०५.३५** | **७०७२८८४.११** |

जिल्ला विकास समितिलाई गाउं विकास समितिले नियमानुसार बुझाउनु पर्ने रकम नुबझाएको कारण उक्त रकम असुल हुन बांकी रहेको देखिन्छ । उपरोक्तानुसारको रकम असुल नहुँदा जिल्ला विकास समितिको आन्तरिक आयमा कमी भएको छ ।

जिल्ला विकास समितिले नगरपालिका र महानगरपालिकाबाट प्राप्त हुनुपर्ने मालपोत रकम खोजी गरि असुल गर्नुपर्दछ भने गाउँ विकास समितिबाट नियमानुसार प्राप्त गर्नुपर्ने मालपोत रकम आ.व.०६७०६८ र ०६८/६९ को समेत खोजी गरी असुल गर्न बांकी देखिएको रकम असुल गर्नु पर्ने देखिएको रु.

**अबण्डा -** स्थानीय स्वायत्त शासन ऐन, २०५६ को दफा १८८ अनुसार जिल्ला विकास समितिको वार्षिक बजेट योजना तथा कार्यक्रमहरु जिल्ला परिषद्बाट पारित गर्नुपर्ने व्यवस्था छ ।

जिल्ला विकास समितिको कार्यालय, काठमाडौंले २०६८।६९ को लागि मिति २०६७ फाल्गुण २६ मा बसेको जिल्ला परिषद्बाट बजेट तथा कार्यक्रम स्वीकृति गर्दा कार्यक्रम स्विकृत गरि बजेट अवण्डा राखि २०६९।२।२९ मा निम्न कार्यक्रमहरुको लागि बजेट बाडंफाडं गरेको पाइयो ।

(रु.हजारमा)

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | रकम |
|---|---|---|
| १ | संस्कति | ३७५००० |
| २ | दलित जनजाति | २००००० |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | |
|---|---|---|
| ३ | खानेपानी | २४००००० |
| ४ | भुक्षय | ४००००० |
| ५ | महिला | ३५०००० |
| ६ | विद्यालय | ३००००० |
| ७ | स्वास्थ्य | २००००० |
| ८ | अन्य | ९८५०००० |
| | **जम्मा** | **१,४०,७५,०००/-** |

लक्षित कार्यक्रम अनुसार बजेट विनियोजन नगरी अबण्डा शीर्षकमा एकमुष्ट रकम राख्नुमा कानूनको परिपालना नहुनु र स्वविवेकीय रुपमा योजना बांडफांड गर्न वातावरण बनाउनु आदि कारण रहेका छन् ।

अबण्डा शीर्षकमा रकम विनियोजन गर्दा पहुंच र प्रभावका आधारमा कार्यक्रमहरु सञ्चालन हुनसक्ने, कुनै कार्यक्रममा आवश्यकताभन्दा बढी रकम खर्च हुनसक्ने र कुनैमा बजेटको अभाव भई कार्यक्रम नै अधुरो हुनसक्ने अवस्था रहन्छ ।

आगामी वर्षहरुमा जिल्ला परिषद्बाटै कार्यक्रमगत रुपमा बजेट बांडफांड गरी लक्षित कार्यक्रमहरु समयमै सम्झौता गरी कार्यान्वयन हुने, पहुंच र प्रभावका आधारमा कार्यक्रम सञ्चालन नहुने, कार्यक्रम सञ्चालन गर्दा बजेटको सुनिश्चितता गर्न अबण्डा शीर्षकमा बजेट एकमुष्ट राख्ने प्रणालीको अन्त्यमा हुनु जरुरी देखिन्छ ।

२१ **सम्भाव्यता अध्ययन -** आर्थिक कार्यविधि, नियमावली, २०६४ को नियम २२ मा रु १५ लाख भन्दा बढीका विकास आयोजनाको संभाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेत विचार गरी योजना छनौट गर्नुपर्ने र यरी स्वीकृत आयोजना कार्यन्वयन गर्नको लागि विस्तृत सर्भेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ ।

कार्यालयले उपरोक्त व्यवस्था अनुसारको सम्भाव्यता अध्ययन र आर्थिक तथा प्राविधिक अध्ययन प्रतिवेदन तयार नगरी यस वर्ष निम्न २२ वटा योजना छनौट गरी संचालन गरेको पाइयो ।

| सि. नं. | योजनाको नाम | लागत अनुमान |
|---|---|---|
| १ | सीतापाइला-रामकोट-भीमढुङ्गा सडक निर्माण | २,०८८,९३२।२२ |
| २ | बालाजू-मनमैंजू-गुर्जेभञ्ज्याङ्ग सडक निर्माण | ४,००५,१६३।३१ |
| ३ | फर्पिङ्ग-हुमानेभञ्ज्याङ्ग सडक निर्माण | ४,०४४,३४३।४२ |
| ४ | थानकोट-महादेवस्थान-मातातीर्थ-मच्छेगाउं सडक निर्माण | १,६९८,०५४।८४ |
| ५ | चुनिखेल टुपेकदेखि धोवीखोला हुंदै सुन्दरबस्तीबाट स्पेशल जोड्ने सडक निर्माण | २,४६२,५४२।८४ |
| ६ | जीतपुरफेदी काभ्रेस्थली ठांटी कालीदेवी स्कूल हुंदै साङ्गला पुरानो स्टेशन हुंदै न्युरो पुलसम्मको सडक निर्माण | १,८७५,७९८।१८ |
| ७ | थानकोट–महादेवस्थान–बलम्बू–नयांनैकाप–तीनथाना (त्रिवेणी मार्ग) सडक निर्माण | ३,०३५,५७४।८६ |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| २२ | | (see below) | | | |

| | | |
|---|---|---|
| ८ | आलापोट सुन्दरीजल जनमार्ग सडक निर्माण | १,५२१,८२२।७९ |
| ९ | थानकोट खानेपानी योजना | २७९०१६०.६९ |
| १० | चण्डेश्वरी मन्दिर लबु फैडोल मालुङ्ग भोर ३,४,१ हुँदै ओखे कामीको घरसम्मको सडक निर्माण | १,८८६,३१२।९० |
| ११ | जालुपा मन्दिरचोकदेखि बानियांटार हुँदै तामाङ्गबस्तीसम्म ढल निर्माण | २,२२२,९३४।०९ |
| १२ | सिमाना सडक विष्णु बूढानीलकण्ठ-चपली चपली भद्रकाली (मंगल घरदेखि आत्मविकास स्कूलसम्म, मुहानपोखरी जाने बाटो) सडक निर्माण | २,४४५,२४८।८९ |
| १३ | गोठाटार तेजविनायक देवलधारा (महादेव मन्दिर) मूलपानी १, मुखियागाउं हुँदै वडा नं. २ राधाकृष्ण मन्दिरबाट मनहरा पुलसम्मको सडक विस्तार | १,८१८,९५०।४६ |
| १४ | मितेरी मार्ग (बाडभञ्ज्याङ्ग २,३,१ हुँदै दहचोक पुरानो नैकाप हुँदै स्यूचाटार जोड्ने बाटो) (दहचोकबाट पुरानो नैकाप खण्ड) सडक निर्माण | ३,०३३,१४१।४८ |
| १५ | सामुदायिक भवन निर्माण | १,८१९,२६७।९५ |
| १६ | रामकोट फस्कु घट्टेखोला नर्सरी भञ्ज्याङ्ग हुँदै स्यूचाटार कलंकी मिनी घुम्ती सडक निर्माण | २,०००,१०२।७६ |
| १७ | चम्पादेवी उच्च मा.वि. भवन निर्माण | २,०१४,७२७।५९ |
| १८ | तीनथाना सतुङ्गल मातातीर्थ महादेवस्थान कीर्तिपुर मूलखुसी जोड्ने सडक निर्माण | २,०५९,०६३।३० |
| १९ | बाणेश्वर महादेव सामुदायिक भवन निर्माण | १,८२१,८४१।९९ |
| २० | सांखु पालुबारी नगरकोट सडक निर्माण | ६,३५८,१७९।२६ |
| २१ | गान्धी तुलसी मनोहरा सामुदायिक अस्पतालको थप भवन निर्माण | २,३०५,६७९।७२ |
| २२ | पुरानो गुह्येश्वरी मा.वि. (कम्पाउण्डवाल निर्माण) | २,३८५,३९१।५० |
| | **जम्मा** | **३,६७,९३,३२५/०४** |

बजेट विनियोजन अनुसार कार्यक्रम छनौट गर्ने परम्पराले गर्दा संभाव्यता अध्ययन, विस्तृत सर्भेक्षण, ड्रइङ्ग, डिजाइन गर्ने कार्य नहुनु प्रमूख कारण रहेको देखिन्छ। सम्भाव्यता अध्ययन, विस्तृत सर्भेक्षण, ड्रइङ्ग, डिजाइन विना गरेको कार्यले सो योजनामा भएको लागनी प्रतिफल प्राप्त नहुन सक्दछ साथै लाभ पाउनु पर्ने समुदायले सेवा सुविधाबाट बन्चित हुन सक्ने अवस्था श्रृजना हुन सक्दछ। तसर्थ कार्यालयको नियमावलीले गरेको व्यवस्थाको पालना गरी योजना छनौट र संचालन गर्न ध्यान दिनु पर्ने आवश्यकता देखिन्छ।

२२ **नापी किताव –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ६० मा जिल्ला विकास समितिले अनुसूची ६३ मा तोकिएको ढाँचामा नापी किताव राख्नु पर्ने व्यवस्था छ।

कार्यालयबाट संचालित योजनाहरुको नापी किताव योजनागत रुपमा नराखेको र चेनेज नम्बर नखुलाई लुज सिटमा तयार गरी श्रेस्ता साथ राखी भुक्तानी दिएको पाइयो। केही उदाहरण निम्नानुशार रहेका छन्

| सि.नं. | योजनाको नाम | यस वर्षको भुक्तानी रकम |
|---|---|---|
| १ | सतुंगल तीनथाना मुलखुसी टोदह सडक | १९४१८६/- |
| २ | किर्तिपुर सागलटोल हुदैं सल्यानथान जाने सडक | १९३६८२/- |
| ३ | बाटुलेसिम बुढानिलकण्ठ सडक | ३८८०००/- |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | |
|---|---|---|
| ४ | बज्रयोगिनीबाट मणिचुड सडक | ३८७७५८/- |
| ५ | मनमैजु ८ महादेव मन्दिर फुटुगं सडक | ३८९६९४/- |
| ६ | थापाडांडां झांगाडोल सडक | ४११८२६/- |

योजनागत रुपमा नापी किताव नराख्नुमा साना टुक्रे योजना धेरै हुने र रकम विनियोजन भएको आधारमा योजना योजना बन्ने कारणले गर्दा नापी किताव बनाउन नसकिएको भनि कार्यालयले कारण उल्लेख गरेको छ ।

योजनागत रुपमा नापी किताव नराख्नाले गत विगत वर्ष देखि उक्त योजनामा भएको खर्च र योजनाको स्थिति मूल्याङ्कन गर्न सक्ने स्थिति देखिएन ।

तसर्थ कार्यालयले नियमावलीले तोकि दिए अनुसारको व्यवस्थाको पालना गरी योजनागत रुपमा नापी किताव तयार गरी चेनेज नम्बर नखुलाई अनिवार्य रुपमा राखी भुक्तानी दिने व्यवस्था गर्नु पर्दछ ।

२३ **योजना सञ्चालन -** जल्ला विकास समिति अनुदान सञ्चालन कार्य विधि २०६७ को दफा ११ मा पूजिगत अनुदान रकमवाट रु. ५ लाख भन्दा कमका कार्यक्रम/आयोजनामा छनौट गर्न नसकिने व्यवस्था छ । कार्यालयवाट निम्नानुसार पूंजीगत अनुदान रकमवाट रु. ५ लाखभन्दा कमका ७१ वटा आयोजना छनौट तथा सञ्चालन गरी रु.१,८०,७५,०००।०० खर्च गरेको पाईयो ।

रु.हजारमा

| सि.नं. | आयोजना/कार्यक्रमको विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | जिल्ला विकास कोष आन्तरिक श्रोत | २८ | ६५७५ |
| २ | जिल्ला विकास समिति अनुदान | २९ | ७९०० |
| ३ | जनसहभागितामा आधारित विकास कार्यक्रम | ६ | १४०० |
| ४ | साना सिचांई कार्यक्रम | ७ | १९०० |
| ५ | पुननिर्माण तथा पुनस्थापना कार्यक्रम | १ | ३०० |
| | **जम्मा** | **७१** | **१८०७५** |

उपर्युक्त अनुसार कम रकमका योजना छनौटमा धेरै सरोकारवाला उपभोक्ता समुहलाई चित्त वुझाउन तथा थोरै भए पनि सेवा सुविधा उपलव्ध गराउनु मुख्य कारण रहेको छ । यसवाट साना कार्यक्रम मात्र सञ्चालन भई समग्र विकासका लागी ठूला योजना कार्यान्वयनमा प्रभाव पर्न सक्दछ । तसर्थ कार्यालयले कार्यविधीले तोके वमोजिमका योजना सञ्चालनमा ध्यान पुर्‍याउनु पर्दछ ।

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| २४ | | आषाढ महिनाको खर्च | | | |

**<u>आषाढ महिनाको खर्च:</u>** चालु आर्थिकवर्षवाट बैसाखदेखि आषाढ सम्म बार्षिक विनियोजनको ४० प्रतिशत र असार महिनामा बार्षिक विनियोजनको २० प्रतिशत भन्दा बढी खर्च गर्न नपाउने व्यवस्था अर्थ मन्त्रालयले गरेको छ ।

कार्यालयले उपलव्ध गराएको बिबरण अनुसार कार्यालयको केन्द्रीय बजेट शीर्षक तर्फको तेस्रो चौमासिक खर्च र आषाढ महिनाकोमात्र खर्चको स्थिति निम्नानुसार छ ।

| क्र. सं. | ब.उ.शि.नं. | कुल खर्च | चौमासिक खर्च | | | तेस्रो चौमासिकको खर्च प्रतिशत | आषाढ महिना | आषाढ महिनाको खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रौ चौमासिक | तेस्रौ चौमासिक | | | |
| १ | ३९११०५३ | १४४,००० | | | १४४,००० | १०० | १४४,००० | १०० |
| २ | ३६५८२८३ | ३२,९४५,१०० | | १,३७७,५०० | ३१,५६७,६०० | ९५.८२ | २१,९००,५१५ | ६६.४८ |
| ३ | ३६५८१९३ | १९,८११,७१३ | १२,८९३,६४५ | २६४,१८४ | ६,६५३,८८४ | ३३.५९ | २,८८७,९२६ | १४.५८ |
| ४ | ३६५८१४३ | २,०३८,१२७ | | | २,०३८,१२७ | १०० | २,०३८,१२७ | १०० |
| ५ | ३६५८१२३ | २०,८६४,४९७ | २०,८६४,४९७ | | | ० | १७,५९९,६९७ | ८४.३५ |
| ६ | ३६५८०९३ | १,४५३,९७६ | | | १,४५३,९७६ | १०० | १,४५३,९७६ | १०० |
| ७ | ३६५८०८४ | ७,३५४,५१० | | २,०१८,५८५ | ५,३३५,९३५ | ७२.५५ | ३,४४५,३९८ | ४६.८५ |
| ८ | ३६५८०८३ | १४,२१०,५६६ | २९३,७२५ | १,१८२,७५५ | १२,७३४,०८६ | ८९.६१ | १०,९१६,०८३ | ७६.८२ |
| ९ | ३६५८०४३ | ६,७११,५२५ | ३५३,९३५ | ७२१,७७८ | ५,६३५,७८२ | ८३.९७ | ४,४०९,४१८ | ६५.७ |
| १० | ३६५८०२३ | १३०,५४०,५०० | ४४,३९४,००० | ३२,९६६,५२२ | ५३,१७९,९७८ | ४०.७४ | ७,५८६,८३३ | ५.८१२ |
| ११ | ३६५८०१३ | ६९,३७६,३१२ | ९,४८२,५७५ | १०,१५४,२९० | ४९,७३९,४४७ | ७१.७ | ३२,५५५,५०२ | ४६.९३ |
| १२ | ३६५१०६३ | ३८६,९०० | | | ३८६,९०० | १०० | ३८६,९०० | १०० |
| १३ | ३६५१०५३ | २००,००० | | | २००,००० | १०० | २००,००० | १०० |
| १४ | ३६५१०१३ | ३१९,९०० | | | ३१९,९०० | १०० | २२३,७७५ | ६९.९५ |
| १५ | ३६५०१६३ | २,२०९,१०६ | | | २,२०९,१०६ | १०० | १,२१३,१७९ | ५४.९२ |
| १६ | ३६५०१५३ | ११२,५१६,६०० | ३०,७०५,२०० | २९,५२५,२०० | ५२,२८६,२०० | ४६.४७ | २२,२००,६०० | १९.७३ |
| १७ | ३४९१०५३ | २५,००० | | | २५,००० | १०० | २५,००० | १०० |
| १८ | ३४३१०१३ | ३६०,००० | | | ३६०,००० | १०० | २१६,००० | ६० |
| १९ | ३३७१०७४ | ११,४६७,८०० | | | ११,४६७,८०० | १०० | ११,४६७,८०० | १०० |
| २० | ३०८१०९३ | ७,७७६,००० | | | ७,७७६,००० | १०० | ७,७७६,००० | १०० |
| **जम्मा** | | **४४०,७१२,१३२** | **११८,९८७,५७६** | **७८,२१०,८१४** | **२४३,५१३,७२१** | **५५.२५** | **१४८,६४६,७२८** | **३३.७३** |

बार्षिक खर्च रु.४४०,७१२,१३२।- मध्ये तेस्रो चौमासिकमा रु.२४३,५१३,७२१।- खर्च भएको छ भने आषाढ महिनामा मात्र रु.१४८,६४६,७२८।- खर्च भएको छ । तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमश: ५५.२५ र ३३.७३ प्रतिशत रहेको छ ।

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| २५ | | तेस्रो चौमासिक र आषाढ महिनामा विनियोजित रकमको ठूलो अंश आर्थिक वर्षको अन्त्यमा खर्च भएको सम्बन्धमा ढिलो बजेट खर्च गर्ने अख्तियारी प्राप्त भएको, अधिकांश योजनाहरुको योजना फरफारक आषाढ महिनामा हुने भएकोले तेस्रो चौमासिक र आषाढ महिनामा बढी खर्च भएको देखिन्छ ।<br><br>यसरी खर्च गरिंदा खर्चको सहि सदुपयोग नहुने, जथाभावी खर्च गरिने, योजनाको गुणस्तरमा प्रभाव पर्नुका साथै आर्थिक अनियमितता समेत बढने अवस्था सिर्जना हुने देखिन्छ ।<br><br>अर्थ मन्त्रालयको निर्देशन विपरित तेस्रो चौमासिक र आषाढ महिनामा मात्र ठूलो रकम खर्च हुन नदिने तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।<br><br>**<u>बार्षिक लक्ष्य प्रगति:</u>** कार्यालयले आफ्नो लक्षित कार्यक्रमहरु तोकिएको समयमै सम्पन्न गर्नु पर्दछ । कार्यालयबाट पेश भएको प्रगती विवरण अनुसार निम्न कार्यक्रमहरुको प्रगती स्थिती निम्न अनुसार रहेको पाइयो ।<br>(रकम रु. हजारमा) | | | |

| क. सं. | कार्यक्रमको नाम | योजना संख्या | रकम | वार्षिक प्रगति स्थिति | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | शून्य प्रगति कार्यक्रम | | २५% सम्म प्रगति भएका कार्यक्रम | | ५०% सम्म प्रगति भएका कार्यक्रम | | ७५% सम्म प्रगति भएका कार्यक्रम | | ७५% भन्दा बढी १००% भन्दा कम प्रगति भएका कार्यक्रम | | १००% प्रगति भएका कार्यक्रम | |
| | | | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | जि.वि.स. अनुदानबाट संचालित आयोनाहरू | | | | | | | | | | | | | | |
| | क) इलाकास्तरीय आयोजनाहरू | १४ | १४,००० | | | | | | | १ | ५५१ | २ | २,८६० | ११ | १०,३१८ |
| | ख) LGCDP तर्फका आयोजनाहरू | २४ | १८,४९३ | २ | १५५२ | | | | | २ | ४३७ | ७ | ५,३९२ | १२ | १०,१८२ |
| | ग) लक्षित वर्ग केन्द्रित आयोजनाहरू | २६ | ८,५०० | ३ | ४८५ | १ | ८ | | | १ | २१० | २ | ३९० | १९ | ६,४०५ |
| २ | जनसहभागितामा आधारित विकास कार्यक्रम | ३९ | २१,९०० | २ | ८७३ | १ | ३२६ | ४ | १,४७१ | | | ४ | १,८१३ | २८ | १४,७६४ |
| ३ | केन्द्रियस्तरका सडक योजना | ३३ | १२,०३० | | | १ | ५२ | १ | २३० | २ | ६३६ | ५ | १,६८४ | २४ | ७,९८९ |
| ४ | स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम | २० | २४,८०० | १ | | १ | ३,६३७ | | | | | २ | ९५१ | १६ | १३,८०६ |
| ५ | ग्रामीण खानेपानी तथा सरसफाइ आयोजना | ८ | ४,००० | | | | | | | | | ३ | १,६१२ | ५ | २,१३४ |
| ६ | साना सिंचाइ कार्यक्रम | ८ | २,५०० | १ | | | | | | १ | २९० | | | ६ | २,३४० |
| ७ | शान्तिका लागि विकास कार्यक्रम | ७ | ५,००० | | | १ | ५२ | | | २ | ८१५ | ३ | २,१३९ | १ | ४७५ |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रम | ४ | ६८८ | | | | | | | | | १ | २८२ | ३ | ३८८ |
| ९ | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा व्यवस्था तथा विकास समितिबाट प्राप्त योजना | ४ | ३५० | १ | २४ | | | | | | | | | ३ | २९१ |
| १० | क्षेत्रगत झोलुङ्गेपुल कार्यक्रम | १ | ८०८ | | | | | | | | | | | १ | ७७० |
| ११ | सडक बोर्ड कार्यक्रम | ५ | ३,७३२ | ५ | ४०६८ | | | | | | | | | | |
| १२ | निर्वाचन क्षेत्र विकास कार्यक्रम | १८२ | ३६,४४५ | ५ | १०४ | ० | - | १ | ९३५ | ६ | १,१९५ | ९ | २,६०७ | १५७ | २६,०५६ |
| | **जम्मा** | **३७५** | **१५३२४६** | **२०** | **७१०६** | **५** | **४,०७४** | **६** | **२,६३५** | **१५** | **४१३४** | **३८** | **१९,७२९** | **२८६** | **९५,९१८** |

यसरी कार्यक्रम पूर्ण रुपमा सम्पन्न नहुनुमा कार्यान्वयन प्रक्रिया ढिलो हुनुनै प्रमुख कारण रहेको छ। अनुगमन कार्य प्रभावकारी नहनुको कारण योजना सम्पन्न हुन नसकेको पाईन्छ। यसबाट बजेट निस्क्रिय रहने र प्रयोग भएको बजेटबाट पनि उचित प्रतिफल नपाउने अवस्था रहन्छ । योजनाहरु समयमै कार्यान्वयन गर्ने तथा यथासमयमै टुङ्गयाउन अनुगमन तथा निरीक्षण गरी शत प्रतिशत प्रगती हासिल गर्नु गराउनु पर्दछ।

## आन्तरिक आयतर्फ

२६ **ठेक्का व्यवस्थापन :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६७ मा स्थानीय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसारको करको दर, सेवाशुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सम्वन्धित स्थानीय निकायले एक आर्थिक वर्षको लागि ठेक्का वन्दोवस्त गर्न सक्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा २४(ङ) मा दफा २६(६) वमोजिम आपसमा मिलोमतो गरी दाखिला भएको वोलपत्र उपर कारवाही गर्न नहुने व्यवस्था छ । यसै गरी ऐनको दफा २६ (६) मा कुनै वोलपत्र दाताले आपसमा मिलोमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो वोलपत्र रद्द गर्नु पर्ने व्यवस्था छ ।

कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष आन्तरिक आय ठेक्काको वोलपत्रको माध्यमबाट गराएको स्थिति यस प्रकार छ ।

| क्र. सं. | ठेक्काको विवरण | बोलपत्र विक्री संख्या | बोलपत्र दाखिला संख्या | वोलपत्र बिक्रीको तुलनामा दाखिला प्रतिशत | न्युनतम कायम अंक | स्वीकृत अंक रकम | लागत अनुमानको तुलनामा बढी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | सितापाईला रामकोट भिमढुगां धादिङ्ग सडक पटके सवारी साधन कर | १२ | ४ | ३३.३३ | ५००००० | ६०११०० | १२०.२२ |
| २. | फर्पिङ्ग हुमाने भन्ज्याङ्ग हेटौडा सडक र दक्षिणकाली छैमले हेटौडा सडक पटके सवारी साधन कर | २८ | १२ | ४२.८५ | २२५०००० | ४२००००० | १८६.६६ |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | आलापोट महादेवखोला बासुकीखोला गागलफेदी डम्पिङ्ग वालुवा ठेक्का | १ | १ | १०० | २३६७४९९.६७ | २३६७५०० | १०० |
| | **जम्मा** | ४१ | १७ | ४१.४६ | ५११७४९९.६७ | ७१६८६०० | १४०.०८ |

उपर्युक्त आन्तरिक आयको लागि ठेक्का मार्फत कार्य गराएकोमा निम्नानुसार देखियो ।

क) बोलपत्र विक्री किताव अनुसार उपर्युक्त ३ आय ठेक्काको लागि ४१ वटा वोलपत्र फाराम विक्री भएकोमा १७ वटा वोलपत्र दाखिला भएको छ । वोलपत्र विक्री र दाखिला भएको संख्या वीच तुलना गर्दा ४१.४६ प्रतिशत मात्र दाखिला भएको छ । वोलपत्र मूल्याँकन समितिले विक्री भएका सम्पूर्ण वोलपत्र दाखिला हुन नसक्नाको कारण सहित वोलपत्र खरिदकर्ताहरु संग जानकारी लिई मिलोमतो भए नभएको एकिन गरी मिलोमतो नभएको अवस्थामा मात्र वोलपत्र स्वीकृत गर्नु पर्नेमा सम्वन्धित वोलपत्र खरिदकर्तासंग वोलपत्र पेश नगर्नुको कारण वारे जानकारी समेत नलिई ठेक्का प्रदान गरेको पाईयो । साथै उक्त आय ठेक्काहरुको बोलपत्र फाराम बिक्रि समेत न्यून रहेको देखिंदा पर्याप्त मात्रामा प्रतिस्पर्धा भएको छ भन्न सकिएन ।

ख) उक्त ठेक्का कार्यहरुको लागत अनुमान र स्वीकृत ठेक अँक वीच तुलना गर्दा लागत अनुमानको तुलनामा १०० प्रतिशत देखि १८६.६६ प्रतिशत सम्म बढि अँकमा कार्य गराएको छ । यसबाट वित्तिय प्रस्तावहरु वीच पनि पर्याप्त प्रतिस्पर्धा भएको छ भनि एकिन गर्न सकिएन । कार्यालयले मिलेमतो भए नभएको यकिन गरी ठेक्का व्यवस्था नगरेको कारण यस्तो भएको देखिन्छ । यसबाट निर्माण व्यवसायीहरु बीच मिलोमतो भई आन्तरिक आयमा असर पर्न सक्दछ । अतः कानुनले निर्दिष्ट गरेको व्यवस्था अनुसार वोलपत्र दातावीच पर्याप्त मात्रामा प्रतिस्पर्धा सुनिश्चित गर्न वोलपत्र दाता वीच मिलोमतो भए नभएको सम्वन्धमा एकिन गरी मिलोमतो नभएको अवस्थामा मात्र वोलपत्र स्वीकृत गरी आय ठेक्काको कार्य गर्नु गराउनु पर्ने देखिन्छ ।

२७ **कर दस्तुर** –स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५ अनुसार जिल्ला विकास समितिले कर दस्तुर सेवा शुल्क भाडा आदि उठाउन सक्ने व्यवस्था छ । ऐनको दफा २६० बमोजिम यस्तो रकम असुल नभएमा सरकारी बांकी सरह असुल गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० (१) को अनुसुची ११ बमोजिम लगती आय खाता (व्यक्तिगत खाता) राखी असुल गर्न बांकीको विवरण तयार गरी राख्नु पर्ने व्यवस्था छ । कार्यालयको लेखा शाखाबाट प्राप्त विवरण अनुसार गत विगत वर्ष देखिको २७ जना व्यक्ति र फर्मसंग रु.४५,५५,०१५।०७ र यस वर्ष एक व्यक्ति श्री प्रकास श्रेष्ठ ,बलम्बु १ संग रु.३,०१,०००/- असुल गर्नुपर्ने बाँकी देखिएको छ । उपरोक्त अनुसारको लगती आयको असुल गर्न बांकीको विवरण आन्तरिक राजश्व शाखामा राख्नु

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | पर्नेमा राखेको पाइएन । | | | |

| क्र सं. | ठेकेदारको नाम | आर्थिक वर्ष | उठ्न बांकी रकम |
|---|---|---|---|
| १ | प्रकास श्रेष्ठ ,बलम्बु १ | ०६८/०६९ | ३०१०००.०० |
| २ | राजु श्रेष्ठ बलम्वु गाविस १ | नखुल्ने | २३४६१.४० |
| ३ | महालक्ष्मी लि.प्रो.नविन श्रेष्ठ | नखुल्ने | ९७०८.२३ |
| ४ | विमला श्रेष्ठ बलम्वु गाविस | नखुल्ने | ८०१४०.११ |
| ५ | ज्ञान बहादुर श्रेष्ठ बलम्वु गाविस | नखुल्ने | १३९९२.६५ |
| ६ | राजेन्द्र श्रेष्ठ थानकोट गाविस | नखुल्ने | १३१६१.६५ |
| ७ | नरेन्द्र श्रेष्ठ बलम्वु गाविस | नखुल्ने | १२५५१२.६६ |
| ८ | रिता थापा मातातीर्थ | नखुल्ने | ६८७६७.०० |
| ९ | गोपि श्रेष्ठ बलम्वु गाविस | नखुल्ने | ६५७५१.४५ |
| १० | अच्युत कुमार विष्ट | नखुल्ने | १४५५५०.०० |
| ११ | वालकृष्ण पन्त | नखुल्ने | ६९२६५.०० |
| १२ | मधव प्रसाद पाण्डे | नखुल्ने | ८३८८८.८७ |
| १३ | राम बहादुर गुरुङ्ग | नखुल्ने | ९७०००.०० |
| १४ | रामशरण पौडेल | नखुल्ने | ९२५०१.५० |
| १५ | सुनिल गोपाल ओझा | नखुल्ने | ९३०००.०० |
| १६ | मोहन लामा | नखुल्ने | १६५४९.५० |
| १७ | ज्ञान बहादुर महर्जन | नखुल्ने | ५५५५५.०० |
| १८ | विर बहादुर तामाङ्ग | नखुल्ने | १०४२९७.९९ |
| १९ | कृषिप्रसाद चौलागाई | नखुल्ने | ३५०००.०० |
| २० | दिपक खड्का | नखुल्ने | १००५००.०० |
| २१ | अर्जुन हाडा | नखुल्ने | २०२२६६.९९ |
| २२ | सुर्यमान महर्जन | नखुल्ने | ४२६००.०० |
| २३ | दिपक कुमार बोहरा | नखुल्ने | १९६७७७६.०० |
| २४ | मधु भण्डारी | नखुल्ने | ७०३५०.६० |
| २५ | राजेन्द्र बहादुर गोर्खाली | नखुल्ने | ३६९४४४.०० |
| २६ | पोल्डेन छोपाङ्ग गुरुङ्ग | नखुल्ने | ५६७८७९.०० |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>२७</td><td>गायत्री बस्नेत</td><td>नखुल्ने</td><td>१९८९५.४७</td></tr>
<tr><td>२८</td><td>सन्तोष खड्का</td><td>नखुल्ने</td><td>२१२००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४८५६०१५.०७</td></tr>
</table>
कर दस्तुर सेवा शुल्क आदि वक्यौता रकम दाखिला नगरे पनि कुनै कारबाही नहुने स्थिति नै यसको मुख्य कारणका रुपमा रहेको पाईन्छ । साथै सम्झौता गर्दा स्थानीय निकाय आ.प्र. नियमावली, २०६४ को नियम १६९(५) बमोजिमको परफरमेन्स वण्ड वा नगदै जमानत लिई ठेक्का सम्झौता गर्नु पर्नेमा वण्ड र जमानत नलिई ठेक्का दिएको पाइयो । परफरमेन्स वण्ड वा नगदै जमानत नलिई ठेक्का सम्झौता गरेकोले ठेक्का वापत असूल गर्न वाँकी रहेको रकम असुल हुन सकेको देखिएन ।<br><br>
आय ठेक्का रकम वक्यौता असूल नहुंदा कार्यालयको श्रोत कमजोर हुने तथा नबुझाउने परम्परा बढने अवस्था आउन सक्दछ । तसर्थ कार्यालयले ऐन र नियमको प्रावधान अनुसारको असूल गर्न बांकी रहेको रकमको लागत राखी अविलम्व आवश्यक कारबाहि गरि असुल गर्नु पर्दछ रु.
</td><td>३,०१,०००/-</td><td></td><td></td></tr>
<tr><td>२८</td><td></td><td>सम्झौता नविकरण – स्थानीय निकाय आर्थिक नियमावलि, २०६४ को नियम १६७ (४) (घ) मा दशलाख रुपैयाभन्दा बढीको आन्तरिक आय हुनेको वोलपत्रको माध्यामद्धारा ठेक्कापट्टा गर्नुपर्ने र नियम १६९ मा ठेक्का स्वीकृत भएपछि कवुलियत गरी गराई ठेक्कापट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयको स्वामित्वमा रहेको काठमाडौं जिल्ला बलम्वु गा.वि.स.६ गुर्जुधारास्थित ४४ रोपनी जग्गा र घर तथा टहरा २०६०।४।१ देखि ०६५ असार मसान्तसम्मको लागि वार्षिक रु.१० लाख बहाल बुझाउने गरी कार्यालय र राजश्व अनुसन्धान विभाग, हरिहरभवनसंग मिति २०६० पौष ८ गते सम्झौता भएको पाइयो । उक्त जग्गा र घर तथा टहराको म्याद २०६५ असार मसान्तमा नै समाप्त भइसकेको अवस्थामा पनि पुन: उक्त विभागसंग सम्झौता नगरी वा ठेक्कापट्टा नलगाई यस वर्ष पनि रु.१० लाखमा वहाल कर रु.१० लाख कट्ट गरी रु.९ लाख वहाल प्राप्त भएकोले आम्दानी बांधेको पाइयो ।<br><br>
सम्झौता अवधि ४ वर्ष अघि नै समाप्त भई सक्दा पनि कार्यालयले ठेक्कापट्टा नगर्नु र ठेक्का रकम पनि वृद्धि नगर्नुमा कार्यालयले ठेक्का लगाउन ध्यान नदिनु नै प्रमुख कारण रहेको पाईन्छ । उक्त जग्गा र घर तथा टहराको ठेक्का वृद्धि नगर्दा कार्यालयलाई प्राप्त हुने आम्दानीमा घाटा पर्न गएको छ । तसर्थ कार्यालयले नियममा तोकिएको व्यवस्थाको पालना गरी उक्त जग्गा र घर तथा टहराबाट प्राप्त हुने आय वृद्धि गर्न ध्यान दिनु पर्दछ ।
</td><td></td><td></td><td></td></tr>
<tr><td>२९</td><td></td><td>लेखापरिक्षण - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०३ मा अधिकार प्राप्त अधिकारीले आन्तरिक लेखापरिक्षण गराएर लेखा र आर्थिक विवरण पेश गरि अन्तिम लेखा परिक्षण गराउनु पर्ने व्यवस्था छ । फर्पिङ्ग हुमाने भन्ज्याङ्ग सडक र दक्षिणकाली छैमले हेटौडा सडक पटके सवारी साधन कर संकलनको लागी न्युनतम अंक रु२२५००००।०० कायम गरि बोलपत्र आवहान गरेकोमा तारा सप्लार्यस ,मकवानपुरका प्रो.</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
| --- | --- | --- | --- | --- | --- |

कुल साङ्ग लामाको वोलपत्र स्वीकृत भई रु.४२०००००।०० मा सम्झौता भई निजले मिति ०६८।४।१ मा रु. २१०००००।०० दाखिला गरेको र रु.२१ लाख दाखिला गर्न वांकी रहेकोमा निज कवोल दाताले नै सर्वोच्च अदालतमा मुद्दा दायर गरेको कारणले उक्त आय ठेक्काको फाईल लेखापरिक्षणको लागि पेश हुन सकेको छैन । तसर्थ कार्यालयले उक्त आय ठेक्काको फाइल लेखापरिक्षणको लागी पेश गर्नु पर्दछ ।

३० **ठेक्का व्यवस्था –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १६७ मा स्थानीय निकायको सम्वन्धित परिषदले निर्णय गरे अनुसारको करको दर, सेवाशुल्क, दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सम्वन्धित स्थानीय निकायले एक आर्थिक वर्षको लागि ठेक्का वन्दोवस्त गर्न सक्ने व्यवस्था छ । यस वर्ष कार्यालयले अनुमान गरेको निम्न ठेक्काहरु नलागेको देखिन आएको छ ।

| सि.नं. | विवरण | अनुमानित न्यूनतम अक |
| --- | --- | --- |
| १ | व्यापारिक प्रयोजनका लागि पानी आपुर्तिको सेवा शुल्क | ५०००००।०० |
| | **जम्मा:** | ५०००००।०० |

उपरोक्तानुसार कार्यालयलाई ठेक्का नलागेवापत यस वर्ष रु.५०००००।०० आन्तरिक आयमा कमी भएको पाइयो । आय ठेक्का नलाग्नाले जि.वि.स.को आय श्रोतमा कमी आएको छ । आयस्रोत कमी हुदाँ विकास निर्माणको कार्यमा प्रभाव पर्ने हुन्छ । तसर्थ कार्यालयले समयमानै कर लगाउने बन्दोवस्त गरी आन्तरिक आय बृद्धि गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

३१ **<u>मूल्य अभिबृद्धि कर:</u>** मूल्य अभिबृद्धि कर (संशोधन सहित) ऐन, २०५२ को दफा १५(३) मा स्थानीय निकायले कर लाग्ने वस्तु वा सेवा विक्री गर्दा मूल्य अभिबृद्धि कर असूल गर्नुपर्ने व्यवस्था छ । साथै ऐनको दफा १२(२) (ख) मा कर लाग्ने मूल्यमा अन्त:शुल्क र अन्य कर रकम समेत समावेश हुने छ । त्यस्तै सार्वजनिक लेखा समितिको निर्णयमा समेत सम्बन्धीत जि.वि.स.तथा पदाधिकारीको मु.अ.कर दाखिला गराउने दायित्व हुने निर्णय गरेको छ । जिल्ला विकास समितिले ढुंगा, बालुवा, गिट्टी लगायत कर, दस्तुर वा शुल्क असूल गर्न ठेक्का लगाएको र गाविस मार्फत वालुवा कर संकलन गरेकोमा मू.अ.कर असूल गरी राजस्व दाखिला भएको प्रमाण पेश हुन आएन ।

| क्र.सं. | नाम | आय किसिम | असुली रकम | मू.अ.कर रकम |
| --- | --- | --- | --- | --- |
| १. | काभ्रेस्थली | वालुवा कर | ३७६४८०० | ४८९४२४ |
| २ | चुनीखेल | वालुवा कर | ६८०००० | ८८४०० |
| ३ | विष्णु वुढानिलकण्ठ | वालुवा कर | १६०००० | २०८०० |
| ४ | फुटुङ्ग | वालुवा कर | १३२०००० | १७१६०० |
| ५ | वालुवा | वालुवा कर | ६००००० | ७८००० |
| ६ | सागंला | वालुवा कर | १२८०००० | १६६४०० |
| ७ | गोगंवु | वालुवा कर | १७६०००० | २२८८०० |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ८ | ईन्द्रायणी | वालुवा कर | ४००००० | ५२००० |
| ९ | सुन्टोल | वालुवा कर | ३२०००० | ४१६०० |
| १० | नयांपाटी | वालुवा कर | १६०००० | २०८०० |
| ११ | टोखा सरस्वती | वालुवा कर | १९०००० | २४७०० |
| १२ | पुखुलाछी | वालुवा कर | २८०००० | ३६४०० |
| १३ | चपली भद्रकाली | वालुवा कर | ७५००० | ९७५० |
| १४ | गोकर्णेश्वर | वालुवा कर | ५०००० | ६५०० |
| १५ | समिरमान सिंह बस्नेत ,धर्मस्थली ९ | पटके सवारी कर | ६०११०० | ७८१४३ |
| १६ | तारा सप्लार्यस ,मकवानपुर प्रो.कुल्साङ्ग लामा | पटके सवारी कर | ४२००००० | ५४६००० |
| १७ | बाबु लामा सिखर आमबोटे ८ काभ्रे | डम्पिङ्ग बालुवा ठेक्का | २३६७५०० | ३०७७७५ |
| १८ | वेष्ट प्वाईन्ट रोडाढुगां उद्योग | ढुगां खानी कर रोयल्टी | १५७०९० | २०४२१.७ |
| १९ | थापा स्टोन ईण्डष्ट्रिज प्रा.लि. | ढुगां खानी कर रोयल्टी | ४७१२७० | ६१२६५.१ |
| २० | झम्केश्वरी रोडा ढुगां उद्योग | ढुगां खानी कर रोयल्टी | १७२७९९ | २२४६३.८७ |
| २१ | हिमगंगा रोडा ढुगां उद्योग | ढुगां खानी कर रोयल्टी | ७६९७४१ | १०००६६.३ |
| २२ | दशरथ बलामी | ढुगां खानी कर रोयल्टी | २१९९२६ | २८५९०.३८ |
| २३ | पुर्णसिंह तामाङ्ग | ढुगां खानी कर रोयल्टी | ३२९८८९ | ४२८८५.५७ |
| २४ | ईच्छामाइ रोडा ढुगां उद्योग प्रा.लि. | ढुगां खानी कर रोयल्टी | ३१४१८० | ४०८४३.४ |
| २५ | गोरख प्रकाश थापा | ढुगां खानी कर रोयल्टी | ९४२५४ | १२२५३.०२ |
| २६ | त्रिशक्ती रोडा ढुगां उद्योग | ढुगां खानी कर रोयल्टी | १५७०९ | २०४२.१७ |
| २७ | विदुर सिलवाल (कृष्ण बहादुर के.सी.),मुलपानी | बालुवा खानी कर रोयल्टी | २८०२०६ | ३६४२६.७८ |
| २८ | सुरज लामा,डांछी | बालुवा खानी कर रोयल्टी | २३३५०५ | ३०३५५.६५ |
| २९ | बच्चुराम दाहाल,गोठाटार | बालुवा खानी कर रोयल्टी | ५७७५३५७ | ७५०७९६.४ |
| ३० | राजेश श्रेष्ठ,गोगंवु | बालुवा खानी कर रोयल्टी | ११५१९५८ | १४९७५४.५ |
| ३१ | भरत कोईराला,सेतिदेवी | बालुवा खानी कर रोयल्टी | ३११३४ | ४०४७.४२ |
| ३२ | जगत बहादुर मोक्तान,डाछीं | बालुवा खानी कर रोयल्टी | ५१३७११ | ६६७८२.४३ |
| | | **जम्माः** | **२८७३९१२९.००** | **३७३६०८६.७७** |

नियमावलीको प्रावधान तथा सार्वजनिक लेखा समितिको निर्देशन विपरीत ठेक्का व्यवस्थापन गरिनुनै यसको प्रमुख कारण रहेको देखिन्छ ।

यसरी प्राकृतिक श्रोत साधन लगायत अन्य ठेक्का व्यवस्थापन गर्दा मूल्य अभिबृद्धि कर नअसुल्नाले एकातिर निर्देशन तथा कानूनी प्रावधान उल्लंघन भएको छ भने अर्को तर्फ राज्यलाई प्राप्त हुनुपर्ने राजश्व समेत प्राप्त हुन सकेको छैन ।

ढुंगा, बालुवा, गिट्टी लगायत कर, दस्तुर वा शुल्क असूल गर्न ठेक्का लगाएको आय ठेक्कामा मू.अ.कर असूल गरी राजस्व दाखिला भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु.

रकम: ३७,३६,०८६.७७

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td>३२</td><td></td><td>बहाल कर - आयकर ऐन २०५८ को दफा ८८ (५) मा बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानी गरेकोमा दश प्रतिशतका दरले अग्रिम करकट्टा गर्नुपर्ने व्यवस्था छ ।<br><br>यस कार्यालयले यस वर्ष  निम्न व्यक्तिसंग घरभाडा रु.५०२९६३।०० आम्दानी गरेकोमा १० प्रतिशतका दरले हुने रकम रु.५०२९६।३० बहाल कर कट्टी गरी राजश्व खातामा दाखिला गरेको पाइएन ।
<table>
<tr><th>सि.नं.</th><th>नाम</th><th>बहाल रकम</th><th>कर रकम</th></tr>
<tr><td>१</td><td>मनोज श्रेष्ठ</td><td>२०१९६३.००</td><td>२०१९६.३०</td></tr>
<tr><td>२</td><td>प्रकाश श्रेष्ठ</td><td>३०१०००.००</td><td>३०१००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५०२९६३.००</td><td>५०२९६.३</td></tr>
</table>
उक्त कर रकम दाखिला नहुनुमा जानकारी नभएको कारण उल्लेख गरिएको छ। कर रकम दाखिला नहुंदा राजश्व रकममा असर पर्न गएको छ । तसर्थ कार्यालयले सम्बन्धित भाडा लिनेसंग निजले आन्तरिक राजश्व कार्यालयमा बहाल कर तिरेको प्रमाण भए पेश गर्नुपर्ने अन्यथा नियमानुसार दाखिला गर्नुपर्ने बहाल कर रकम राजश्व खातामा दाखिला गर्नुपर्ने देखिएको रु.</td><td>५०२९६.३</td><td></td><td></td></tr>
<tr><td></td><td></td><td>जि.वि.स. आन्तरिक चालु खाता</td><td></td><td></td><td></td></tr>
<tr><td>३३</td><td></td><td>कर्मचारी कल्याण कोष- स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६५ (१) मा कर्मचारी कल्याण कोषमा स्थानीय निकायले प्रत्येक वर्ष कम्तीमा आफ्नो कार्यालयलाई आवश्यक पर्ने एक महिनाको तलव वरावरको रकम जम्मा गर्नुपर्ने व्यवस्था छ ।<br><br>कार्यालयलाई आवश्यक पर्ने एकमहिनाको तलव रु. ६ लाखको हाराहारीमा रहेकोमा सो भन्दा ५ गुणा वढि रकम परिषदबाट पारित गराई कल्याणकारी कोषमा यो वर्ष रु. ४५ लाख अर्थात ६.५ गुणा बढी  जम्मा गरेको देखियो । यसो हुनु ऐन नियमका व्यवस्थालाई ख्याल नगरेको तथा परिषदले पारित गरे सवै कुरा बैध ठहर्छ भन्ने मानसिकता हो । जसका कारण आन्तरिक आयको अनुपातमा निश्चित सिमाभित्र प्रशासनिक खर्च गर्नुपर्ने कानुनी व्यवस्थाको प्रतिकुल हुने गरी प्रशासनिक खर्च वढ्न गएको छ । यसर्थ प्रशासनिक खर्चलाई सिमाभित्र राख्न नियममा व्यवस्था भएवमोजिम कल्याणकारी कोषमा रकम जम्मा हुनु पर्दछ । अत् नियममा व्यवस्था भएको सिमा भन्दा वढि कल्याणकारी कोषमा जम्मा गरेको रकम नियमानुसार नदेखिएको रु.</td><td>३९,००,०००/-</td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ३४ | ४११।०६९।३।८ | **घरबिदाको रकम -** स्थानीय स्वायत्त शासन नियमावलीको नियम २४२ (४) मा स्थानीय निकायका कर्मचारीले आफुले पकाएको घर विदा एकसय असि दिन सम्म संचित गरि राख्न पाउने नियम २४२ (५) मा सेवाबाट अलगभएमा निजको संचित रहेको घरविदा वापत निजको पदाधिकार रहेको पदवाट खाईपाई आएको तलवको दरले हुन आउने रकम निजले एकमुष्ट लिन पाउने व्यवस्था उल्लेख छ । त्यस्तै जिल्ला विकास समिति ,काठमाडौं कर्मचारी प्रशासन सम्वन्धि विनियम २०६४ (६.५) मा यो विनियम ऐन तथा नियमावली संग बाझेमा बाझिएको हदसम्म स्वत अमान्य हुने कुरा उल्लेख छ ।<br><br>जिल्ला विकास समिति कर्मचारी सम्वन्धी विनियम ४.८ मा १२० दिन सम्म संचित राख्न सक्ने र सो भन्दा वढि हुने घर विदाको सन्दर्भमा प्रत्येक चैत्रमसान्त पछि भुक्तानी दिने व्यवस्था भएकोले सोही बमोजिम प्रत्येक वर्ष १२० दिन भन्दा वढि हुन आउने विदाको रकम भुक्तानी दिदैं आएको पाईएको छ । जुन कुरा नियमको प्रावधान अनुसार नरहेको कारणले विनियमावली ६.५ अनुसार पनि स्वत अमान्य हुने देखिन्छ । जुनकुरा गत विगतका प्रतिवेदनमा उल्लेख गरिएको भएपनि यसमा सुधार गर्ने एवं रोक्ने कार्य भएको देखिएन । यो वर्ष कार्यालयले घर विदा (१२० दिन संचित राखि बांकी ) वापत रु.४९२६०४।०० भुक्तानी गरेको छ ।<br><br>यसरी संचित सिमाभन्दा वढि दिनको भुक्तानी दिने कार्य नियमको आशय विपरित विनियम वन्नु र सो विनियमको पनि पुर्ण अनुशरण नगरिनु हो । यसले प्रशासनिक खर्च वढाई स्थानीय निकायलाई वढि व्ययभार पारेको छ । यसर्थ नियम विपरित घर विदा वापत भुक्तानी दिने व्यवस्था तत्काल रोकिनुपर्दछ । अत नियमावली प्रतिकुल भुक्तानी गरेको देखिएको घरविदा वापतको रकम असुल गरि जि.वि.स. कोषमा राखिला गर्नुपर्ने देखिएको रु. | ४,९९,४०६/- | | |
| ३५ | ५१८।०६९।३।२८ | **योजना अनुगमन-** जिल्ला परिषदबाट स्वीकृत कार्यक्रम र बजेटको सिमा भित्ररही अधिकार प्राप्त अधिकारीले निर्धारित कार्यमा रकम खर्च गर्नुपर्ने कानुनी व्यवस्था छ ।<br><br>कार्यालयले विभिन्न योजनाको अनुगमन निरीक्षण कार्यालय समय बाहेक विहान वेलुका २०६९।३।१ देखि २०६९।३।३१ सम्म गरेको भनि रु.२०० दैनिकको दरले कार्यालयका सवै कर्मचारी (५० जना) लाई रु.३,००,०००।०० भत्ता स्वरुप वितरण गरेको छ । तर योजना अनुगमन निरिक्षणको औपचारिक कार्यक्रम तयार गरी योजनाका विभिन्न समुह तयार गरि सोही बमोजिम अनुगमन निरिक्षण गर्ने कार्य समुह तोकेको र कार्यदेश दिएको तथा सो मुताविक अनुगमन प्रतिवेदन लिने गरेको देखिएन । यसो हुनुमा खर्च गर्दा पुर्याउनु पर्ने रीत नपुर्याइएको देखिन्छ । जसले गर्दा रकम यसरी खर्च गर्नु आवश्यक थियो थिएन । प्रतिवेदन समेत पेश नगरेवाट उक्त खर्चको उपलव्धी के रह्यो थाहा हुन सकेन । यसर्थ अनुगमन निरिक्षणको लागि स्पष्ट रुपमा विभिन्न योजनाहरुलाई समुहगत गरि कर्मचारी तोक्ने र तिनीहरुबाट सम्पादित कामको प्रतिवेदन लिने व्यवस्था हुनुपर्दछ । अत् योजना निरिक्षण कार्यक्रम कर्मचारीको बांडफांडको विवरण र कार्यादेश एवं अनुगमन प्रतिवेदन पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ३,००,०००/- | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | **आन्तरिक श्रोत पुंजिगत** | | | |
| ३६ | | **गैरपुंजिगत खर्च –** कार्यालयले जि.वि.स.कोष पुंजिगततर्फ विनियोजन एवं पारित बजेटबाट दैवी प्रकोप व्यवस्थापन र सेवामुलक संघ संस्था अनुदानको नाममा विभिन्न व्यक्ति तथा संघसंस्थाहरुलाई आर्थिक सहायता एवं चन्दा स्वरुप रकम उपलव्ध गराएको देखिएको छ । दैवी प्रकोप व्यवस्थापन अर्न्तगत प्रतिव्यक्ति रु.१०००।०० देखि रु.२०००।०० दरले विभिन्न भौचरबाट विभिन्न व्यक्तिहरुलाई रु.२,१०,५००.००र सेवामुलक संघ संस्था शिर्षक तर्फ विनियोजित रु.६२,००,०००.०० मध्ये विभिन्न भौचरबाट विभिन्न व्यक्ति तथा संघसंस्थालाई औषधी उपचार, घर निर्माण, गाडि मर्मत, कर्मचारी संघ संगठनका अधिवेशन आदि कार्यको लागि सहयोग स्वरुप रु.१४,७८,४८२.०० गरी जम्मा रु.१६,८८,९८२.०० आर्थिक सहायताको रुपमा रकम वितरण गरेको छ । त्यस्तै सेवामुलक संघ संस्था अनुदान शीर्षकबाटै देहाय बमोजिमका विभिन्न संघ संस्थालाई कार्यक्रम संचालन गर्न उनीहरुको कार्यक्रम र खर्च प्रस्तावको आधारमा उनीहरुले नै लेखापरिक्षण गराउने गरी सहयोग स्वरुप रकम रु. १४,७८,४८२.०० उपलव्ध गराईएको छ । उक्त रकम उनीहरुले चेक मार्फत बुझेकोले सो रकम उनीहरुको आयमा समाहित हुन्छ हुदैन यकिन हुने अवस्था देखिदैन । साथै ती संस्थाहरुले प्रस्ताव गरेका कार्यक्रम संचालनको सम्वन्धमा जि.वि.स.बाट अनुगमन मुल्याकंन समेत हुने गरेको छैन । जसले गर्दा उक्त सहयोगको उपयोग सही तवरले भएको छ भन्न सकिने अवस्था देखिएन ।<br><br>यसो हुनुमा ऐन,नियम कार्यविधिको पुर्ण अनुशरण गर्ने तर्फ उचित ध्यान नपुग्नु अर्थात प्रतिवद्धता कम रहनु नै हो । पुंजिगत बजेट आर्थिक सहायताको रुपमा उपभोग्य प्रकृतिका खर्च टार्न व्यक्ति संस्थालार्य दिदां त्यसबाट तप पुंजी सृजना हुने ,उत्पादन , उत्पादकत्व वृद्धि जस्ता कार्यमा सहयोग पुग्न सक्दैन । त्यस्तै विभिन्न संघ संस्थालाई दिएको सहयोग रकम उनीहरुको आय व्ययमा प्रतिविम्वित हुन सकेन भने उक्त रकमको दुरुपयोग हुने र स्थानीय निकायलाई हानी नोक्सानी हुने सम्भावना रहन्छ। अत पुंजिगत बजेटबाट कार्यविधिले निशेध गरेका खर्चहरु नगर्नेतर्फ सचेत रहदै जुन कार्यक्रम संचालन गर्न सहयोग दिइएको हो सो कार्यक्रम कार्यान्वयनको अनुगमन गरी प्रतिवेदन दिने परिपाटिलाई अनिवार्य गर्नुपर्दछ । अत उपरोक्तानुसार पुंजीगत बजेटबाट विभिन्न व्यक्ति संघ संस्थालाई दिएको आर्थिक सहायता रकम नियमानुशार नदेखिएको रु. | १६,८८,९८२।– | | |
| ३७ | | जिल्ला विकास योजना तथा कार्यक्रम र खानीको नियमित अनुगमन गर्न जिल्ला विकास समितिले अनुगमन निरिक्षण उपसमिति एवं कार्यदल गठन गरी उक्त समिति तथा कार्यदललाई सो को कार्यान्वयन गर्न कार्ययोजना सहितको कार्यादेश दिने र सोहि बमोजिम अनुगमन निरिक्षण प्रतिवेदन लिनुपर्ने प्रकियागत र कानुनी व्यवस्था छन् ।<br><br>जिल्ला विकास समितिले निशेधित क्षेत्रको वालुवा प्रयोग विक्रि वितरण र ओसार पसार नियन्त्रण गर्न अनुगमन गरेको भनि निवेदकले निवेदन साथ पेश गरेका विल भपाईको अनुगमन खच भुक्तानी गरी खर्च लेखांकन गरेको छ । सो कार्यको लागि स्पष्ट रुपमा दिन तोकी कार्यादेश दिने ,निरीक्षण कार्ययोजना निर्माण ,निरिक्षण इलाका | | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>किटान जस्ता प्रक्रिया पुरा नगरी लमसममा फलानो महिना भनि कार्यादेश दिएको र सोही बमोजिम दैनीक २०० का दरले १३ ) १५ जना व्यक्तिहरुको निम्न बमोजिम खाना खाजा खर्चको विल भुक्तानी भएको देखिन्छ। जुन काम एउटा पद्धतिमा आधारित एवं व्यवस्थित देखिएको छैन ।यसो हुनुमा अनुगमन कार्यलाई व्यवस्थीत बनाउन नसकिएको हो। व्यवस्थित एवं योजनाबद्ध तवरले अनुगमन गर्ने सोको प्रतिवेदन लिने प्रणालीको विकास नहुंदा सो खर्चको सान्दर्भिकता एवं दक्षता भुल्किदैन। यसर्थ अनुगमन मुल्याकंन गर्न सर्वप्रथम योजना एवं कार्यक्रम बनाउने ,कार्यटोली गठन गर्ने , तिनलाई स्पष्ट दिन तोकी कार्यादेश दिने र सोको प्रतिवेदन लिई सोको पृष्ठपोषणका आधारमा आगामी रणनिती तय गर्ने परिपाटि हुनुपर्छ।
<table>
<tr><th>सि.नं.</th><th>भौचर नं. र मिति</th><th>खाना खाजा परिमाण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>१७।०६८।५।१८</td><td>४३०</td><td>१११८००.००</td></tr>
<tr><td>२</td><td>५६।०६८।६।१०</td><td>४५०</td><td>१२१५००.००</td></tr>
<tr><td>३</td><td>७०।०६८।७६</td><td>३४५</td><td>९३१५०.००</td></tr>
<tr><td>४</td><td>११२।०६८।९।१४</td><td>१९५</td><td>४६८००.००</td></tr>
<tr><td>५</td><td>१३२।०६८।११।६</td><td>१८०</td><td>४६८००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१६००</td><td>४२००५०.००</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td>३८</td><td>१४३।०६८।१२।६</td><td>भुक्तानी दिन बांकी - स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धि नियमावलीको नियम ६०(ध) अनुसुची २४ बमोजिम अघिल्लो आ.व.को भुक्तानी दिन बांकीको विवरण तयार गरी आर्थिक शाखा प्रमुख र कार्यालय प्रमुखले प्रमाणित गरि राख्नु पर्ने र सोही आधारमा भुक्तानी दिन बांकी रकम पछिल्लो बर्षमा भुक्तानी दिन सकिने व्यवस्था रहेको छ।<br><br>कार्यालयले गण्डकी कन्स्ट्रक्सनलाई गोलढुगां भ्यु टावर निर्माण कार्यको ठेक्का योजना आ.व.०६५।०६६ को रहेको र सोको कार्य सम्पन्न ०६७६।१३ मा भएकोलाई यो वर्ष रु.३,५५,४४६।०० भुक्तानी गरेको छ। जुन रकमको भुक्तानी बांकीको कच्चावारी छैन यसो हुनुमा कानुनी प्रावधानहरुलाई ध्यान नदिएको हो । जसको कारण उक्त भुक्तानी पहिले नभएको भन्ने स्पष्ट आधार रहेन । यसर्थ कार्यालयले यस किसिमका अभिलेखहरु अद्यावधिक गर्दै जानुपर्दछ। अतः उपरोक्तानुसारको भुक्तानी नियमीत हुनुपर्ने देखिएको रु.</td><td>३५५४४६/-</td><td></td><td></td></tr>
<tr><td>३९</td><td>११३।०६९।३।२०</td><td>जि.वि.स.अनुदान<br><br>स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम १५५ (५) भ मा सामन्यतया श्रम प्रधान प्रविधि अपनाईने आयोजना वा कार्यक्रम मात्र उपभोक्ता समितिबाट गराईनु पर्दछ भन्ने कुरा उल्लेख छ।<br><br>कार्यालयले भोर महांकाल स्वास्थ्य सेवा विस्तार आयोजना अर्न्तगत रु.८०००००।०० विनियोजन गरी टोखा चण्डेश्वरी स्वास्थ्य सेवा केन्द्रको लागि एम्वुलेन्स खरिद गर्न उपभोक्ता समिति टोखा भोरसंग सम्भौता गरेको र सिप्रदी ट्रेडिङ्ग प्रा.लि.ले प्राथमिक स्वास्थ्य सेवा केन्द्र टोखा चण्डेश्वरीमा पेश गरेको PROFORMA</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | INVOICE को प्रतिलिपि उपभोक्ता समितिका अध्यक्षले कार्यालयमा पेश गरेको आधारमा निजलाई चेक मार्फत एम्वुलेन्सको भुक्तानी गरिएको छ । उक्त एम्वुलेन्स खरिद गरिएको तथा त्यसको स्वामित्व स्वास्थ्य सेवा केन्द्रको नाममा रहेको व्यहोरा खुल्ने प्रमाण श्रेस्ता साथ संलग्न छैनन् ।<br>यसो हुनुमा तोकिएको रकम सिमा भित्रको जुनसुकै काम पनि उ.स.बाट गराउन सकिन्छ भन्ने मान्यता हो । स्थानीय श्रम,सिप,प्रविधि उपयोग नहुने कार्य पनि उ.स.बाट नहुने कार्य उ.स.बाट गराउंदा त्यसको प्रभावकारीता रहदैन । साथै खरिद सामाग्री स्वामीत्व संस्थाको नाममा जनाउने प्रमाण नहुंदा खरिद प्रति पुर्ण आश्वस्त पनि हुन सकिदैन । यसर्थ स्थानीय श्रम सिप प्रविधिको उपयोग नहुने र अन्य निकायले नै संचालन एवं प्रयोग गर्ने मेशीनरी उपकरण,सवारी साधन जस्ता खरिद कार्य उ.स.बाट गराउनु उचित देखिदैन । यस किसिमको कार्यको लागि जिल्ला विकास समितिले संघसंस्था अनुदान अर्न्तगतको रकमबाट सम्वन्धित निकायलाई रकम उपलव्ध गराई खर्च पुष्ट्याई गर्ने कागजात श्रेस्ता साथ राख्नु पर्दछ । अत उक्त एम्वुलेन्स जि.वि.स.को सहयोगमा खरिद गरिएको र स्वामित्व स्वास्थ्य सेवा केन्द्रका नाममा रहेको जनाउने प्रमाण पेश गर्नुपर्ने देखिएको रु. | ७७६०००/- | | |
| ४० | ११७०६९।३।२१ | ल्याण्डफिल्ड साईटबाट प्रभावित गा.वि.स.हरुमा तोकिएका योजनाहरु संचालन गर्न सम्वन्धित गा.वि.स.को लागि विनियोजित भएको रकम एकमुष्ट रुपमा उक्त गा.वि.स.मा पठाउने र अख्तियारी बमोजिम भएका कार्यहरुको प्रगति विवरण गा.वि.स.ले जि.वि.स.मा मासिक रुपमा पठाउनुपर्ने तथा यो बजेट फ्रिज हुने वजेट भएको हुंदा बांकी रकम आ.व.को समाप्त हुनुभन्दा ठ दिन अघि जि.वि.स.मा चेकमार्फत निकासा फिर्ता गर्नुपर्ने जस्ता निर्देशन एवं शर्तहरु स्थानीय विकास मन्त्रालयको रहेको छ ।<br>कार्यालयले ल्याण्ड फिल्ड साइटबाट प्रभावित गा.वि.स. जितपुरफेदीलाई जीतपुर ठुलो खोला बृहत खानेपानी योजनाको लागि विनियोजित रकम एकमुष्ट रुपमा मिति ०६९।३।२१ मा निकासा दिएको छ । कामा नहुंदा बांकी रकम आ.व.समाप्त हुनुभन्दा ७ दिन अगावै फिर्ता गर्नुपर्ने प्रावधान रहेको अवस्थाको वजेट आ.व.समाप्त हुनुभन्दा १० दिन अगाडि एकमुष्ट रुपमा निकासा दिईएको छ। सोको प्रगति श्रेस्ता साथ छैन ।<br>यसो हुनुमा रकम फ्रिज हुन नदिने उद्धेश्य नै प्रमुख कारण हो । प्रगति विवरण पेश नहुंदा उक्त कार्यको अवस्था बारे जानकारी पाउन सकिएन । यसर्थ कार्यालयले आफुले निकासा दिएको रकमको सन्दर्भमा प्रगति लिने र अनुगमन गर्ने काम गर्नुपर्दछ। अत उक्त कार्यको प्रगति विवरण पेश हुनुपर्ने रु. | ९०००००/- | | |
| | | **जनशक्ति व्यवस्थापनः** | | | |
| ४१ | | **दरबन्दी र पदपूर्ति –** कार्यालयले स्वीकृत दरबन्दी अनुसारका पदहरु पूर्ति गरी तोकिएको लक्ष्य अनुसारका कामहरु सम्पन्न गर्नुपर्दछ । लेखापरिक्षणमा प्राप्त दरबन्दी तथा पदपूर्ति सम्बन्धी विवरण अनुसार विभिन्न पदहरुका गरि जम्मा १०१ जनाको स्वीकृत दरबन्दी मध्ये ९९ जना मात्र पदपूर्ति भै २ पदहरु रिक्त रहेको देखियो । कार्यालयले समयमा नै पदपूर्तिको कार्य नगरेकोले दरबन्दी रिक्त रहेको पाईयो । यसरी स्वीकृत दरबन्दी पूर्ति नहुँदा तोकिएको | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | लक्ष्य अनुसारको प्रगति हाँसिल गर्न कठिन पर्ने र सर्वसाधारण (सेवाग्राही) को काममा समेत असर पर्न जाने देखिन्छ । तसर्थ तोकिएको दरबन्दी अनुसारका पदहरु समयमै पूर्ति गरिनु पर्दछ । | | | |
| ४२ | | **आर्थिक ऐन नियम पालना सम्बन्धमा –** कार्यालयले आन्तरिक नियन्त्रण तथा व्यवस्थापनका लागि ऐन नियम कार्यविधि मा तोकिएको व्यवस्थाको पालना गर्नु पर्ने व्यवस्था छ । कार्यालयले निम्न अनुसार ऐन नियम कार्यविधि आदि व्यवस्थाको पालना गरेको देखिएन ।<br>(क) कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याङ्कन गरेको, चेक गरेको स्वीकृत गरेको, ठेक्का बिल र कार्य सम्पन्न प्रतिवेदन तयार गरेको, चेक गरेको र स्वीकृत गरेको मिति उल्लेख नभएकोले कुन मितिमा तयार भई कुन मितिमा स्वीकृत भएको हो यकिन गर्ने आधार भएन ।<br>(ख) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (८) मा कुनै रकमको भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जांच गर्नुपर्ने र खर्च भएको सबै रसिद, बिल, भरपाईमा सिलसिलेवार नम्बर राखी आर्थिक प्रशासन शाखा प्रमुखले "भुक्तानी भएको" जनाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार प्रमाणित गर्ने गरेको पाइएन ।<br>(ग) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम खरिद एवं निर्माण कार्यको बीमा गराउनुपर्नेमा गराउने गरेको पाइएन ।<br>(घ) कार्यालयले उद्धेश्य प्राप्तमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको देखिएन ।<br>(ङ) स्थानीय निकायहरुले संचालन गर्ने कार्यक्रम वा आयोजनाहरुको सहभागितामुलक किसिमले लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न बनाइएको स्था.नि.सार्वजनिक परीक्षण कार्यविधि २०६७ अनुसार उ.भो.स.हरु द्धारा संचालन गरिएका आयोजनाहरुको अन्तिम किस्ता भुक्तानी गर्दा पुर्णरुपमा सार्वजनिक परीक्षण गर्ने गरेको पाइएन ।<br>(च) चल्ती मेशिनरी र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं.२ मा अभिलेख राखेको पाइएन ।<br>(छ) काज स्वीकृत गराई वा फिल्ड निरिक्षण गर्न जादाँ फिल्ड निरिक्षण गरी फर्के पछि भए गरेका कार्यको यथार्थ स्थितिको प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेमा सो प्रतिवेदन दिने गरेको पाइएन ।<br>उपरोक्त व्यवस्था परिपालना नहनुमा त्यसको कार्यान्वयनमा प्राथमिकता प्रदान नगर्नु नै मुख्य रहेको छ । यसबाट कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीमा प्रभाव पर्दै कार्य सम्पादनमा कमजोरीपना देख्न सकिन्छ । तसर्थ कार्यालयसंग सम्वन्धीत ऐन नियमका व्यवस्थालाई पालना गर्नु गराउनु पर्दछ । | | | |
| ४३ | | **तलवी प्रतिवेदन -** निजामति सेवा ऐन २०४९ को दफा ७(ख)२ अनुसार जिल्ला स्थित सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरुको तलबी प्रतिवेदन कोष तथा लेखा नियन्त्रक कार्यालय र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५८(ञ) अनुसार स्थानीय निकाय अन्तरगतका कर्मचारीहरुको तलबी प्रतिवेदन | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | आन्तरिक लेखापरिक्षण शाखाले पारित गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस बर्ष जिविस र जिल्ला प्राविधिक कार्यालय समेतका कर्मचारीहरुलई तलबी प्रतिवेदन पारित नगराई तलबमा रु.३,०७,६५,२६३।८० जिविस अनुदान चालु /जिविस कोषबाट खर्च लेखेको छ । ऐन नियममा भएको व्यवस्था अनुरुप सम्बन्धित निकायले तलबी प्रतिवेदन पारित गराउन चासो नदिनु र यो बिषय प्राथमिकतामा नपर्नु नै यसका कारण रहेका छन् । जसले गर्दा तलबमा भुक्तानी भएको रकम वास्तविक हो होईन र सम्बन्धित कर्मचारीले प्राप्त गर्ने तलब र ग्रेड रकमको यथार्थता पुष्टि गर्न सकिने आधार देखिदैन । अत: प्रत्येक कर्मचारीको तलब र ग्रेडको यथार्थ मूल्याङ्कन गरी तलब भुक्तानी दिनको लागि बार्षिक तलबी प्रतिवेदन पारित गर्न सम्बन्धित निकायको चासो हुनुपर्ने देखिन्छ । | | | |
| ४४ | | **बेरुजू फछ्र्यौटको विवरण –** स्थानीय निकाय आ.प्र.नियमावली, २०६४ को नियम बमोजिम अन्तिम लेखापरीक्षणबाट कायम भएको बेरुजु असूल फछर्यौट गर्नु पर्ने व्यवस्था छ । कार्यालयबाट पेश भएको विवरण अनुसार आर्थिक वर्ष २०६७।६८ सम्मको केन्दीय शिर्षक र कोष तर्फको बेरुजू रु.१०,८९,८२,७३९।३४ कायम रहेकोमा रु.६,७२,८७,४२९।०० अर्थात ६१.७४ प्रतिशत फछ्र्यौट भई रु.४,१६,९५,३१०।३४ बांकी रहेको जनाएको छ । बेरुजु फछ्र्यौट हुन नसक्नुमा सम्वन्धित कार्यालयबाट प्रमाण कागजात प्रस्तुत नहुनु मुख्य कारण रहेको पाईन्छ । यसबाट हरेक वर्ष बेरुजुको परिमाण थपिदै गई ठुलो बन्दै आर्थिक व्यवस्थापन कमजोर बन्दछ । बांकी बेरुजू रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिन्छ । | | | |
| ४५ | | <u>**केन्द्रिय शीर्षक तर्फ:**</u><br><br>**योजना छनौंट –** निर्वाचन क्षेत्र विकास कार्यक्रम,(सञ्चालन कार्यविधी) नियमावली २०६५ को नियम ३(३) मा कार्यक्रम छनौंट गर्दा १ वर्ष भित्र कार्यान्वयन गर्न सकिने ५० हजार रुपैया भन्दा वढी लागत भएका कार्यक्रम छनौंट गरी कार्यान्वयन तालिका समेत वनाई सम्बन्धित जिल्ला विकास समितिको कार्यालयमा प्रत्येक आर्थिक वर्षको पहिलो चौमासिक भित्र पेश गरिसक्नु पर्ने र त्यस्तै नियम ४(१ग)मा कार्यक्रम छनौंट गर्दा १ आर्थिक वर्षमा बढीमा सात वटा कार्यक्रम छनौंट गर्न सकिने व्यवस्था छ ।<br><br>निर्वाचन क्षेत्र विकास कार्यक्रम: ३६५८२८३ तर्फबाट यस जिल्लाका माननीय सभासदहरुले निम्न अनुसारको मितिमा निम्न संख्याको योजना छनौंट गरी जिल्ला विकास समितिको कार्यालयमा पेश गरेको पाईयो । | | | |

| क. सं. | सभासदको नाम | योजना छनौट मिति | छनौट गरेको योजना संख्या | सम्झौता भएका संखया | सम्पन्न भएका संख्या | चालु रहेका संख्या | सम्झौता नभएका कार्यक्रम संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | श्री प्रकाश मान सिंह | ०६८/९/२५ | ७ | ७ | ७ | ० | ० |

| सि.नं. | भौ.नं.र मिति | विवरण | | | | | | | | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २ | श्री झक्कु प्रसाद सुवेदी | ०६८/११/१४ | ७ | ७ | ६ | १ | ० | | | |
| | | ३ | श्री चक्र वहादुर ठकुरी | ०६८/८/७ | ७ | ७ | ६ | १ | ० | | | |
| | | ४ | श्री सुप्रभा घिमिरे | ०६८/१०/०३ | ६ | ६ | ६ | ० | ० | | | |
| | | ५ | श्री नरहरि आचार्य | ०६८/१०/२६ | ७ | ७ | ६ | १ | ० | | | |
| | | ६ | श्री हितमान शाक्य | ०६८/९/१८ | ७ | ७ | ७ | ० | ० | | | |
| | | ७ | श्री हिसिला यमी (भट्टराई) | ०६८/९/१८ | ७ | ७ | ६ | १ | ० | | | |
| | | ८ | श्री नविन्द्रराज जोशी | ०६८/१०/९ | ५ | ५ | ५ | ० | ० | | | |
| | | ९ | श्री ध्यान गोविन्द रजिंत | ०६८/१०/२४ | ७ | ७ | ७ | ० | ० | | | |
| | | १० | श्री पुष्पकमल दाहाल (प्रचण्ड) | ०६८/९/३ | ४ | ४ | २ | २ | ० | | | |
| | | ११ | श्री अम्बिका वस्नेत | ०६८/१२/२३ | ६ | ६ | ६ | ० | ० | | | |
| | | १२ | श्री कल्याणी रिजाल | ०६८/९/१२ | ७ | ७ | ७ | ० | ० | | | |
| | | १३ | श्री कृष्णा अमात्य | | | | कर्यक्रम नै पेश नभएको | | | | | |
| | | १४ | श्री गगन थापा | ०६८/९/७ | ५ | ५ | ५ | ० | ० | | | |
| | | १५ | श्री तिर्थराम डंगोल | ०६८/१०/०९ | ७ | ७ | ७ | ० | ० | | | |
| | | १६ | श्री बुद्धरत्न मानन्धर | ०६८/९/२० | १ | १ | १ | ० | ० | | | |
| | | १७ | श्री मंगलसिद्धि मानन्धर | ०६८/९/१४ | ७ | ७ | ७ | ० | ० | | | |
| | | १८ | श्री रत्न गुरुङ | ०६८/१२/५ | ६ | ६ | ६ | ० | ० | | | |
| | | १९ | श्री रमा गुरागाई | ०६८/९/१७ | ६ | ६ | ५ | १ | ० | | | |
| | | २० | श्री राधेश्याम अधिकारी | ०६८/१०/२२ | ३ | ३ | २ | १ | ० | | | |
| | | २१ | श्री विजय कुमार पौडेल | ०६८/९/६ | ७ | ७ | ७ | ० | ० | | | |
| | | २२ | श्री शान्ति वस्नेत (अधिकारी) | ०६८/१२/१४ | ७ | ७ | ७ | ० | ० | | | |
| | | २३ | श्री सावित्रा भुषाल | ०६८/१०/१३ | ६ | ५ | ५ | ० | १ | | | |
| | | २४ | श्री कल्पना राणा | ०६८/११/२८ | ७ | ५ | ४ | १ | २ | | | |
| | | २५ | श्री राघवविर जोशि | ०६९/१/२० | ४ | ३ | २ | १ | १ | | | |
| | | २६ | श्री दिलिप महर्जन | ०६८/९/०३ | ४ | ४ | ४ | ० | ० | | | |
| | | २७ | श्री ईश्वरी प्रसाद दाहाल | ०६८/९/२५ | ७ | ७ | ७ | ० | ० | | | |
| | | २८ | श्री नन्द कुमार प्रसाइ | ०६९/१/१० | २ | २ | १ | १ | ० | | | |
| | | २९ | श्री महालक्ष्मी श्रेष्ठ | ०६८/११/१८ | ३ | ३ | २ | १ | ० | | | |
| | | ३० | श्री एकराज भण्डारी | ०६८/८/२३ | १ | १ | ० | १ | ० | | | |
| | | ३१ | श्री श्रामणेर आनन्द | ०६८/११/१८ | ३ | ३ | ३ | ० | ० | | | |
| | | ३२ | श्री अच्युत राज पाण्डे | ०६९/२/२ | १ | १ | १ | ० | ० | | | |
| | | ३३ | श्री पासाङ्ग शेर्पा | ०६८/८/९ | २ | २ | १ | १ | ० | | | |
| | | ३४ | श्री श्रवण कुमार अग्रवाल | ०६८/११/२२ | १ | १ | ० | १ | ० | | | |
| | | ३५ | श्री लिला न्याईच्याई | ०६८/१०/८ | ६ | ६ | ६ | ० | ० | | | |
| | | ३६ | श्री सुनिल बाबु पन्त | ०६८/१०/२ | २ | २ | १ | १ | ० | | | |
| | | ३७ | श्री पार्वती महतो कुमाल | ०६८/१२/१९ | ७ | ७ | ७ | ० | ० | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | | १८२ | १७८ | १६२ | १६ | ४ |

समयमै वजेट तथा अख्तियारी प्राप्त हुन नआएको तथा समयमै कार्यक्रम छनौंट नगरेको कारणले आर्थिक वर्षको अन्त्यमा योजना सम्झौता तथा कार्यान्वयन गर्ने र तोकिएका संख्या भन्दा वढी संख्यामा योजना छनौट गर्ने परिपाटी नै प्रमुख कारण रहेको पाईयो ।

समयमै योजना छनौट नगर्दा आर्थिक वर्षको अन्त्यमा हतार हतार कार्य गर्ने र भएका कामको समेत गुणस्तरीय कार्य नहुनसक्ने सम्भावना देखिन्छ । साथै तोकिएका संख्या भन्दा वढी संख्यामा योजना छनौट गर्दा त्यस्ता योजनामा भएको लगानी दिगो र ती योजनाले दिने प्रतिफल अपेक्षा गरे अनुसार प्राप्त गर्न कठिनाई पर्न जाने देखिन्छ । तसर्थ नियममा व्यवस्था भए अनुसारको निश्चित संख्यामा योजना छनौट गरी तोकिएकै समयमा जिल्ला विकास समितिमा पेश गरी सञ्चालन गर्न ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ ।

४६ **अनुगमन –** निर्वाचन क्षेत्र विकास कार्यक्रम,(सञ्चालन कार्यविधी) नियमावली २०६५ को नियम ८(क)(२) मा सम्बन्धित सदस्यले आफ्नो सिफारिशमा कार्यान्वयन गरिएका कार्यक्रमको वर्षमा कम्तीमा एक पटक अनुगमन गरी सो को प्रतिवेदन जिल्ला विकास समितिमा दिनु पर्ने उल्लेख छ । निर्वाचन क्षेत्र विकास कार्यक्रम: ३६५८२८३ अर्न्तगत सञ्चालित योजनाहरुको संविधान सभाका सम्वन्धित सदस्यले अनुगमन गरी सोको प्रतिवेदन जिल्ला विकास समितिमा पेश गरेको पाईएन ।

सदस्यहरुले योजना छनौटमा मात्र सक्रियता रही निर्माण चरणमा वास्ता नगर्नु नै यसको मुख्य कारण हो । यसवाट कामको स्तरीयतामा कमी आउन सक्ने देखिन्छ । सम्वन्धित सदस्यको सिफारिश पश्चात मात्र योजना रकम भुक्तानी हुनुपर्दछ ।

४७ **साना योजना -** स्थानीय विकास मन्त्रालयले बजेट खर्च गर्ने अख्तियारी पत्रको साथ कार्यक्रम संचालनको निर्देशन नं.७ मा आयोजनाहरुमा बजेट बाँडफाँड गर्दा एउटा आयोजनामा रु ५ लाख भन्दा घटी बजेट विनियोजन गर्न नपाइने व्यवस्था गरेको छ ।

केन्द्रियस्तरका सडकहरु (३३७१०७४) तर्फबाट  कार्यालयले यस वर्ष निम्न २२ वटा सडकहरुमा रु.६५ लाख ३० हजार उपरोक्त व्यवस्था विपरित रु ५ लाख भन्दा घटी बजेट विनियोजन गरी खर्च गरेको पाइयो ।

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | महादेवस्थान किसिपिडि बालागाउं सडक | ४०००००/- |
| २ | बाटुलेसिम सिमलफेदी बुढानिलकण्ठ सडक | ४०००००/- |
| ३ | धर्मस्थली देउकीफांट फेदीबजार सडक | २०००००/- |
| ४ | साङ्गला काभ्रेस्थली सडक | ४३००००/- |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | |
|---|---|---|
| ५ | स्युचाटार रामकोट भीमढुंगा सडक | २०००००/- |
| ६ | मनमैजु गैरीगाउं माथिल्लो थली सडक | ४०००००/- |
| ७ | बज्रयोगिनी मणिचुड सडक | ४०००००/- |
| ८ | ढुगेंधारा मार्ग निर्माण बाटो ढलान | २०००००/- |
| ९ | मगंलघरे तौलुङ्ग सडक | २०००००/- |
| १० | धापासी मार्गको ओरालो गल्ली कालोपत्रे | ३०००००/- |
| ११ | च्यानेखोला पैयांटार सडक | २०००००/- |
| १२ | कपन माईक्रोबसपार्क  एकताटोल सडक | २०००००/- |
| १३ | मुसुङ्गखेल ढाक्सी सडक | २०००००/- |
| १४ | सगुन मार्ग सडक निर्माण | ४०००००/- |
| १५ | इचगुंनारायण ४ सडक गा.वि.स.जाने | ४०००००/- |
| १६ | सतुङ्गल मुलखुसी किर्तिपुर टौदह सडक | २०००००/- |
| १७ | दक्षिणकाली क्षेत्र बालकुमारी मन्दिर टेवा पर्खाल | ४०००००/- |
| १८ | बालाजु वाईपास फुटुङ्ग गुर्जेभन्ज्याङ्ग सडक | २०००००/- |
| १९ | ज्ञानभुमि मार्ग टुसालचौर सडक | २०००००/- |
| २० | मनमैजु फुटुङ्ग जाने सडक | ४०००००/- |
| २१ | आगमन टोल सडक | ४०००००/- |
| २२ | किर्तिपुर सागलटोल सल्यानथान जाने सडक | २०००००/- |
| | **जम्मा** | **६५३००००/-** |

कार्यालयले उपरोक्त व्यवस्थाको पालना नगरी पटके निर्णयको आधारमा खर्च गर्नुपर्ने प्रमुख कारण रहेको देखिन्छ । यसबाट पटके निर्णय गरी योजना संचालन गर्ने पद्धतीको विकास हुन सक्दछ । तसर्थ कार्यालयले नियममा भएको व्यवस्थाको पालना गर्न ध्यान दिनु पर्दछ । यसर्थ उपरोक्त व्यवस्था विपरित खर्च गरेको नियमानुसार भएको देखिएन ।

४८ **<u>योजना कार्यान्वयन अवधि -</u>** स्थानीय विकास मन्त्रालयले वजेट खर्च गर्ने अख्तियारी पत्र साथ पठाएको कार्यक्रम संचालन सम्वन्धमा थप निर्देशनको वुदा नं. १० मा यस कार्यक्रमवाट संचालित योजना २०६९ जेष्ठ मसान्त सम्म अनिवार्य रुपमा सम्पन्न हुने गरी कार्ययोजना स्विकृत गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।

तर कार्यालयले केन्द्रिय स्तरका सडकहरु (३३७१०७४) तर्फबाट  यस वर्ष संचालन गरेका ३३ वटै योजनाहरु मिति २०६९ जेष्ठ १९ गते र सो मिति भन्दा पछि २०६९।३।२५ मा सम्पन्न गरेको जनाएको छ भने

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | उक्त ३३ वटै योजनाको लागी २०६९ असार महिनामा रु.१,१४,६७,८००।०० (शत प्रतिशत) खर्च लेखी भुक्तानी दिएको पाईयो । | | | |
| | | अख्तियारी समयमा प्राप्त नहुनु र निर्देशिकाको कार्यान्वयन गर्न ध्यान नदिनु नै प्रमुख कारण रहेको छ । तोकिएको समयमा काम सम्पन्न गर्न नसकि असार महिनामा मात्र कार्य गर्ने प्रवृतिले कामको गुणस्तरियतामा प्रभाव पार्न सक्ने देखिन्छ । तसर्थ कार्यालयले मन्त्रालयले अख्तियारी प्रदान गर्दा दिएका निर्देशनहरुको परिपालना गर्न ध्यान दिनुपर्ने आवश्यक्ता देखिन्छ । | | | |
| ४९ | | **जिल्ला यातायात गुरु योजना –** स्थानीय विकास मन्त्रालयले बजेट खर्च गर्ने अख्तियारी पत्रको साथ कार्यक्रम संचालन निर्देशन नं. १ मा जिल्ला विकास समितिबाट तयार भएको जिल्ला यातायात गुरु योजनालाई आधार मानी आयोजना छनौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले केन्द्रिय स्तरका सडकहरु (३३७१०७४) तर्फबाट यस वर्ष छनौट गरी संचालन गरेका योजनाहरु मध्ये निम्न २६ योजनाहरु जिल्ला यातायात गुरुयोजनामा नपरेका योजनाहरु छनौट गरी संचालन गरी रु.१,०४,९९,३३६.१० खर्च गरेको पाइयो । | | | |

| सिं. नं. | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १. | महादेवस्थान २ किसिपिडी कृष्णमन्दिर हुंदै बालागाउं जाने बाटो | ५०४,११५।५४ |
| २. | बाटुले सिम–बालुवामहांकाल–सिमलफेदी–तारेभीर–बूढानीलकण्ठ सडक निर्माण | ४८५,१३९।८९ |
| ३. | धर्मस्थली–देउकीफांट–मसलाबोट–फेदीबजार सडक निर्माण | २५१,४७२।८१ |
| ४. | चापागाईंचोक कुमालटार नागार्जुन मा.वि. जाने सडक निर्माण | ६१०,६६४।४४ |
| ५. | टौदह स्कूलबाट खत्रीगाउं जाने बाटो निर्माण | ६०८,९८६।८२ |
| ६. | मनमैंजू ८ गैरीगाउं माथिल्लो थलीको कच्ची मोटरबाटो कालोपत्रे | ५२६,५२५।६८ |
| ७. | ढुङ्गेधारा मार्ग निर्माण (बाटो ढलान) | २४१,५९८।७६ |
| ८. | मङ्गलघरे तौलुङ्ग सडक निर्माण | २४५,२१९।२९ |
| ९. | धापासी मार्गको ओरालो गल्लीमा कालोपत्रे | ३६८,३७९।६५ |
| १०. | विष्णुमती खोलादेखि राधाकृष्ण मन्दिर हुंदै थारथोकसम्म पुग्ने बाटो | ६०९,४१६।२२ |
| ११. | नेपाल महिला संघको भवनबाट उत्तर पूर्व नेचर क्लबसम्म कालोपत्रे | ६६६,२१६।४० |
| १२. | च्यानेखोला पैंयाटार सडक निर्माण | १९४,०६०।१३ |
| १३. | कपन माइकोपार्क एकताटोल सडक निर्माण | १९३,६४७।७६ |
| १४. | भुसुङ्गखेल ढाक्सी सडक निर्माण | १९४,८९८।९८ |
| १५. | राधाकृष्ण मन्दिर–बुद्धचोक–टाउन प्लानिङ्ग सडक निर्माण, एराहिटी | ४८६,७३१।७५ |
| १६. | सगुनमार्ग सडक निर्माण | ३९९,६७०।४३ |
| १७. | आद्यकालिका मार्ग सडक निर्माण | ४९९,९८२।३४ |
| १८. | झांगाडोल–थापाडांडा ७ (भद्रवास) जाने सडक कालोपत्रे | ४८४,००७।९८ |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | |
|---|---|---|
| १९. | पुष्पलाल पार्कबाट चाल्नाखेल (मच्छेगाउँ) दक्षिणकाली सडक | ४८४,६६१।५५ |
| २०. | ईचंगुनारायण ४ सडक (गा.वि.स. जाने) निर्माण | ३९१,६४९।७४ |
| २१. | दक्षिणकाली क्षेत्र बालकुमारी मन्दिर टेवापर्खाल | ३८८,७६१।४० |
| २२. | ज्ञानभूमि मार्ग टुसालचौर सडक निर्माण | १९५,३४४।६९ |
| २३. | मनमैंजू ८ महादेव मन्दिर–सार्वजनिक धारा–फुटुङ्ग जाने सडक निर्माण | ३८९,८९८।२२ |
| २४. | कीर्तिपुर १६ नगाउं खल हुदै चिखुवासम्म जाने सडक निर्माण | ४८५,३३३।१९ |
| २५. | आगमनटोल सडक निर्माण | ३९९,२०४।४७ |
| २६. | कीर्तिपुर सागलटोल हुदै सल्यानथान जाने सडक निर्माण | १९३,७४७।९७ |
| | **जम्मा** | **१,०४,९९,३३६।१०** |

जिल्ला यातायात गुरुयोजनामा नपरेका २६ सडक योजनाहरुलाई रु.१,०४,९९,३३६/१० विनियोजन गरेको पाइयो ।

यसरी गुरुयोजनामा नपरेका सडकहरुलाई बजेट विनियोजन गर्नुमा निर्देशिकाको कमजोर परिपालना हुनु, पहुंच र प्रभावका आधारमा बजेट विनियोजन गरिनुनै प्रमुख कारण देखिन्छ ।

यसरी प्राथमिकतामा नपरेका सडकहरुलाई बजेट विनियोजन गरी खर्च गरिंदा गुरुयोजनामा परेका सडकहरुको लागि बजेट कम भई समयमै काम सम्पन्न नहुने, थप नयां योजना संचालन गरिंदा भविष्यमा सो योजनालाई पूर्णता दिन बजेट अभाव हुने जस्ता प्रभाव पर्ने देखिन्छ ।

गुरुयोजनामा परेका योजनाहरुलाई प्राथमिकतादिई बजेट विनियोजन नगर्ने तथा निर्देशिकाको पूर्ण परिपालना नगर्ने कार्यलाई नियमसम्मत खर्च भएको देखिएन ।

५० **बिमा** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १२० मा १० लाख रुपैया भन्दा वढी मुल्यको निर्माण कार्यको बिमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट संचालित निम्न योजनाहरुमा रु.१० लाख भन्दा वढी मुल्यको निर्माण कार्यको बिमा गराएको पाइएन । जसका केही उदाहरणहरु निम्नानुशार छन्

| सि.नं. | योजनाको नाम | लागत अनुमान रकम |
|---|---|---|
| १ | महेन्द्र राष्ट्रिय मा.वि.भवन निर्माण ,बालुवाटार | २५७६२०६६.९९ |
| २ | नेपाल खाद्य संस्थान प्रयोगशाला भवन निर्माण | ५४८२०७३०.८२ |
| ३ | चापाबोट उच्च मा.वि.भवन निर्माण | ४४८४२९६२.०८ |
| | **जम्मा** | **१२५४२५७५९.८९** |

उपरोक्त निर्माण कार्यको बिमा हुन नसक्नुमा भारतिय दुतावासले बिमाको स्वीकृति नदिएको र कार्यालयले बिमा गर्नुपर्छ भन्ने कार्यमा ध्यान नपुर्याएको कारण बिमा हुन नसकेको हो । बिमा नहुंदा भविष्यमा आईपर्ने जोखिमलाई न्युनिकरण गर्न समस्या पर्दछ । तसर्थ कार्यालयले नियमावलीमा भएको व्यवस्थाको पालना गरि

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

सम्भाव्य जोखिम न्युनिकरण गर्न ध्यान दिनुपर्ने देखिन्छ ।

५१ **टुक्रा कार्य –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) खरिद कार्य गर्दा प्रतिष्पर्धा सिमित हुने गरि टुक्राटुक्रा पारि खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले यस वर्ष केन्द्रीयस्तरका सडक र अन्य शिर्षकबाट एकै योजनामा निर्माण कार्य गर्दा पटक पटक गरि टुक्रा पारि कार्य गराएको पाईयो ।

| सि.नं. | योजनाको नाम | भुक्तानी रकम | भुक्तानी शीर्षक |
|---|---|---|---|
| १ | किर्तिपुर सागलटोलबाट सल्यानथान जाने सडक | १९३६८२.०० | केन्द्रीयस्तरका सडक |
| २ | किर्तिपुर सागलटोलबाट सल्यानथान जाने सडक | ३०८५७९.१२ | सडक बोर्ड |
| ३ | च्यानेखोला पैंयाटार सडक | १९३४२३.४६ | केन्द्रीयस्तरका सडक |
| ४ | च्यानेखोला पैंयाटार सडक | ३८७९९१.३३ | कृषि सडक |
| ५ | सतुङ्गल विष्णुदेवी बल्खु मुलखुसी किर्तिपुर टौदह सडक | १९४१८६.०० | केन्द्रीयस्तरका सडक |
| ६ | सतुङ्गल विष्णुदेवी बल्खु मुलखुसी किर्तिपुर टौदह सडक | ३८७८४७.६४ | कृषि सडक |
| | **जम्मा** | **१६६५७०९.५५** | |

यसो हुनुमा कार्यालयले ऐन नियमको पालनामा ध्यान नपुर्याउनु प्रमुख कारण रहेको छ । ऐन नियमको पालनामा ध्यान नपुर्याउदां प्रतिस्प्रधा सिमित हुन गएको छ । तसर्थ कार्यालयले ऐन नियममा भएको व्यवस्थाको पालना गरि प्रतिस्पर्धा सिमित नहुने गरि कार्य गराउनुपर्दछ भने प्रतिस्पर्धा सिमित हुने गरि भए गरेको कार्य नियमानुशार भएको नदेखिएको रु.

१६६५७०९.५५

५२ **योजना संचालन -** स्थानीय विकास मन्त्रालयको बजेट खर्च गर्ने अख्तियारी पत्र साथै यस कार्यक्रम संचालन पठाएको थप निर्देशन शर्तहरु को वुदाँ नं. ५ मा योजनागत बजेट विनियोजित गर्दा मर्मत सम्भार कार्य बाहेक एउटा आयेजनामा रु ५ लाख भन्दा बढी बजेट विनियोजन गर्नु पर्ने व्यवस्था गरेको छ ।

स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम (३६५८०८३) तर्फबाट कार्यालयले यस वर्ष यस कार्यक्रमबाट २० वटा सडक निर्माण तथा स्तरोन्नती कार्य गर्न छनौट गरी निर्माण तथा स्तरोन्नती कार्य गराएकोमा निम्न ६ वटा सडकहरुमा रु ५ लाख भन्दा घटी रकम विनियोजित गरी खर्च गरेको पाइयो ।

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | च्यानेखोला पैंयाटार सडक ,धर्मस्थली | ४०००००।०० |
| २ | सतुङ्गल विष्णुदेवी मुलखुसी राराहिल टौदह सडक | ४०००००।०० |
| ३ | सोल्टी दोबाटो रामकोट सडक,सितापाईला | ४०००००।०० |
| ४ | तीनथाना किर्तिपुर सडक,तीनथाना,किर्तिपुर | ३०००००।०० |
| ५ | कंलकी स्युचाटार रामकोट सडक ,स्युचाटार | ४०००००।०० |
| ६ | कात्तिके भन्ज्याङ्ग जर्सिङ्गपौवा सडक,लप्सिफेदी | ४०००००।०० |
| | **कुल जम्मा** | **२३०००००।००** |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | कार्यालयले रु ५ लाख घटीका ६ वटा सडकमा रु २३ लाख  रकम विनियोजन गरी खर्च गरेको पाइयो ।<br>यसरी ५ लाख घटीको योजना छनौट गर्नुमा निर्देशिकाको कमजोर परिपालना हुनु, पहुँच र प्रभावका आधारमा बजेट विनियोजन गरिनु नै प्रमुख कारण देखिन्छ । यरी पाँच लाख भन्दा घटीका योजना छनौट गर्दा निर्देशिकाको उद्देश्य अनुरुपको कार्य नहुनु र साना कार्यक्रममाग लगानी भई समग्र विकासका ठुला आयोजना संचालन तथा कार्यान्वयनमा प्रभाव पर्न जाने देखिन्छ । तसर्थ कार्यालयले अख्तियारी प्राप्त गर्दाको निर्देशनको पालना गरी तोके बमोजिमका योजना संचालन गर्न ध्यान दिनुपर्ने देखिन्छ । यसर्थ उपरोक्त व्यवस्था विपरित खर्च गरेको नियमानुसार भएको देखिएन । | | | |
| ५३ | | **मर्मत सम्भारकोष –** स्थानीय पुर्वाधार तथा कृषि सडक विभाग (३६५८०८३) तर्फबाट स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६३ को निर्देशन नं.१०.५ मा कृषि तथा स्थानीयस्तरका सडक आयोजनाको लागि प्रतिवर्ष उपलब्ध कुल बजेट रकमको कम्तिमा ५ प्रतिशत रकम सडक मर्मत सम्भारको लागि अनिवार्य रुपमा विनियोजन गरी उक्त रकम ग्रामीण सडक मर्मत सम्भार निर्देशिका, २०६४ मा व्यवस्था भए अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ ।<br>स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम (३६५८०८३।८४) तर्फबाट यस कार्यालयले ब.शि.न.३६५८०८३ मा विनियोजन भएको रु.१,७८,४०,०००।– र ब.शि.न.३६५८०८४ मा विनियोजन भएको रु.७५,००,०००।–  समेत जम्मा रु.२,५३,४०,०००।– को ५ प्रतिशतले हुने रकम रु.१२,६७,०००।– सडक मर्मत सम्भारको लागि विनियोजन गर्नुपर्नेमा मर्मत कोषमा रकम विनियोजननै गरेको पाइएन । कार्यालयले  मर्मत सम्भार कोष निर्देशिका तयार गरी सोही निर्देशिकामा व्यवस्था भए अनुसार सडकहरुको मर्मत सम्भार गरी यातायात सञ्चालन गर्नुपर्ने व्यवस्था छ ।<br>निर्देशिका अनुसार बजेट विनियोजन नगर्नुमा मर्मत सम्भारका लागि धेरै रकम आवश्यक ठानेको तथा निर्देशिकाको पालना नहुनु नै मुख्य कारण हो ।<br>यसबाट मर्मत सम्भारमा बजेट खर्च नभई बन्ने सडक आयोजनाबाट प्राप्त हुने लाभबाट वञ्चित हुनु परेको छ ।<br>कार्यालयले मर्मत सम्भार कोषमा विनियोजन नै नगरि  निर्देशिकाको व्यवस्थाको पालना  नगरेको नियमानुसार भएको देखिएन । | | | |
| ५४ | | **जिल्ला यातायात गुरुयोजना –** कृषि तथा स्थानीय स्तरका सडक (स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम) कार्यान्वयन निर्देशिका, २०६३(पहिलो संशोधन, २०६६) को दफा ५.२ मा जिल्ला तथा नगर यातायात गुरु योजनामा प्राथमिकतामा परेका स्थानीय जनताको आधारभूत सेवा तथा अवसरमा पहुंच अभिबृद्धि गर्ने सडकहरुको | | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
छनौट गरी निर्माण गर्नुपर्ने व्यवस्था छ ।
स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम (३६५८०८३) तर्फबाट कार्यालयले यस वर्ष छनौट गरी संचालन गरेका २० वटा सडक योजना मध्ये निम्न ५ वटा योजनाहरु जिल्ला यातायात गुरुयोजनामा नपरेका कृषि सडकहरुलाई निम्नानुसार बजेट विनियोजन गरी छनौट गरी संचालन तथा खर्च गरेको पाईयो ।
<table>
<tr><th>सिं. नं.</th><th>योजनाको नाम</th><th>विनियोजित रकम</th><th>खर्च रकम</th></tr>
<tr><td>१.</td><td>च्यानेखोला पैंयाटार सडक ,धर्मस्थली</td><td>४०००००।००</td><td>३८८०००।००</td></tr>
<tr><td>२.</td><td>बोहराटार पृथ्वी मा.वि.धिताल चोक सडक</td><td>५०००००।००</td><td>५०००००।००</td></tr>
<tr><td>३.</td><td>ब्रम्हखेल मुलपानी सडक डांछी ,मुलपानी</td><td>५०००००।००</td><td>५०००००।००</td></tr>
<tr><td>४.</td><td>तिनथाना किर्तिपुर सडक तीनथाना,किर्तिपुर</td><td>३०००००।००</td><td>३०००००।००</td></tr>
<tr><td>५.</td><td>काभ्रेस्थली १ फुटुङ्ग सडक काभ्रेस्थली फुटुङ्ग</td><td>५०००००।००</td><td>५०००००।००</td></tr>
<tr><td colspan="2">जम्मा:</td><td>२२,०००००।००</td><td>२१८८०००।००</td></tr>
</table>
जिल्ला यातायात गुरु योजनामा नपरेका ५ सडक योजनाहरुलाई रु.२२,००,०००।०० विनियोजन गरेकोमा रु.२१,८८,०००।०० खर्च गरेको छ ।
यसरी गुरुयोजनामा नपरेका सडकहरुलाई बजेट विनियोजन गर्नुमा निर्देशिकाको कमजोर परिपालना हुनु, पहुंच र प्रभावका आधारमा बजेट विनियोजन गरिनुनै प्रमुख कारण देखिन्छ ।
यसरी प्राथमिकतामा नपरेका सडकहरुलाई बजेट विनियोजन गरी खर्च गरिंदा गुरुयोजनामा परेका सडकहरुको लागि बजेट कम भई समयमै काम सम्पन्न नहुने, थप नयां योजना संचालन गरिंदा भविष्यमा सो योजनालाई पूर्णता दिन बजेट अभाव हुने जस्ता प्रभाव पर्ने देखिन्छ ।
गुरुयोजनामा परेका योजनाहरुलाई प्राथमिकतादिई बजेट विनियोजन नगर्ने तथा निर्देशिकाको पूर्ण परिपालना नगर्ने कार्यलाई नियमसम्मत खर्च भएको देखिएन ।
</td><td></td><td></td><td></td></tr>
<tr><td>५५</td><td>४३।०६९।३।१९</td><td>स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम (३६५८०८३।८४) तर्फबाट शालिनदीमा आर.सि.सि.मोटरबल पुल निर्माण कार्यको लागत अनुमान रु.१,८९,८४,१४७।३९ (मु.अ.कर समेत) रहेकोमा बोलपत्रको माध्यमद्धारा ठेक्का व्यवस्थापन गर्दा निर्माण व्यवसायी महालक्ष्मी/कंडेल/वि.एन.सि.जे.भि.काठमाडौंको कवोल अंक रु.१,८९,३६,०१२।१० (मु.अ.कर समेत) लागत अनुमान भन्दा .०२५४ घटीमा मिति ०६९।३।४ भित्र कार्य सम्पन्न गर्ने गरी मिति ०६८।३।५ मा संभौता भएको पाईयो । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्न अनुसार छन्</td><td></td><td></td><td></td></tr>
<tr><td>५५.१</td><td></td><td>BOQ -(Bill of quantities) को आइटम नं.४.३ मा Purchase and supply of brand new four stroke motorbike of engine capacity 150cc or above including cost of ownership</td><td>४,५२,०००/-</td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>transfer and insurance all complete for site supervision as per instruction of engineer भनि उल्लेख भएको पाईयो । कार्यालयले निर्माण व्यवसायीलाई प्रथम रनिङ्ग विलको रकम भुक्तानी गर्दा ब्यइत्त मा उल्लेख भए अनुसार २ वटा मोटरसाईकल वापतको रकम रु.४,००,०००।०० र मु.अ.कर रु.५२०००।०० समेत जम्मा रु.४,५२,०००।०० भुक्तानी दिएको पाईयो । BOQ मा उल्लेख भए अनुसार उक्त २ वटा मोटरसाइकलहरु कार्यालयले स्वामीत्वमा लिई जिन्सी आम्दानी गरेको देखिएन । उक्त मोटरसाईकल कार्यालयले स्वामित्वमा लिन आवश्यक पहल नगरेको कारण कार्यालयमा दाखिला नभएको हुन सक्दछ ।ब्यइत्त र संझौता अनुसार उक्त मोटरसाईकलहरु स्वामीत्वमा लिई जिन्सी दाखिला नहुंदा कार्यालयको उक्त सामान हिनामिना हुनसक्ने सम्भावना देखिन्छ । तसर्थ कार्यालयले BOQ र सम्झौता उल्लेख भए अनुसार उक्त २ थान मोटरसाईकल स्वामित्वमा लिई जिन्सी आम्दानी बांध्नु पर्ने देखिएको रु .</td><td></td><td></td><td></td></tr>
<tr><td>५५.२</td><td></td><td>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम ८४ (६) मा कुनै संयुक्त उपक्रम खरिद सम्झौताको लागी छनौट भएमा सम्वन्धित स्थानीय निकायले त्यस्तो संयुक्त उपक्रमलाई त्यस्तो उपक्रमको संयुक्त दायित्व र संयुक्त उपक्रमका साझेदारको व्यक्तिगत दायित्व समेत रहने गरी आन्तरिक राजश्व कार्यालयमा स्थायी लेखा नम्वर र मुल्य अभिवृद्धि कर दर्ता गर्न लगाउनु पर्ने व्यवस्था छ । कार्यालयले उक्त पुल निर्माण कार्यको निर्माण व्यवसायी महालक्ष्मी । कडेंल। वि.एन.सि.जे.भी.आन्तरिक राजश्व कार्यालयमा मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण माग गरी श्रेस्ता साथ राखेको पाइएन भने यस वर्ष रनिङ्ग विलको निम्नानुसारको रकम भुक्तानी दिदां मुल्य अभिवृद्धि कर रु.५,०६,७७२।६४ भुक्तानी दिएको पाईयो ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">गौ.भौ नं. र मिति</th><th colspan="3">भुक्तानी</th></tr>
<tr><th>रकम</th><th>मु.अ.कर</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>४३।०६९।३।१९</td><td>३२१८२०९/९६</td><td>४१८३६७/३०</td><td>३६३६५७७/२६</td></tr>
<tr><td>२</td><td>७१।०६९।३।२८</td><td>६८००४१/०५</td><td>८८४०५/३४</td><td>७६८४४६/३९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३८९८२५१/०१</td><td>५०६७७२/६४</td><td>४४०५०२३/६५</td></tr>
</table>
निज निर्माण व्यवसायीलाई आन्तरिक राजश्व कार्यालयमा दर्ता गरेको प्रमाण नराख्नुमा कार्यालयलाई जानकारी नभएको कारण हुन सक्छ । निज निर्माण व्यवसायि आन्तरिक राजश्व कार्यालयमा मुल्य अभिवृद्धि करमा दर्ता नहुंदा निज निर्माण व्यवसायीले भुक्तानी लिएको मु.अ.कर रकम राजश्व खातामा दाखिला नहुन सक्दछ । तसर्थ कार्यालयले निज निर्माण व्यवसायी मु.अ.करमा दर्ता भई भुक्तानी लिएको मु.अ.कर आन्तरिक राजश्व कार्यालयमा दाखिला गरेको प्रमाण समेत पेश गन लगाउनु पर्ने देखिएको रु.</td><td>५,०६,७७२/६४</td><td></td><td></td></tr>
<tr><td>५६</td><td>५४।०६९।३।२६, ६१।०६९।३।२६</td><td>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम ४५(२) क)मा खर्च गर्ने रकम स्वीकृत बजेट भित्र र सम्वन्धित खर्च शिर्षक नम्वरमा परेमा अधिकार प्राप्त अधिकारीले खर्च गर्न आदेश दिन सक्ने व्यवस्था छ । स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम (३६५८०८३।८४) तर्फबाट हस्तान्तरित खानेपानी योजना तर्फका ५ जना कर्मचारीहरुको २०६९ बैशाख महिनाको रु.५४७०७।०० र २०६९ जेष्ठ र आषाढ महिनाको तलव रु.१,४१,९९४।०० समेत जम्मा रु.१,९६,७०१।०० खर्च लेखी भुक्तानी दिएको पाईयो ।</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><th>गौ.भौ नं.र मिति</th><th>खर्च रकम</th><th>कैफियत</th></tr>
<tr><td>५४-०६९/३/२६</td><td>१४१९९४/-</td><td>०६९ जेष्ठ र आषाढको खानेपानी तर्फका कर्मचारीहरुको तलव</td></tr>
<tr><td>६१-०६९/३/२६</td><td>५७८२३/१२</td><td>०६९ बैशाखको खानेपानी तर्फका कर्मचारीहरुको तलव</td></tr>
<tr><td>५६-०६९/३/२६</td><td>१२००००/-</td><td>प्राविधिक कार्यालयका कर्मचारीहरुको लुगा भत्ता खर्च</td></tr>
<tr><td>७३-०६९/३/२६</td><td>५१०९७२/-</td><td>प्राविधिक कार्यालयका कर्मचारीहरुको नपुग तलव र प्रशासनिक खर्च रकम भुक्तानी</td></tr>
<tr><td>जम्मा</td><td>८३०७८९।१२</td><td></td></tr>
</table>
यसरी फरक शिर्षकबाट तलव खर्च लेखी भुक्तानी दिनुमा खानेपानी बजेट शिर्षकमा तलवको रकम कम भएको मुख्य कारण रहेको देखिन्छ । यसरि फरक शिर्षक पारी तलव खर्च लेख्दा यस शिर्षकमा बढि तलव खर्च लेखेको पाईयो । बजेट शिर्षक फरक पारी तलव खर्च लेख्दा यस शिर्षकमा वढि खर्च लेखेको खानेपानी तर्फका कर्मचारीको तलव यस शिर्षकबाट लेखेको नियमानुशार नभएको देखिएको रु.
</td><td>८,३०,७८९/१२</td><td></td><td></td></tr>
<tr><td>५७</td><td>७२।०६९।३।२८</td><td>शालीनदी मोटरवल पुल निर्माण कार्यको गो.भौ.नं.७१।०६८।३।२८ मा निर्माण व्यवसायी महालक्ष्मी । कडेंल । वि.एन.सी.जे.भी.लाई रकम रु.७६८४४६।०० भुक्तानी दिदां धरौटी रु.३४००२।०० ,अग्रिम कर रु.१०७१०।०० र निर्माण व्यवसायी कर रु.६८०।०० समेत जम्मा रु.४५,३९२।०० कट्टि गरी भुक्तानी दिएकोमा उक्त धरौटी र कर रकम सम्वन्धित खाताहरुमा यथासमयमै दाखिला हुनुपर्नेमा सम्वन्धित खातामा दाखिला नभई बांकी रहेकोले कार्यालयले आर्थिक वर्षको अन्त्यमा बजेट खर्च लेखेको रकम घटाई हिसाव मिलान गरेको पाईयो ।</td><td></td><td></td><td></td></tr>
<tr><td>५८</td><td></td><td>
ड्रइङ्ग, डिजाइन - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा स्वीकृत योजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण,ड्रइङ्ग,डिजाईन ,लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरि सोहि आधारमा वार्षिक वजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ ।
कार्यालयले यस वर्ष ग्रामिण खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत ८ वटा योजना संचालन गरेकोमा उपरोक्त अनुसार विस्तृत सर्वेक्षण,ड्रइङ्ग,डिजाईन तयार गरेको पाईएन । उक्त संचालित ८ वटै योजनाको कार्यालयले यस वर्ष बजेट विनियोजन भएको आधारमा लागत अनुमान तयार गरी कार्य गराएको पाइयो ।
<table>
<tr><th>सि.नं.</th><th>योजनाको नाम</th><th>विनियोजित रकम</th><th>यस वर्षको खर्च रकम</th></tr>
<tr><td>१.</td><td>चाबु खानेपानी योजना,छैमले</td><td>५०००००</td><td>४४००००</td></tr>
<tr><td>२.</td><td>बुढानिलकण्ठ खानेपानी योजना ,बुढानिलकण्ठ १</td><td>४०००००</td><td>३८८०००</td></tr>
<tr><td>३.</td><td>घुमारचोक खानेपानी योजना,बज्रयोगिनि ८</td><td>५०००००</td><td>४८५०००</td></tr>
<tr><td>४</td><td>साङ्गला वृहत खानेपानी योजना,सागंला १,७</td><td>८०००००</td><td>६९७०००</td></tr>
<tr><td>५</td><td>सानो खहरे खानेपानी योजना,सुन्टोल ८</td><td>५०००००</td><td>४८५०००</td></tr>
<tr><td>६</td><td>धारापानी खानेपानी योजना,मातातीर्थ २</td><td>४०००००</td><td>३८८०००</td></tr>
<tr><td>७</td><td>सातघट्टे खानेपानी योजना,गागलफेदी २</td><td>४०००००</td><td>३८८०००</td></tr>
<tr><td>८.</td><td>साखुं खोनपानी योजना ,साखुं</td><td>५०००००</td><td>४७५३००</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | जम्मा | ४०००००० | ३७४६३०० |

कार्यालयले ड्रइङ्ग, डिजाइन नगरि योजना संचालन गर्नुमा बजेट विनियोजनलाई आधार मानि कार्य गराएको देखिन्छ । ड्रइङ्ग,डिजाईन नगरि कार्य गराउंदा उक्त योजनाहरु सफल नहुन सक्दछन् । तसर्थ कार्यालयले नियमानुशारको ड्रइङ्ग, डिजाइन तयार गरि कार्य गराउन ध्यान दिनुपर्ने आवश्यकता देखिन्छ ।

५९ **कार्य सिमा -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४को नियम १५५ (१) मा स्थानीय स्तरमा संचालन हुने आयोजना मध्ये ३५ लाख रुपैया सम्मका लागत अनुमानका कार्यक्रम स्थानीय उपभोक्ता समुहद्वारा गठित उपभोक्ता समितिद्वारा गराउन प्राथमिकता दिनुपर्ने कुरा उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१) मा ६० लाख रुपैया सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्वन्धि सेवा उपभ्फोक्ता समिति वा लाभग्राहि समुदायबाट गराउन वा प्राप्त गर्न सकिने व्यवस्था छ ।

ब.शि.न.३६५८०८४ (स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम) र आन्तरिक श्रोत पुंजिगत तर्फबाट कार्यालयले यस वर्ष निर्माण गरेका निम्न ३ सडक निर्माण कार्यको लागत अनुमान रु. ६० लाख भन्दा वढि भएकोमा उपभोक्ता समितिसंग संभ्फौता गरी कार्य गराई भुक्तानी दिएको पाईयो ।

| गो.भौ.नं. र मिति | योजनाको नाम | लागत अनुमान रकम | भुक्तानी रकम | ब.शि.नं. |
|---|---|---|---|---|
| १९-०६९/३/२०, ५-०६८/१२/१४ | सांखु पालुवारी नगरकोट सडक निर्माण | ६३५८१७९ | ५३३५००० | ३६५८०८४ |
| १३९/२०६८/११/२२ | फर्पिङ्ग हुमाने मोटरबाटो टल्कु डुडेचौर गा.वि.स. | ६२०८३०४ | ५०००००० | आन्तरिक श्रोत पुंजिगत |
| ५४/०६८/६/१० | बालाजु मनमैजु गुर्जेभन्ज्याङ्ग सडक निर्माण | ६२७८३६५ | ५०००००० | आन्तरिक श्रोत पुंजिगत |
| | **जम्मा** | **१८८४४८४८** | **१५३३५०००** | |

यसरी तोकिएको रकमको हदभन्दा वढि लागतको योजना उ.स.बाट काम गराउनुमा नियममा तोकिएको व्यवस्थाको पालनामा ध्यान नदिनु नै प्रमुख कारण रहेको देखिन्छ । नियममा तोकिएको रकमको हदभन्दा माथिको काम उ.स.बाट गराउंदा उचित प्रविधि,गुणस्तर , दिगोपना र प्रतिस्पर्धा जस्ता पक्षहरु ओभ्फेल पर्न जाने सम्भावना रहन्छ । तसर्थ कार्यालयले नियममा तोकिएको रकम रु. ६० लाख रुपैंया भन्दा वढि लागतको कार्य उपभोक्ता समितिबाट गराएको नियमानुसार भएको देखिएन ।

६० **अधुरो कार्य -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली ,२०६४ को नियम ६४ (६ ) मा निर्माण कार्यको लागत अनुमान त्यस्तो लागत अनुमान तयार गर्ने प्राविधिक भन्दा एक तह माथिको प्राविधिक वा प्राविकिधकहरुको समुहलाई डिजाईन समेत जांच्न लगाई कुनै त्रुटि देखिएमा त्यस्तो त्रुटी सच्याउन लगाउनु पर्ने व्यवस्था छ । कार्यालयबाट निम्न सडक निर्माण कार्य गर्दा Carrying out the construction operation of water bound macadam WBM road for base course compaction with 8 to 10 road roller को काम गरि सकेपछि पिच गर्ने कार्य गर्नुपर्नेमा WBM को

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td>६१</td><td></td><td>
कार्य मात्र गर्ने गरी लागत अनुमान तयार गरी सोही अनुसारको भुक्तानी दिएको पाईयो । उक्त सडकमा पिच गर्नुपर्दा हाल गरेको WBM को कार्य पुन गर्नुपर्ने अवस्था रहन्छ । WBM को कार्य गरि छोडेको उक्त सडकमा पिच गर्ने कार्य कहिले गरिने हो सो समेत कार्यालयले कार्य योजना तयार गरेको पाईएन ।
<table>
<tr><th>सि.नं.</th><th>सडकको नाम</th><th>WBM गरेको कार्यको भुक्तानी रकम</th></tr>
<tr><td>१.</td><td>बोहराटार धिताल थोक सडक</td><td>१२१५३५.८३</td></tr>
<tr><td>२.</td><td>किर्तिपुर सागलटोल हुदैं सल्यानथान जाने सडक</td><td>१०२३२६.४३</td></tr>
<tr><td>३.</td><td>कपन माइक्रोबसपार्क एकतावस्ती सडक</td><td>८७९७०.०५</td></tr>
<tr><td>४.</td><td>सतुङ्गल विष्णुदेवी बल्खु मुलखुसी टौदह सडक</td><td>१८२४७९.७५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>४९४३१२.०६</td></tr>
</table>
यसरी WBM को कार्य गराई छाडनुमा कार्यालयले लागत अनुमान तयार गर्दा ध्यान नपुर्याउनु र बजेट विनियोजन भएको आधारमा लागत अनुमान तयार गर्नु नै प्रमुख कारण रहेको देखिन्छ । कार्यालयले लागत अनुमान तयार गर्दा WBM कार्य को मात्र लागत अनुमान तयार गरि कार्य गराई भुक्तानी दिएकोमा पिच गर्नुपर्ने अवस्थामा पुन WBM को कार्य गर्नुपर्ने हुदां सरकारी खर्च दोहोरो पर्न जाने हुन्छ । तसर्थ कार्यालयले लागत अनुमान तयार गर्दा ध्यान नुपर्याएको कारणले अधुरो कार्य भएको र सरकारी व्ययभार थप पर्न जाने देखिएको हुदां नियमानुशारको कार्य भए गरेको नदेखिएको रु .
<br><br>
मू.अ. कर सम्बन्धमा - मूल्य अभिवृद्धिकर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । निम्न भौचर र मितिवाट निम्न फर्महरुले कर विजक नम्वरमा पोतेर सच्चाई अर्को विजक नम्बर लेखिएको र कर विजक केरमेट गरि जारि गरेको कर विजकवाट निम्नानुसार भुक्तानी लिएको पाईयो ।
<table>
<tr><th rowspan="2">गौ.भौ नं.र मिति</th><th rowspan="2">निर्माण व्यवसायीको नाम</th><th colspan="3">भुक्तानी</th></tr>
<tr><th>रकम</th><th>मु.अ.कर</th><th>जम्मा</th></tr>
<tr><td>१८।०६९।३।२९<br>१५५।०६९।३।२९</td><td>शिवपुरी निर्माण सेवा,काठमाडौं (५०००३५६९४)<br>सरोकार निर्माण सेवा</td><td>२४३५०२.३०<br>३४०७४३.५१</td><td>३१६५५.३०<br>४४२९६.६०</td><td>२७५१५७.६०<br>३८५०४०.११</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५८४२४५.८१</td><td>७५९५१.९</td><td>६६०१९७.७१</td></tr>
</table>
मूल्य कर दर्ता भएको व्यक्तिले रितपूर्वकको बिजक पेश नगर्नु र भुक्तानी दिनेले पनि सही रुपमा कर बिजक एकीन नगरी भुक्तानी दिनु यसका कारण रहेका छन् । जसले गर्दा उक्त कर बिजक पेश गर्ने फर्म मु.अ.करमा दर्ता भएको भन्ने आधार एकीन हुन सकेन र उसले लिएको मू.अ.कर सरकारी कोषमा जम्मा भएको छ भन्ने आधार समेत किटान गर्न सकिएन । रितपूर्वकको कर बिजक जारी नगरी मु.अ.कर समेत भुक्तानी लिएको रकमको मु.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.
</td><td>४९४३१२/०६<br><br><br><br><br><br>७५९५१.९०</td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ६२ | ७/२०६९/३/२९ | **फ्रिज सम्बन्धमा -** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३३(क) मा फ्रिज नहुने वजेट शिर्षक प्रत्येक वर्ष महालेखा नियन्त्रक कार्यालयले तोकि दिने व्यवस्था छ। त्यसरी फ्रिज नहुने भनी तोकेको उपशिर्षकहरुको हकमा वाहेक साल तमाम हुनुभन्दा कम्तीमा साल दिन अगाडी नै सम्वन्धित कार्यालयले भुक्तानी दिनुपर्ने रकमहरु भुक्तानी दिई आर्थिक कारोवार वन्द गर्नुपर्नेछ। यसरी आर्थिक कारोवार वन्द गरेपछि निकासा र खर्चको लेखा अद्यावाधिक गरी बाँकी रहेको रकम सम्वन्धित कार्यालयले समन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विद्युत विकास कार्यक्रममा प्राप्त भएको बजेट रु.७८,००,०००।- मध्ये खर्च गरि बर्षान्तमा बाँकी रहेको रु.५९,१५,०००।- फ्रिज नहुने आन्तरिक कोष खातामा ट्रान्सफर गरेको देखियो । यस विषयमा स्थानीय विकास मन्त्रालयबाट राजस्व बाँडफाँडको रकम भएकोले फ्रिज नहुने भनि लेखि आएबाट आन्तरिक कोष खातामा ट्रान्सफर गरेको कार्यालयको भनाई रहेको छ। केन्द्रिय बजेट मार्फत निकासा भई बर्षान्तमा बाँकी रहेको रकम फ्रिज हुने वा नहुने कुराको निरुपण महालेखा नियन्त्रक कार्यालयले गर्दछ । महालेखा नियन्त्रक कार्यालयबाट माथि उल्लेखित कार्यक्रमको रकम फ्रिज नहुने भनि लेखी आएको देखिदैन । यसरी फ्रिज गर्नु पर्ने शीर्षकको रकमलाई फ्रिज नहुने खातामा ट्रान्सफर गर्दा संचित कोषको रकम न्युन हुन जान्छ। यसविषयमा महालेखा परीक्षकको विगतको बार्षिक प्रतिवेदन उपर सार्वजनिक लेखा समितिमा छलफल हुँदा खर्च गरी बाँकी रकम संचित कोष दाखिला गर्ने भनि निर्णय भएकोले उक्त ट्रान्सफर गरेको रकम संचित कोष दाखिला गर्नुपर्ने रु. | ५९,१५,०००।- | | |
| ६३ | | **योजना प्राथमिकिकरण -** आयोजनाको प्रस्ताव,छनौट एवं स्वीकृती जनसहभागितामा आधारित विकास कार्यक्रम संचालन निर्देशिका २०६८ को वुदां ६.१,६.२ ,र ६.३ मा यस कार्यक्रम अर्न्तगत आयोजना कार्यान्वयन गर्न चाहने आयोजनाबाट प्रत्यक्ष लाभान्वीत हुने समुदायले आपसि भेला एवं छलफलद्धारा आयोजनाको पहिचान र प्रस्ताव तयार गरी जिल्ला विकास समिति । नगरपालिका समक्ष पेश गर्नुपर्ने र जि.वि.स./नगरपालिकाले प्रस्तावहरुको प्राथमिकिकरण गरी तोकिएको समय मंसिर १५ गते भित्र मन्त्रालयमा पेश गर्नुपर्ने व्यवस्था छ। त्यस्तै जि.वि.स. । नगरपालिकाबाट प्राथमिकिकरण गरि मन्त्रालयमा पेश गरेका आयोजनाहरु मध्यवाट कार्यक्रम छनौट एवं निर्देशन समितिले कार्यान्वयनको लागि योजना छनौट गर्ने प्रावधान रहेको छ।<br><br>जनसहभागितामा आधारित विकास कार्यक्रम (३६५८१२३) तर्फबाट यो वर्ष यस कार्यक्रम अन्तर्गत ३९ वटा योजनाहरु भै रु.२,१९,००,०००।०० अख्तियारी प्रदान गरिएको र रु.२,०८,६४,४९७।०० खर्च भई अधिकाशं योजना सम्पन्न भएका छन् । तर जि.वि.स.मा लाभग्राहि वर्गले आयोजना पहिचान र प्रस्ताव तयार गरि जि.वि.स.मा पेश गरेका तथा जि.वि.स.ले प्राथमिकिकरण गरि छनौट एवं स्वीकृतिको लागि तोकिएको समय सिमा भित्र मन्त्रालयमा पठाएको रेकर्ड एवं आयोजनाहरुको विवरण देखिएन । जसले गर्दा आयोजनाको प्राथमिकिकरण हुने नगरेको र मन्त्रालयले पहुंचका आधारमा व्यक्तिले पेश गरेका आयोजनाहरु छनौट गर्ने गरेका कारण योजना छनौट प्रक्रिया त्रुटिपुर्ण रहेको देखिएको छ। यसो हुनुमा जि.वि.स.ले निर्देशिकाको प्रावधान अनुसार आयोजनाको प्राथमिकिकरण गरी तोकिएको समयमा मन्त्रालयमा पठाउनु पर्ने आफ्नो जिम्मेवारीलाई ख्याल नगरेको र | | | |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>मन्त्रालयले जि.वि.स.बाटै प्राथमिकिकरण भै औपचारिक रुपमा प्रस्तावित योजनाहरु छनौट हुनुपर्ने निर्देशिकाको प्रावधानको वेवास्ता गरेको प्रमुख कारणहरु रहेका छन ।<br><br>योजनाको प्राथमिकिकरण नगरिदा र त्रुटिपुर्ण तवरले छनौट गर्दा ति योजनाहरुबाट अधिक जनताको चाहाना एवं अपेक्षा बमोजिमको लाभ हासिल नहुन सक्छ र आयोजना प्रभावकारी नहुन पनि सक्छ । यसर्थ योजनालाई प्रभावकारी बढाउन निर्देशिकामा उल्लेखित प्रावधानहरु पुर्णरुपमा पालना गरीनु आवश्यक छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>६४</td><td></td><td><u>भैपरि एव्म प्रशासनिक खर्च</u> - जनसहभागितामा आधारित विकास कार्यक्रम संचालन निर्देशिकाको बुदां नं.६.६ मा आयोजना कार्यान्वयन गर्दा स्वीकृत रकमको १ प्रतिशत रकम प्राविधिक तथा भैपरी खर्चमा छुट्याउन सकिने प्रावधान छ ।<br><br>कार्यालयले आयोजना कार्यान्वयन गर्दा स्वीकृत रकमको ३ प्रतिशत रकम प्राविधिक तथा भैपरी खर्चको लागि छुट्याई विभिन्न भौचरबाट रु.६१४०९०।०० खर्च गरेको छ । १ प्रतिशतले हुने रु.२०८६४४।९७ भन्दा वढि भएको रु.४०५४४५।०० नियमानुसार देखिएको छैन । निर्देशिकाको प्रावधानहरु प्रति दृष्टि नपुर्याएको कारण यसो हुन गएको हो । जसले गर्दा भैपरी एवं प्रशासनिक खर्च वढि हुन गयो । यसर्थ नियम निर्देशिका को प्रावधानहरु ख्याल गरि सोहि बमोजिम खर्च गरिनुपर्छ । अत् उपरोक्तानुसारको वढि खर्च नियमित हुनुपर्ने देखिएको रु.</td><td>४,०५,४४५/-</td><td></td><td></td></tr>
<tr><td>६५</td><td></td><td>योजना सम्पन्न अवधि - जनसहभागितामा आधारित विकास कार्यक्रम संचालन निर्देशिकाको बुदां नं.१२ मा चालु आर्थिक वर्ष भित्रै सम्पन्न हुन सक्ने खालका आयोजनालाइ प्राथमिकिकरण गरी स्वीकृती दिनुपर्ने र जुन आर्थिक वर्षको लागि योजना छनौट गरिएको हो सो को दायित्व अर्को वर्षमा सार्न नसकिने कुरा उल्लेख छ ।<br><br>कार्यालयले यस कार्यक्रम अन्तर्गत अख्तियारी प्राप्त बजेट फिज नगराउने उद्धेश्यले असार १५ मा आयोजना सम्पन्न गरिसक्नु पर्ने भनि उपभोक्ता समितिसंग सम्झौता गरिएको तर सो अवधिसम्म भएको कार्यको कुनै प्रगति समेत नहेरी निम्न मितिमा निम्न उपभोक्ता समितिलाई आयोजनामा विनियोजित सम्पुर्ण बजेट पेश्कीको रुपमा उपलव्ध गराई बजेट खर्च देखाएको छ ।<br>
<table>
<tr><th>सि.नं.</th><th>उपभोक्ता समितिको नाम</th><th>पेश्की रकम</th></tr>
<tr><td>१.</td><td>नागेश्वर तथा वाणेश्वर महादेव व्यवस्थापन समिति</td><td>२२५०००.००</td></tr>
<tr><td>२.</td><td>पुरानो गुहेयश्वरी मा.वि.</td><td>७४३३००.००</td></tr>
<tr><td>३.</td><td>नागेश्वर तथा वाणेश्वर महादेव व्यवस्थापन समिति</td><td>१२३००००.००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२१९८३००.००</td></tr>
</table>
<br>कार्यालयले यसरी पेश्की दिनुमा नियमको कार्यान्वयनमा कमजोरीपना देख्न सकिन्छ । यसरी नियमको प्रावधान विपरित पेश्की दिदाँ कार्यान्वयनमा समस्या पर्दछ भने पेश्की लिने प्रचलन वढन सक्दछ । तसर्थ कार्यालयले नियमावली विपरित पेश्की दिने प्रथा वन्द गर्नु पर्दछ ।</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| ६६ | १७०६९।३।२९ | **प्रमाण कागजात -** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १३३ मा उपभोक्ता समुह तथा लाभग्राही समुदायले गरेको निर्माण कार्यको मुल्याकंन र नापी किताबको आधारमा किस्ता भुक्तानी दिने तथा अन्तिम कार्यसम्पन्न फाराम र नापी किताबको आधारमा अन्तिम किस्ता भुक्तानी दिने व्यवस्था छ ।<br><br>उपेक्षित उत्पीडित दलितवर्ग उत्थान कार्यक्रम (३६१०६३) तर्फबाट रेनुका दुलाल प्रतिक्षालय निर्माण,तिनथाना कार्यको लागि दलित उत्थान तथा जागरण मंचसंग सम्झौता भएको र निजले पेश गरेका विभिन्न विल भपाईको आधारमा रु.७७,९००।०० भुक्तानी दिई खर्च लेखाकंन गरेको छ । तर उक्त कार्यको नापंजाचं र कार्य सम्पन्न प्रतिवेदन जस्ता कागजप्रमाण श्रेस्तासाथ नरहेकोले सम्झौता अनुसारको काम भए नभएको यकिन हुन सकेन ।<br><br>यसो हुनुमा सानो योजना भएकोले त्यति महत्व नदिएको देखिएको छ । जसको प्रभाव कार्य सम्पन्न भए नभएको जानकारी नै भएन । यसर्थ जति नै सानो योजना किन नहोस त्यसको रित प्रक्रिया पुर्याई खर्च सदुपयोग भएको आश्वस्तता दिलाउनुपर्दछ । अत् नापंजाचं र कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने देखिएको रु. | ७७,९००/- | | |
| ६७ | २।०६९।२।२८ | **शान्ति प्रकृया सहयोग -** यो आयोजना अन्तर्गत रु.२५०००।०० बजेट अख्तियारी प्राप्त भई शोभा श्रेष्ठलाई राहत सहयोग उपलब्ध गराई निकासा , खर्च जनाईएको छ । निजलाई सो सहयोग उपलब्ध गराउने सम्बन्धमा भएको निर्णय प्रति उपलब्ध हुन सकेन ।<br><br>निर्णयको प्रति नहुंदा नहुंदा राहत पाउनुपर्नाको आधारहरु स्पष्ट नहुने हुदां उक्त खर्चको सान्दर्भिकता पुष्टि हुदैंन । यसर्थ जुन उद्धेश्यको लागि बजेट अख्तियारी प्राप्त भएको हो सोही उद्धेश्यको लागि रकम खर्च भएको भन्ने पुष्ट्याईको लागि पनि निर्णय प्रति श्रेस्ता साथ राख्न जरुरी छ । अत राहत सहयोग उपलब्ध गराउने सम्वन्धमा भएको निर्णय प्रतिलिपि पेश गर्नुपर्ने देखिएको रु. | २५०००/- | | |
| | | **सामाजिक सुरक्षा कार्यक्रम** | | | |
| ६८ | | जनगणना २०५८ का अनुसार काठमाडौं जिल्लाको कुल जनसंख्या १०८१८४५ रहेकोमा हाल सामाजिक सुरक्षाको भत्ता वितरण वार्षिक सरदर ११२५१७ छ । उक्त जनगणनालाई आधार लिदा हाल सामाजिक सुरक्षा भत्ता पाउने संख्या लगभग १०.४० प्रतिशतको हाराहारीमा रहेको पाइयो । यो वर्ष नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत यस जिल्लामा रु.११,२७,९२,०००।०० बजेट विनियोजन भएकोमा रु.११,२५,१६,६००।०० निकासा तथा खर्च भएको श्रेस्ताबाट देखिन्छ । | | | |
| ६९ | | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६५ को बुदा नं ९ (च) ४ मा प्रत्येक चौमासिकमा भुक्तानी गरेको रकमको भपाई भुक्तानी गरेको ७ दिन भित्र पेश्की फछ्र्यौटको लागि जिल्ला विकास समितिमा पठाउनु पर्ने | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | र बुँदा नं.९(च)५ मा जिल्ला विकास समितिले रकम निकासा दिंदा अघिल्लो किस्तामा निकासा भई भुक्तानी गर्न बांकी रहेको रकम कटाएर मात्र निकासा दिनुपर्ने उल्लेख छ । तर जिल्ला विकास समितिले गाविसहरुलाई यस आ.ब.को प्रथम किस्ता रु.३०७०५२००।- दिदा अधिल्लो आब.को रु.३,२०,६८,०००।०० पेश्कि फछ्र्यौट नगरी पुनः पेश्की दिएको छ ।<br><br>यसरी अगिल्लो पेश्की फछ्र्योट नगरी पुनः पेश्की दिनुमा कार्यविधिको पालनामा सम्बन्धित निकायको ध्यान नजानु, समयमा भत्ता वितरण नगर्नु प्रमुख कारण रहेको पाईन्छ । जसले गर्दा पेश्की फछ्र्योट नगर्ने प्रवृत्ति बढ्ने, समयमा लक्षित समूहले भत्ता पाउन नसक्ने, सामाजिक सुरक्षा वापतको रकम कार्यालयको (गाविस) खातामा मौज्दात राख्ने र उक्त रकम केही समयको लागि अन्यत्र लगानी गरी लक्षित समूह भन्दा अन्य व्यक्तिले व्यक्तिगत फाईदा लिन सक्ने सम्भावना रहन्छ । अतः सामाजिक सुरक्षा वापत निकासा भएको रकम सम्बन्धित लक्षित समूहलाई समयमै वितरण गरी सो को विल भरपाई तोकिएको समयमै जिविसमा पेश गरी पेश्की फरफारक गरी कार्यविधिको पालना गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्दछ । | | | |
| ७० | | **भत्ता वितरण -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६५ को बुदा नं.९(ख) मा गाउँ विकास समिति/नगरपालिकाको सचिवले यस कार्यक्रम वापत प्राप्त भत्ता बृत्ति रकम परिचय पत्र प्राप्त गरेका सम्बन्धित व्यक्तिहरुलाई आ-आफ्नो क्षेत्रमा प्रथम चौमासिकमा बडा दशै पूर्व आश्विन १ गते दोश्रो चौमासिकमा माघ १२ गते र तेश्रो चौमासिकमा जेष्ठ १५ गते भुक्तानी दिनुपर्ने छ भनि उल्लेख भएको छ । जिल्ला विकास समितिले अन्तरगतका गाविस/न.पा.मा मिति २०६८।६।४ गतेदेखि ०६९।३।१७ गते सम्म सामाजिक सुरक्षा वापतको रकम रु.११,२५,१६,६००। निकासा दिएकोले कार्यविधिको व्यवस्थाको पालना भएको छैन । तोकिएको समयमा भत्ता बृत्ति रकम वितरण हुन नसक्नुमा केन्द्रबाट नै समयमा रकम निकासा नहुनु प्रमुख कारण रहेको छ । जसले गर्दा लक्षित उद्देश्यले भत्ता बृत्ति गर्न खोजिएको हो सो अनुरुप लक्षित व्यक्तिले भत्ता पाउने समय र रकम सम्बन्धमा पूर्वानुमान गरी ढुक्कसंग बस्न नसक्ने अवस्था सिर्जना हुन जाने देखिन्छ । अतः कार्यविधिले व्यवस्था गरेको समयमा भत्ता बृत्ति वितरण गरी लक्षित समुहलाई पूर्ण रुपमा आश्वस्त बनाउन समयमै बजेट निकासा दिने र वितरण गर्ने प्रणालीको अवलम्बन गर्नु जरुरी देखिन्छ । | | | |
| ७१ | | **मूल अभिलेख खाता -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६५ को बुंदा नं.११(३) ख मा भत्ता बृत्ति वितरण कार्यलाई पारदर्शि र सुनिश्चित गर्नको लागि जिल्ला विकास समितिको कार्यालयले गाविस/न.पा.मा आर्थिक बर्षमा भत्ता बृत्ति पाउने लक्षित समुहको नामावली अनुसूची १२ अनुसारको ढाँचामा चालु आ.व.को आश्विन महिना भित्र पुस्तकको रुपमा प्रकाशित गरी सम्बन्धित गाविस/न.पा., जिल्ला स्थिति संघ संस्था, जिल्लास्तरका राजनैतिक कार्यालयहरु, स्थानीय विकास मन्त्रालय, बालबालिका तथा समाज कल्याण मन्त्रालय र सम्बन्धित मन्त्रालयहरुमा अनिवार्य रुपमा वितरण गर्नुपर्ने व्यवस्था उल्लेख छ । जिल्ला विकास समितिले अनुसूची १२ अनुरुप भत्ता बृत्ति पाउने लक्षित समुहको नामावली सहितको विवरण भरी पुस्तकको रुपमा तयार गरी | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | प्रकाशित गरेको पाइएन । भत्ता बृत्ति पाउने व्यक्तिको नागरिकता संकलन गरी घट्ने र बढ्नेको संख्या एकीन गरी अभिलेख अद्यावधिक गर्ने कार्यमा सम्बन्धित सरोकारवाला व्यक्तिहरुको चाँसो नजानु यसको प्रमुख कारण रहेको छ । जसले गर्दा भत्ता बृत्ति पाउने व्यक्ति वास्तविक रुपमा भत्ता बृत्ति पाउन योग्य छ छैन सो एकीन गर्न नसकिने, भत्ता बृत्ति रकमको दुरुपयोग हुने सम्भावना रहन्छ । अत: मूल अभिलेख विवरण प्रकाशित गरि मुल अभिलेख खाताका सम्पूर्ण महल अद्यावधिक रुपमा भरी भत्ता बृत्ति प्राप्त गर्ने व्यक्तिको विवरण यथार्थ बनाई वितरण र भुक्तानी प्रकृयालाई पारदर्शि र वस्तुनिष्ट बनाउन सम्बन्धित निकायले ध्यान दिनुपर्दछ । | | | |
| ७२ | | **पेश्की फछ्यौट सम्वन्धमा :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (१) म पेश्की लिनु पर्दा कामको निमित्त के कती रकम चाहिने सो को विवरण पेश गर्नु पर्ने नियम १८२ (२) मा अधिकार प्राप्त अधिकारीले सम्वन्धित कामको लागि आवश्यक पर्ने भन्दा वढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन तथा गैर कर्मचारीको हकमा त्यस्तो व्यक्तिको तीन पुस्ते, स्थायी र अस्थायी ठेगाना समेत स्पष्ट लेखी पेश्की दिनुपर्ने, नियम १८२(३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । त्यस्तै नियम १८५(२) मा पेश्की दिनुपर्ने ठेक्का कबुलियतनामा गर्दा काम तामेल हुनुपर्ने भनी तोकिएको म्याद भित्र काम तामेल नभई पेश्की बांकी रहन गएमा त्यस्तो पेश्की रकमको म्याद नाघेको मितिदेखि बार्षिक दश प्रतिशतका दरले साँवा र ब्याज समेत बुझाउनु पर्ने कुरा कबुलियतनामाको शर्तमा उल्लेख हुनुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा कार्यक्रमको आर्थिक वर्षको अन्त्यमा रु.५,४४,५५,४००।०० पेश्की बांकी रहेकोमा लेखापरिक्षण अवधि भित्र रु.४,८०,२२,८००।०० पेश्की फछ्र्योट कार्यालयले गो.भौ.नं. ५९।०६९।७२६ मा गरेको आधारमा पेश्की फछ्र्योट गरी रु.६४३२६००।०० कायम गरिएको छ । साथै नियमावलीको प्रावधान पुरा नगरी निम्न संघ संस्था, व्यक्तिहरुलाई केन्द्रिय शिर्षकका कार्यक्रमहरुबाट निम्नानुसार पेश्की दिएको पाईयो । | | | |

| सि.नं. | पेश्की लिनेको नाम | पेश्की रकम | बजेट उपशिर्षक | बजेट उपशिर्षकको नाम |
|---|---|---|---|---|
| १ | नाङ्लेभारे गा.वि.स. | ८२२४०० | ३६५०१५३ | सामाजिक सुरक्षा कार्यक्रम |
| २ | सुन्टोल गा.वि.स. | ९३७६०० | ३६५०१५३ | सामाजिक सुरक्षा कार्यक्रम |
| ३ | ईन्द्रायणी गा.वि.स. | ७२१८०० | ३६५०१५३ | सामाजिक सुरक्षा कार्यक्रम |
| ४ | बुढानिलकण्ठ गा.वि.स. | १४९३८०० | ३६५०१५३ | सामाजिक सुरक्षा कार्यक्रम |
| ५ | मनमैजु गा.वि.स. | १६२६६०० | ३६५०१५३ | सामाजिक सुरक्षा कार्यक्रम |
| ६ | छैमले गा.वि.स. | ८३०४०० | ३६५०१५३ | सामाजिक सुरक्षा कार्यक्रम |
| | **जम्मा** | ६४३२६००/- | | |

| सि.नं. | पेश्की लिनेको नाम | पेश्की रकम | बजेट उपशिर्षक | बजेट उपशिर्षकको नाम |
|---|---|---|---|---|
| १ | सोल्टी दोबाटो रामकोट सडक उ.स.सितापाईला १ | १६१०००.०० | ३६५८०८३ | स्था.यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम |
| | **जम्मा** | १६१००० | | |

| सि.नं. | पेश्की लिनेको नाम | पेश्की रकम | बजेट उपशिर्षक | बजेट उपशिर्षकको नाम |
|---|---|---|---|---|

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको विवरण</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>तोक्पेगोला समाज सेवा</td><td>७६०००.००</td><td>३६५८२८३</td><td>निर्वाचन क्षेत्र विकास कार्यक्रम</td></tr>
<tr><td>२</td><td>नेपाल तामाङ्ग गुम्वा सेवा</td><td>२४०००.००</td><td>३६५१०१३</td><td>गुम्वा व्यवस्था तथा विकास समिति</td></tr>
<tr><td>३</td><td>नागेश्वर तथा वाणेश्वर महादेव व्यवस्थापन समिति</td><td>२२५०००.००</td><td>३६५८१२३</td><td>जनसहभागितामा आधारित विकास कार्यक्रम</td></tr>
<tr><td>४</td><td>पुरानो गुहेयश्वरी मा.वि.</td><td>७४३३००.००</td><td>३६५८१२३</td><td>जनसहभागितामा आधारित विकास कार्यक्रम</td></tr>
<tr><td>५</td><td>नागेश्वर तथा वाणेश्वर महादेव व्यवस्थापन समिति</td><td>१२३००००.००</td><td>३६५८१२३</td><td>जनसहभागितामा आधारित विकास कार्यक्रम</td></tr>
<tr><td>६</td><td>थानकोट खानेपानी उ.स.</td><td>८७३०००.००</td><td>३६५८१२३</td><td>जनसहभागितामा आधारित विकास कार्यक्रम</td></tr>
<tr><td>७</td><td>छ घरे अपाङ्ग बस्ती</td><td>२४०००.००</td><td>३६५१०६३</td><td>उपेक्षित उत्पिडित दलित वर्ग उत्थान</td></tr>
<tr><td>८</td><td>शिवपुरी निर्माण सेवा</td><td>२०६६५०.००</td><td>३३७१०७४</td><td>केन्द्रीय स्तरका सडक</td></tr>
<tr><td>९</td><td>चापागाई चोक कुमालटार सडक</td><td>४८५०००.००</td><td>३३७१०७४</td><td>केन्द्रीय स्तरका सडक</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३८८६९५०.००</td><td></td><td></td></tr>
</table>
ढिलो गरी बजेट खर्च गर्ने अख्तियारी प्राप्त हुने, आर्थिक बर्षको अन्त्यतिर आएर योजना सम्झौता हुने र पेश्की फछ्र्योट नगर्ने व्यक्ति, संघ, संस्थालाई नियमावलीको प्रावधान अनुसार कारवाही नहुनाले तोकिएको समयमा पेश्की फछ्र्योट नगरी आलटाल गर्ने प्रवृत्तिले पेश्की रकममा बृद्धि भएको देखिन्छ । समयमा पेश्की फछ्र्यौट नगर्ने प्रवृत्तिले तोकिएको समयमा योजनाहरु सम्पन्न नहुने, लक्षित समयमा काम नगरी सरकारी रकम व्यक्तिले आफ्नो साथमा राखी प्रयोग गर्ने तथा बेरुजुको प्रतिवेदनमा समेत कार्यालयको फछ्र्योट गर्न बांकी पेश्की रकमले ठूलो हिस्सा ओगटेको देखिन्छ । आगामी दिनमा कानूनले तोके अनुसार प्रयोजन र कारण सहित पेश्की दिने, समयमै फछ्र्योट गर्न ताकेता गर्ने जस्ता उपायहरु अवलम्बन गरी पेश्कीको मात्रा घटाउने तर्फ सम्बन्धित निकायको ध्यान जानु पर्नाको साथै उल्लेखित पेश्की नियमानुसार फछ्र्योट हुनुपर्ने रु.</td><td>१,०४,८०,५५०/-</td><td></td><td></td></tr>
<tr><td>७३</td><td></td><td>आन्तरिक लेखापरिक्षण – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२ (१) अनुसार जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गर्नुपर्ने व्यवस्था छ ।</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | यस जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण आन्तरिक लेखापरीक्षण शाखाले गरेको छ । अन्तिम लेखापरीक्षण हुंदा आन्तरिक लेखापरीक्षण प्रतिवेदनले पेश्की बेरुजु मात्र औंल्याएकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म सो पेश्की फछ्र्यौट गरेको पाईएन । आन्तरिक लेखापरीक्षण शाखाबाट आय-व्यय र धरौटीको श्रेस्ता मासिक रुपमा लेखापरीक्षण गर्नुपर्नेमा चौमासिक रुपमा लेखापरीक्षण गरी बार्षिक रुपमा प्रतिवेदन दिने गरेको पाइयो । | | | |
| | | जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षकले गा.वि.स.को र विकेन्द्रित कार्यालयको पनि आन्तरिक लेखापरीक्षण समेत जि.वि.स. कै लेखापरीक्षकवाट हुने हुंदा कार्यवोझको कारणले समयममै आ.ले.प. गर्न नसक्नु, आ.ले.प.का कर्मचारीहरुलाई प्रभावकारी तालिमको व्यवस्था नहुनु जस्ता कारण रहेको देखिन्छ । | | | |
| | | आन्तरिक लेखापरीक्षकले प्रभावकारी लेखापरीक्षण गरी सो को प्रतिवेदन दिन नसक्दा आर्थिक प्रशासनमा अपेक्षाकृत सुधार हुन सकेको देखिएन । | | | |
| | | नियमको प्रावधान अनुरुप मासिक रुपमा लेखापरीक्षण गर्ने, सो को प्रतिवेदन दिने र प्राप्त प्रतिवेदनको आधारमा भएका कमी कमजोरीलाई सुधार गर्ने तर्फ आन्तरिक लेखापरीक्षकको साथै सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ । अन्तिम लेखापरीक्षण हुंदासम्म आन्तरिक लेखापरीक्षण प्रतिवेदन मा समावेश निम्न व्यहोरा उपर कारबाही भएको पाइएन । | | | |
| | | क) ढुंगेधारा खानेपानी मुहान चुनिखेललाई रु. १४५१।०० कर कट्टी गरी रु. १४८५४९।०० भुक्तानी गरिएकोमा मिति २०६९।२।२२ को स्वीकृत इष्टमेट रकम जोड गर्दा रु. २२९७९२।९२ हुन्छ तर इष्टमेट अंक रु. १८९६७१।३७ मात्र देखाई इष्टमेट गरिएको पछि मूल्यांकन गर्दा पनि इष्टमेटको रकम रु. २२९७९२।९२ भएको मूल्यांकन रु. २१४४८८।४९ मात्र भएकोले इष्टमेट भन्दा मूल्यांकन कम भएको हुँदा वढी भुक्तानी रु. ९९९०।१४ नौहजार नौ सय चौध पैसा) असुल उपर गर्नुपर्ने । | ९९९०।१४ | | |
| | | ख ) जिल्ला प्रांविधिक कार्यालयलाई मासिक भत्ता लेखिएको छ । निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट कुन के को आधारमा भत्ता खुवाएको हो ? जिल्ला विकास समितिको कर्मचारी प्रशासन सम्वन्धी विनियम २०६४ को परिच्छेद १ को उप विनियम १.२ क अनुसार परिच्छेद ४ को उप विनियम ४.१ को स्थानीय निकाय ( आर्थिक प्रशासन) जि.वि.स.को स्वीकृत दरवन्दीलाई मात्र भत्ता खुवाउन सकिने व्यवस्था भए अनुरुप जिल्ला प्राविधिक कर्मचारीहरुलाई के को आधारमा खुवाएको हो स्पष्ट पार्नुपर्ने | | | |
| | | ग) महिला तथा वालवालिका कार्यालयलाई रु. १८००००।०० पे.फ. गरी रु. १२००००।०० भुक्तानी गरिएकोमा कार्यक्रमको प्रस्तावना र विल भरपाई संलग्न गरी खर्च नियमित गर्नुपर्ने । | १८००००।०० | | |
| | | घ) शिवपुरी निर्माण सेवालाई रु. १२१७५।०० धरौटी रु. ३६५३।०० कर कट्टी रु. २४४।०९ निर्माण व्यवसायी कर कट्टी गरी रु. २५९०८५।०० भुक्तानी गरिएकोमा मिति ०६९।३।५ को कार्य आदेश अनुसार कीर्तिपुर | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

नगाउ हुँदै चिखुवा जाने सडक ढल ग्राभेल गर्न रु. ४८४८८५।९० भ्याट समेतको कार्य गर्न आदेश भएकोमा भ्याट समेत रु. २७५१५७६० कार्य गरेकोमा नापी किताव संलग्न नभएको ।

आन्तरिक लेखापरीक्षण प्रतिवेदन माथि सबै बुदाको कारबाही गर्न समय कम रहेको मुख्य कारण रहेको पाइएको छ । प्रतिवेदनको कारवाही यथाशिघ्र नगरीदा हुनसक्ने सुधारहरु नहुने अवस्था रहने गर्दछ । आन्तरिक लेखापरीक्षण प्रतिवेदन माथी आवश्यक कारवाहि गरी फ्छ्यौट गर्नु पर्दछ ।

७४

**स्थलगत अवलोकन निरिक्षण –** जिल्ला विकास समिति,काठमाडौं र जिल्ला प्राविधिक कार्यालय ,काठमाडौं समेतका प्राविधिक तथा लेखाका कर्मचारीहरुसंग निम्न लिखित योजनाहरुको स्थलगत निरिक्षणमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्

| सि.नं. | आयोजनाको नाम | लागत अनुमान | लगत श्रोत |
|---|---|---|---|
| १ | सांखु शालीनदी पक्की पुल निर्माण | १,८९,३६ | स्थानीय यातायात पुर्वाधार |
| २ | सांखु पालुवारी नगरकोट सडक निर्माण | ६३,५८ | स्थानीय यातायात पुर्वाधार |
| ३ | आदिवासी जनजाती महिला सामुदायिक भवन निर्माण | ९,७२ | जि.वि.स.अनुदान |
| ४ | कुमारचोक खानेपानी योजना | ६,०७ | ग्रामिण खानेपानी |
| ५ | मंगलोदय मा.वि.थानकोट | ११,५० | विभिन्न निकायको लगानीको अंश समावेश । |
| ६ | प्रभात मा.वि.भवन | ५०० | विभिन्न निकायको लगानीको अंश समावेश । |
| ७ | बिष्णुदेवी शिक्षा सदन मा.वि. | ५,०० | विभिन्न निकायको लगानीको अंश समावेश । |
| ८ | हनुमान मन्दिर निर्माण, नैकाप | १०० | मन्दिरमा ढोका हाल्नका लागि लगानी गरेको देखिन्छ । |
| ९ | चम्पादेबी उच्च मा.वि.भवन निर्माण | १६,०० | विभिन्न निकायको लगानीको अंश समावेश । |
| १० | चामुण्डा उच्च मा.वि.जोरपाटी | ४,८५ | विभिन्न निकायको लगानीको अंश समावेश । |

(क) योजना तर्जुमा गर्दा निकायगत समन्वय एवं जिम्मेवारी बाडफाँड गरी कार्य संचालन गर्नु पर्दछ । उल्लेखित ५ वटा विद्यालय भवन निर्माणमा जिल्ला विकास समितिले समेत कार्य सञ्चालन गरेको र सोही कार्यमा अन्य विभिन्न निकायले कार्य गरेको देखियो । जसबाट जिल्ला विकास समितिको लगानीबाट गरेको काम मात्र नछुट्टिने भई फिल्डमा कामको भिडान गर्न असुविधा भएको छ । साथै सबै लगानी कर्ताको छुट्टा छुट्टै मूल्यांकन गरेको कारण के कुन कार्य कुन निकायबाट नापजाँच भई भुक्तानी भएको छ छुट्टिने स्थिति रहेको छैन । एकभन्दा बढी निकाय अन्तर्गत बजेट विनियोजन गर्ने गरेको र आफ्नो लगानीको मात्र मूल्याँकन गरेको कारण यस्तो भएको देखिन्छ । एउटै निर्माण कार्यका विभिन्न निकायबाट काम गराउने कार्यालयहरु बीचमा समन्वयको अभाव देखिएको छ । यसबाट निर्माण कार्य कुन निकायले कति गरेको हो यकिन हुन सकेको छैन । अतः एकमुष्ठ मूल्याँकन तथा निकायगत समन्वय एवं जिम्मेवारी बाडफाँड गरी गर्नु पर्दछ ।

ख) सांखु शालीनदी पक्कीपुल निर्माण कार्यको मु.अ.कर सहित रु.१८९३६०१२।१० मा मिति २०६९।१।२२ मा

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|
| | | कार्य सम्पन्न गर्ने गरि महालक्ष्मी । कडेंल। बि.एन.सि.जे.भि.संग सम्झौता भई मिति २०६८।१२।२७ मा कार्यादिश भई ठेकेदार कम्पनीले पुल निर्माण कार्यको सुरुआत गरेपछि स्थानीयहरुसंग नदीको बहाबक्षेत्रको बारेमा विवाद उत्पन्न भई वि.सं.२०२१ सालको नापीले कायम गरेको नदीको बहाब क्षेत्रलाई आधार मानि शालीनदिमा पक्की मोटरवल पुल निर्माण कार्य हाल चालु अवस्थामा रहेको पाइयो । उक्त पलको विस्तृत सम्भाव्यता अध्ययन,ड्राइङ्ग,डिजाइनिक तथा लागत अनुमान तयार गरी ठेक्काको अवस्थासम्म पनि कुनै विवाद नभई आयोजनास्थलमा पुल निर्माणको आयोजना शुरु भएपछि स्थानीय बासिन्दाबाट पुरानो नापीका आधारमा नदीको बहाब क्षेत्रका बारेमा विवाद भएको र हाल खोलाको वहाव क्षेत्र बाहिर पुल निर्माण भईरहेको देखिन्छ ।<br><br>पूर्व निर्धारित स्थानबाट वि.स.२०२१ सालको नापीको आधारमा कायम नदिको बहाब क्षेत्रमा पुल निर्माण गर्ने निर्णय भै सोहि बमोजिम ड्रइङ्ग डिजाइनिङ्ग समेतमा परिमार्जन गरेको भनिएता पनि हाल निर्माणधिन पुलको जग्गा नै स्थलगत निरिक्षणका क्रममा स्थानीय बासिन्दा आफ्नो नम्बरी जग्गा रहेको निरिक्षण टोलीलाई बताएका थिए । उक्त पुल निर्माण सम्पन्न गर्दा पुलको एप्रोच रोड निर्माणमा समेत विवाद सिर्जना हुने अवस्था रहनुका साथै शालीनदीमा मिसिन आउने नजिकैको गणेश खोल्सा र खहरेका साथै नदी फर्काउनका लागि लामो तटवन्ध निर्माण गर्नुपर्ने देखिन्छ । यसरी विवादस्पद आयोजना स्थलको बाह्य प्रभावका आधारमा छनौट गर्दा हाल भै रहेको स्थानीय निकायको लगानीको सही सदुपयोग हुन नसक्नुका साथै उक्त पुर्वाधारको भविष्यमा सुरक्षित र दिगो रुपमा स्थानीयबाट प्रयोग गर्नका लागि विभिन्न संरचनाका लागि ठुलो परिमाणमा थप लगानी गर्नुपर्ने अवस्था देखिएकोले यस पक्कीपुल निर्माणको आयोजना छनौटलाई विवेक सम्मत मान्न सकिने देखिएन् ।<br><br>  | | | |

| सि.नं. | भौ.नं.र मिति | विवरण | रकम | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|---|

ग) सांखु पालुवारी नगरकोट सडक निर्माणको स्थलगत निरिक्षण्को क्रममा पालुवारी स्टोर्स छेउमा चेनेज ३ +२४७ मा २ मिटर सानो ड्राइवाल निर्माण गरिएको र सो ड्राइवाल बाटोको सतहभन्दा ३० से.मी.तल रहेकोले ड्राइवाललाई बाटोको तहसम्मको बनाउनुपर्ने दखिन्छ ।

घ) आदिवासी जनजाती महिला सामुदायिक भवन ,घुमारचोक,बज्रयोगिनी को आ.व.०६८।०६९ मा रु. ८०००००।०० जि.वि.स.अनुदानबाट उपभोक्ता समितिलाई उपलव्ध भई कार्य सम्पन्न भएको छ । स्थलगत निरिक्षणका क्रममा उपभोक्ता समितिका सदस्य समेतको उपस्थिति रहेको थियो । कार्य सम्पन्न भई भुक्तानी भएको उक्त भवन झ्यालका सिसा खापामा सिसाहरु जडान नगरि समुहका सदस्यको घरमै राखेको तथा भवन निर्माण भएको जग्गाको स्वामित्व खुलेको पाइएन ।

(ङ) स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६४ मा एउटा योजना एउटै खरिद सम्झौताद्धारा सम्पन्न गर्ने गरी लागत अनुमान तयार गर्नुपर्ने कानुनी व्यवस्था छ । कार्यालयले मितेरी मार्ग (बाडभन्ज्याङ्ग २,३,१ हुदैं दहचोक पुरानो नैकाप स्युचाटार जोड्ने सडक ) चेनेज नं.०+१०० र ०+३०० को रु.१३७७८३१।३० र ३०३३८४१।०० लागत भएका एउटा चेनेज एल.जी.सि.डि.पी.र अर्को चेनेज जि.वि.स.अनुदानवाट लागत व्यहोर्ने गरी दुईवटा लागत अनुमान तयार गरेको छ । उक्त कार्यको दुईवटा चेनेजका दुईवटा नापंजाचं तथा कार्य सम्पन्न प्रतिवदेनको आधारमा निम्न भौचरबाट अन्तिम विल भुक्तानी भएको छ ।

| चेनेज | योजनाको लागि विनियोजन | लागत अनुमान सम्झौता रकम | नापी कार्यसम्पन्न प्रतिवेदन अंक | खर्च एवं भुक्तानी |
|---|---|---|---|---|
| ०+१०० | ११०००००/- | १३७७८३१/- | १३७८६१३ | ११००००० |
| ०+३०० | २५०००००/- | ३०३३१४१/- | ३०६०९१५ | २५००००० |
| | | **जम्मा** | **४४३९५२८** | **३६०००००** |

उक्त सडकको बाँण भञ्ज्याङ्ग दहचोक खण्ड अन्तर्गत चेनेज नं. ं.१ +७५० देखि ४ +१५० सम्म सडक चौडा गर्ने कार्य गरेको भनी १९८० घनमिटिर को रु.११४,८४०। भुक्तानी दिएकोमा उक्त भुक्तानी कुन स्थानको कार्यको लागि भएको हो नापी किताबमा नापजाँच गरेको चेनेजको क्षेत्र नखुलाई एकमुष्ट रुपमा राखेको देखिन्छ । नापी गरको सो को योगफलबाट जम्मा काम ननिकाली अन्दाजका भरमा कामको परिमाण समावेश गरी भुक्तानी दिएको कारण यसरी विस्तृत नाप बेगर राखेको परिमाणको लागि भुक्तानी हुन गएको पाइन्छ । यसबाट कामको बिश्वासनीयता कम हुन पुग्दछ । यसरी स्पष्ट नापजाँच बेगर भएको भुक्तानी रकम असूल गर्नु पर्ने देखिएको रु.

रकम: १,१४,८४०।